# पहिलो परिच्छेद

## परिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक बालकृष्ण समसम्बन्धी अध्ययन परम्परा रहेको छ ।

### १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्रको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको आवश्यकता पूरा गर्नु रहेको छ ।

### १.३ विषय परिचय

बालकृष्ण सम (१९५९-२०३८) नेपाली साहित्यिक क्षेत्रका बहुमुखी प्रतिभा हुन् । उनले नेपाली नाटकका क्षेत्रमा माध्यमिककालीन नाट्यप्रवृत्तिलाई तोड्दै आधुनिककालको प्रारम्भ गरेका हुन् । परिष्कारवादी धारामा आधारित रहेर नाटक रचना गर्ने समले नात्कका अतिरिक्त कथा, कविता, निबन्ध, प्रबन्ध, जीवनी आदि क्षेत्रमा कलम चलाएका छन् । विविध विधामा कलम चलालएता पनि यिनको मुख्य योगदान भने नाटकको क्षेत्रमा रहेको छ । यिनको प्रथम प्रकाशित दुःखान्त नाटक 'मुटुको व्यथा' (.१९८६) हो । समका पूर्णाङ्की र एकाङ्की नाटक गरी लगभग दुई दर्जन जति नाटक, एक दर्जन कथा, दुई लामा कविता (आगो र पानी, चिसो चुल्हो) प्रकाशित भइसकेका छन् र आत्मजीवनी ग्रन्थका रूपमा र अन्य अनगिन्ति फुटकर लेखहरू पत्रपत्रिकामा प्रकाशित रहेका छन् ।

नेपाली साहित्यका सर्वश्रेष्ठ नाटककार बालकृष्ण समले विभिन्न कृतिहरू प्रकाशित गरी नेपाली साहित्यको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका छन् । विभिन्न विद्वान् तथा लेखकहरूले उनका बारेमा विभिन्न कृति तथा फुटकर लेखहरू प्रकाशित गरी बालकृष्ण समसम्बन्धी अध्ययन परम्पराको थालनी र विस्तार गरेका छन् । प्रस्तुत शोधपत्रमा २०४१ सालभन्दा यता २०६६ सालसम्म बालकृष्ण समका बारेमा लेखिएका विभिन्न पुस्तकाकार कृति, फुटकर लेखहरू र शोधकार्यहरूको कालक्रमिक रूपमा तिनको अध्ययन प्रस्तुत गरिएको छ ।

### १.४ समस्या कथन

प्रस्तुत शोधका समस्याहरू निम्नलिखित रहेका छन्:

१. २०४१ सालदेखि २०६६ सालसम्म समसम्बन्धी पुस्तकाकार (समालोचना) रूपमा गरिएका अध्ययनको प्रक्रिया कसरी अगाडि बढेको छ ?

२. उक्त अवधिमा बालकृष्ण समसम्बन्धी पत्र पत्रिकामा भएका अध्ययनको परम्परा कुन रूपको छ ?

३. उक्त अवधिमा बालकृष्ण समसम्बन्धी शोधकार्यमा भएका अध्ययनको स्थिति के कस्तो रहेको छ ?

## १.५ शोधको उद्देश्य

प्रस्तुत शोधपत्रको उद्देश्य बालकृष्ण समसम्बन्धी अध्ययन परम्परामा देखापरेका समस्याहरूको समाधान गर्नु रहेको छ । यो शोधकार्य निम्नलिखित उद्देश्यको प्राप्तिमा केन्द्रित रहेको छः

१. २०४१ सालदेखि २०६६ सालसम्मका बालकृष्ण समसम्बन्धी पुस्तककार (समालोचना) रूपमा गरिएका अध्ययनको कालक्रमिक विवरण र तिनको विवेचना गर्नु ।

२. उक्त अवधिमा बालकृष्ण समसम्बन्धी पत्रपत्रिकामा भएका अध्ययन परम्परालाई कालक्रमिक रूपमा उल्लेख र विवेचना गर्नु ।

३. उक्त अवधिमा बालकृष्ण समसम्बन्धी शोधकार्यमा भएका अध्ययनहरूको कालक्रमिक रूपमा विवेचना गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

बालकृष्ण समसम्बन्धी अध्ययन परम्परामा विभिन्न लेखक तथा विद्वानहरूले व्यक्तिगत र संस्थागत रूपमा बालकृष्ण समका विषयमा अध्ययन र शोधखोज गर्दै आएका छन् । समसम्बन्धमा २०४१ सालपछि २०६६ साल सम्म गरिएका अध्ययनहरूको विवरण कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

गोपीकृष्ण शर्माद्वारा लेखिएको 'अवलोकन र विवेचन' (२०४४) पुस्तकमा 'मुकुन्द-इन्दिरा'मा देशप्रेम' शीर्षकको लेख प्रकाशित रहेको छ । प्रस्तुत लेखमा शर्माले बालकृष्ण समको 'मुकुन्द-इन्दिरा' नाटकको मूल कथ्य देशप्रेमको भावना रहेको र देशप्रेमको भावना तीव्र पार्ने मौलिक नाटकको रूपमा उक्त नाटकलाई लिन सकिने टिप्पणी गरेका छन् ।

केशवप्रसाद उपाध्यायले साझा प्रकाशनद्वारा २०४५ सालमा 'समको दुःखान्त नाट्य चेतना' कृति प्रकाशित गरेका छन् । प्रस्तुत कृतिमा उपाध्यायले दुःखान्त नाट्यमान्यतालाई प्रस्तुत गर्दै समले दुःखान्त नाटकका क्षेत्रमा गरेका योगदान र उनका दुःखान्त नाटकहरू 'मिलिनद', 'अन्धवेग', 'मुटुको व्यथा' 'प्रेमपिण्ड', 'तानसेनको झरी', 'स्वास्नीमान्छे', 'भीमसेनको अन्त्य' र 'रणदुल्लभ' जस्ता नाटकहरूको विश्लेषण गरेका छन् ।

मीरादेवी धितालले 'बालकृष्ण समका सामाजिक सुखान्त नाटक' शीर्षकमा २०४६ सालमा शोधकार्य गरेकी छिन् । यसमा धितालले नाटककार समको परिचय दिँदै समका संयोगान्त नाटकहरू 'मुकुन्द-इन्दिरा', 'म', 'तलमाथि' र 'अमितवासना'को विश्लेषण गरी सामाजिक संयोगान्त नाटकमा समका योगदानको उल्लेख गरेकी छिन् ।

कृष्ण गौतमले 'आधुनिक आलोचना, अनेक रूप, अनेक पठन' नामक पुस्तक २०५० सालमा साझा प्रकाशनद्वारा प्रकाशित गराएका छन् । उक्त पुस्तकमा गौतमले १५ आलोचनासम्बन्धी आन्दोलनका विचारहरूको चित्र प्रस्तुत गर्दै यिनैका आधारमा बालकृष्ण समको 'प्रल्हाद' नाटकको पठन प्रस्तुत गरेका छन् ।

रघु घिमिरेद्वारा रचना गरिएको पुस्तक 'सृजना र दृष्टि' (२०५१) मा 'आगो र पानी' खण्डकाव्यको पूर्वरूप 'स्वर्ग र देवता' शीर्षकको लेख प्रकाशित रहेको छ । प्रस्तुत लेखमा घिमिरेले समको 'आगो र पानी' खण्डकाव्यको पूर्वरूप 'स्वर्ग र देवता' कवितामा पाउन सकिने कुरा उल्लेख गरेका छन् ।

केशवप्रसाद उपाध्यायद्वारा लेखिएको 'अमरसिंह' र 'भीमसेनको अन्त्य' नाटकको तुलनात्मक अध्ययन शीर्षकको लेख **गरिमा** (२०५१) मा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा उपाध्यायले बालकृष्ण समको ऐतिहासिक नाटक 'अमरसिंह' र 'भीमसेनको अन्त्य' नाटकको तुलनात्मक रूपमा अध्ययन गरेका छन् ।

'नेपाली साहित्यमा एकाङ्कीको विकास र रणदुल्लभ एकाङ्कीको विषयमा संक्षिप्त चिन्तन' शीर्षकको लेख खेम दाहालद्वारा लेखिएको हो । त्यो लेख **गरिमा** (२०५१) पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा दाहालले एकाङ्कीको स्वरूप र यसको विकासको चर्चा गर्दै बालकृष्ण समद्वारा लेखिएको ऐतिहासिक विषयवस्तुमा आधारित रहेको 'रणदुल्लभ' एकाङ्कीको विश्लेषण गरेका छन् ।

मोहनहिमांशु थापाद्वारा लेखिएको 'बालकृष्ण समपूर्वको नाट्यकला' शीर्षक लेख **मिर्मिरे** (२०५१) पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा थापाले समपूर्वको नाट्यकला रूपान्तरण र अनुवाद परम्परामा आधारित रहेको र समपूर्वका नेपाली नाट्यकलामा पूर्वीय, पाश्चात्य र लोक नाट्यतत्त्वको प्रभाव रहेको उल्लेख गरेका छन् ।

केशवप्रसाद उपाध्यायद्वारा लेखिएको 'समका तीन अपूर्ण नाट्यकृति' शीर्षकको लेख **गरिमा** (२०५३) पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा उपाध्यायले बालकृष्ण समद्वारा लेखिएका तीन अपूर्ण नाट्यकृति 'अज','पहिलोप्रेमपिण्ड' र 'स्वामी महाराजा'को चर्चा गरेका छन् ।

नरेन्द्र प्रसाई र इन्दिरा प्रसाईले बालकृष्ण सम फाउण्डेशनद्वारा २०५४ सलमा 'एउटा अमर प्राज्ञ बालकृष्ण सम' भन्ने कृति प्रकाशित गरी समसँग नेपाली स्रष्टाहरूको के-कस्तो र घनिष्टता थियो र समका आनी बानी चालचलन र आचारण कस्तो थियो भन्ने बारेमा विभिन्न स्रष्टाहरूले समसँग गरेका अनुभवलाई उल्लेख गरेका छन् ।

'बालकृष्ण सम र उनका तीन कविता' शीर्षकको लेख शैलेन्दुप्रकाश नेपालद्वारा लेखिएको 'पारख प्रयत्न' (२०५५) पुस्तकका प्रकाशित रहेको छ । प्रस्तुत लेखमा नेपालले समका तीन कविता 'स्वर्ग र देवता', 'नमस्कार नमस्कार संसार' र 'मेरो नुहाउने कोठा' कविताको चर्चा गरेका छन् ।

**कुञ्जिनी** (२०५५) पत्रिकामा प्रकाशित रहेको 'ज्ञान र विज्ञानको समन्वय प्रल्हाद नाटकमा कि भूमिकामा' शीर्षकको लेख दीपकप्रकाश सिवाकोटीद्वारा लेखिएको हो । प्रस्तुत लेखमा समको पौराणिक कथावस्तुलाई लिएर लेखिएको 'प्रल्हाद' नाटकको भूमिकामा ज्ञान र विज्ञानको समन्वय हुनुपर्छ भनी उल्लेख गरेता पनि 'प्रल्हाद' नाटकमा त्यो भेट्न नसकिने विचार सिवाकोटीले व्यक्त गरेका छन् ।

शेषनाथ पौड्यालले 'प्रेमपिण्ड नाटकको विश्लेषण र मूल्याङ्कन' शीर्षकको शोधकार्य २०५६ सालमा सम्पन्न गरेका छन् । पौड्यालले प्रस्तुत शोधपत्रमा समको परिचय दिँदै नाटकपरम्पराको उल्लेख गरेका छन् र नाटकीय तत्त्वहरूका आधारमा दुःखान्त नाट्यचेतनाको विश्लेषण गर्दै 'प्रेमपिण्ड' नाटकको कृतिपरक अध्ययन गरेका छन् ।

हरिप्रसाद पाण्डेले 'मुटुको व्यथा' नाटकको कृतिपरक अध्ययन' शीर्षकको शोधपत्र २०५८ सालमा तयार पारेका छन् । प्रस्तुत शोधपत्रका शोधार्थी पाण्डेयले नेपाली नाटकको

उद्भव र विकासको चर्चा गर्दै समको व्यक्तित्व र कृतित्त्वबारे टिप्पणी गरेका छन् । पाण्डेयले नाटकीय तत्त्वहरूको आधारमा 'मुटुको व्यथा' नाटकको विश्लेषण गरेका छन् ।

सन्तोष कार्कीले २०५९ मा 'मुकुन्द इन्दिरा' नाटकको कृतिपरक अध्ययन' गरेका छन् । प्रस्तुत शोधपत्रमा कार्कीले समका बारेमा सामान्य परिचय दिँदै नाटकको उद्भव विकास र नाटकको परिभाषा प्रस्तुत गरेका छन् । उनले नाटकीय तत्त्वहरूका आधारमा 'मुकुन्द-इन्दिरा' नाटकको विश्लेषण गरेका छन् ।

'स्वास्नीमान्छे' नाटकको कृतिपरक अध्ययन' शीर्षकको शोधपत्र बुद्धिराम अधिकारीले २०५९ सालमा तयार पारेका हुन् । प्रस्तुत शोधपत्रमा अधिकारीले नाट्कको सैद्धान्तिक स्वरूप, पूर्वीय र पाश्चात्य नाट्यतत्त्व र नाट्यशिल्पहरूको चर्चा गर्दै बालकृष्ण समको अभिव्यञ्जनावादी शैलीमा लेखिएको 'स्वास्नीमान्छे' नाटकलाई सैद्धान्तिक र नाट्यतत्त्वका आधारमा विश्लेषण गरेका छन् ।

दयाराम मैनालीले 'अमरसिंह नाटकको कृतिपरक अध्ययन' शीर्षकको शोधपत्र २०५९ सालमा तयार पारेका हुन् । प्रस्तुत शोधपत्रका मैनालीले नाटकको सैद्धान्तिक स्वरूपको चर्चा गर्दै बालकृष्ण समको ऐतिहासिक नाटक 'अमरसिंह' लाई विविध कोणबाट अध्ययन र विश्लेषण गरेका छन् ।

'प्रेमपिण्ड'को चलचित्रात्मक अध्ययन' शीर्षकको शोधपत्र माधव प्रसाद ढुङ्गेलद्वारा २०६० सालमा तयार पारिएको हो । प्रस्तुत शोधपत्रमा ढुङ्गेलले चलचित्र-सिद्धान्तलाई प्रस्तुत गर्दै प्रेमपिण्ड नाटकको चलचित्रात्मक रूपको अध्ययन गरेका छन् । 'प्रेमपिण्ड' नाटकका केही दृश्यहरूमा थपघट गरी निर्माण गरिएको प्रस्तुत चलचित्र नेपाली भाषाको गौरवमय चलचित्रका रूपमा रहेको टिप्पणी गरेका छन् ।

**समकालीन साहित्य** पत्रिकामा कुमारप्रसाद कोइरालाद्वारा लेखिएको 'समको नाटकमा द्वन्द्वको स्वरूप' शीर्षकको लेख प्रकाशित रहेको छ । प्रस्तुत लेखमा कोइरालाले नाटकमा द्वन्द्वको महत्त्वको चर्चा गर्दै समका प्रायजसो नाटकहरूमा द्वन्द्व सशक्त रूपमा प्रयोग भएको भदै समका विभिन्न नाटकहरूमा प्रयुक्त द्वन्द्वको चर्चा गरेका छन् ।

अर्जनु खनालद्वारा लेखिएको 'बालकृष्ण सम र उनका ऐतिहासिक नाटक' शीर्षकको लेख **कुञ्जिनी** (२०६१) पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा खनालले नेपाली नाट्य

साहित्यमा समको उल्लेखनीय भूमिका रहेको बताउँदै उनका ऐतिहासिक नाटकहरू ‘भक्तभानुभक्त’, ‘अमरसिंह’ र ‘भीमसेनको अन्त्य’ नाटकको चर्चा गरेका छन् ।

देवीप्रसाद सुवेदीले २०६१ सालमा ‘बालकृष्ण समको सुखान्त नाट्यकारिता’ शीर्षकको विद्यावारिधीय शोधप्रबन्ध तयार पारेका छन् । प्रस्तुत शोधप्रबन्धमा सुवेदीले समको जीवनी, नाट्यकारिता र सुखान्त नाट्यमान्यताको चर्चा गर्दै समका सुखान्त नाट्ययात्रालाई विभिन्न चरणहरूमा विभाजन गरी ती प्रत्येक चरणका सुखान्त नाटकहरूको चर्चा गरेका छन् ।

‘ऊ मरेकी छैन’ नाटकको कृतिपरक अध्ययन’ शीर्षकको शोधपत्र पद्मप्रसाद निरौलाद्वारा २०६२ सालमा तयार परिएको हो । प्रस्तुत शोधपत्रमा निरौलाले नाटकका सिद्धान्तहरू प्रस्तुत गर्दै समको पौराणिक कथावस्तुलाई लिएर रचना गरिएको ‘ऊ मरेकी छैन’ नाटकको विश्लेषण गरेका छन् । प्रस्तुत नाटक समको पहिलो प्रयोगधर्मी नाटकको रूपमा रहेको निरौलाले टिप्पणी गरेका छन् ।

रामचन्द्र पोखरेलले २०६३ सालमा ‘बालकृष्ण समको ऐतिहासिक नाटकको विश्लेषण’ शीर्षकको विद्यावारिधीय शोधप्रबन्ध तयार पारेका छन् । प्रस्तुत शोधप्रबन्धमा पोखरेलले ऐतिहासिक नाटकको सैद्धान्तिक स्वरूपको चर्चा गर्दै बालकृष्ण समका ऐतिहासिक नाटकहरू ‘भक्तभानुभक्त’, ‘अमरसिंह’, ‘मोतीराम’, ‘भीमसेनको अन्त्य’ नाटकको विश्लेषण गरेका छन् ।

हंसपुरे सुवेदीद्वारा लेखिएको ‘महान् कवि बालकृष्ण सम’ शीर्षकको लेख गरिमा (२०६४) पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा सुवेदीले समको कवि व्यक्तित्वको चर्चा गर्दै समको प्रथम सिर्जना कविता विधाबाट नै सुरु भएको र उनले परिष्कारवादी धारामा आधारित रही कविता रचना गरेको टिप्पणी गरेका छन् ।

यसरी अहिले सम्मको समयावधिलाई हेर्दा उनका बारेमा विभिन्न कृतिहरू प्रकाशित हुनुका साथै विभिन्न उनको नाट्यकारिताको पनि चर्चा गरिएको छ । साथै विभिन्न शोधार्थीहरूद्वारा लेखिएका फुटकर लेखहरू र उनको कृतिहरूका बारेमा शोधकार्य सम्पन्न भएका छन् । यसरी समका सम्बन्धमा गरिएका उक्त केही अध्ययन कार्यहरूलाई पूर्वकार्यको समीक्षाअन्तर्गत राख्न सकिन्छ ।

## १.७ शोधकार्यको औचित्य

नेपाली साहित्यमा नाटकका क्षेत्रमा समको विशेष योगदान रहेको छ । उनका बारेमा फुटकर तथा पुस्तकाकार कृति एवं शोधमूलक अध्ययन निरन्तर रूपमा भइ आएको छ । समको अध्ययन परम्परासम्बन्धी विभिन्न खोज अनुसन्धान हुनुका साथै उनका बारेमा विभिन्न समालोचकहरूद्वारा लेखिएका कृतिहरूलाई एकत्रित गरी कालक्रमिक रूपमा प्रस्तुत गर्नु र २०४१ सालपछि २०६६ सम्म भएका सामग्रीको खोज गरी प्रस्तुत गर्नु नै यस शोधपत्रको औचित्य रहेको छ ।

## १.८ शोधपत्रको सीमाङ्कन

प्रस्तुत शोधपत्र नेपाली साहित्यजगत्का महान् प्रतिभा बालकृष्ण समको विषयमा केन्द्रित रही २०४१ सालदेखि २०६६ सालसम्मका बालकृष्ण समका सम्बन्धमा लेखिएका लेखरचना, ग्रन्थ र अध्ययन अनुसन्धानात्मक कृतिहरू यस अध्ययनका सीमाक्षेत्रको विषय रहेका छन् र पत्रपत्रिकाहरूका विशेषाङ्कमा प्रकाशित महत्त्वपूर्ण ठानिएका लेखहरूको विवेचना गरी कतिपय लेखहरूको सूची मात्र उल्लेख गरिएको छ । यही अवधि नै प्रस्तुत शोधको सीमा हो । प्रस्तुत शोधपत्रमा यस अवधिमा भएका सम्पूर्ण लेख रचनाहरूलाई समावेश गरिएको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधपत्रमा सामग्रीसङ्कलन गर्ने पद्धतिअन्तर्गत पुस्तकालयीय पद्धतिको प्रयोग गरिने छ भने सङ्कलित सामग्री विश्लेषण गर्ने ढाँचा ऐतिहासिक विश्लेषणात्मक तथा विवरणात्मक रहको छ ।

## १.१० शोधपत्रको रूपरेखा

शोधपत्र व्यवस्थित एवं सङ्गठित गर्नको लागि प्रस्तुत शोधपत्रको रूपरेखा निम्नबमोजिम रहेको छ ।

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : २०४१ सालदेखि २०६६ सालसम्मका समसम्बन्धी पुस्तककार कृतिहरूको कालक्रमिक विवरण र तिनको विवेचना

तेस्रो परिच्छेद : २०४१ सालदेखि २०६६ सालसम्मका समसम्बन्धी पत्रपत्रिकामा प्रकाशित लेखरचनाहरूको कालक्रमिक विवरण र तिनको विवेचना

चौथो परिच्छेद : उक्त अवधिमा भएका समसम्बन्धी शोधपरक अध्ययनको सर्वेक्षण र विवेचना

पाँचौ परिच्छेद : शोध निष्कर्ष र उपसंहार

# दोस्रो परिच्छेद

## बालकृष्ण समसम्बन्धी पुस्तकाकार कृति र पुस्तकभित्र सङ्कलित लेखहरूको अध्ययन सर्वेक्षण

विभिन्न पुस्तकाकार कृतिहरूमा बालकृष्ण समसम्बन्धी विभिन्न समलोचकहरूले विभिन्न अध्ययनहरू गर्दै आइरहेको पाइन्छ । यस परम्पराहरूमा सममै केन्द्रित पुस्तकहरू प्रकाशित भएका छन् भने अन्य विभिन्न विषयक पुस्तकहरूमा पनि समको विविध पक्षलाई लिएर अध्ययन भएको पाइन्छ । यस शोधपत्रको अध्ययनको क्षेत्र २०४१ देखि २०६६ सालसम्मको समयवधि रहेको हुँदा यस परिच्छेदमा २०४१ सालपछि २०६६ सालसम्मका समका सम्बन्धमा अध्ययन गरिएका पुस्तककार कृति र पुस्तकभित्र सङ्कलित लेखहरूको अध्ययन गरी सर्वेक्षणात्मक विवेचना कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

**हिरामणि शर्मा पौड्याल, 'समालोचनाको बाटोमा', प्रकाशक इन्दिरा शर्मा, पौड्याल, चितीपानी, २०४१, (प्र.सं.) पृ. २८५-२८९ ।**

हिरामणि शर्मा पौड्यालद्वारा लेखिएको 'समको 'म' नाटक एक द्वन्द्वात्मक अनुशीलन' शीर्षकको लेख **समालोचनाको बाटो**मा पुस्तकमा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा पौड्यालले नाट्यसम्राट् बालकृष्ण समद्वारा लेखिएको 'म' नाटक भित्रको द्वन्द्वको चर्चा गरेका छन् । प्रस्तुत लेखमा नारी समाजका निम्ति गम्भीर चुनौतीका रूपमा विद्यमान वैवाहिक समस्यालाई यस नाटकमा देखाउन खोजिएको कुरा पौड्यालले उल्लेख गरेका छन् । समले विवाहित पत्नीको उपेक्षा गर्दै अन्य आइमाईसँगको सम्बन्धमा लहसिनु वा आफ्नो दायित्व र कर्तव्यभिमुख पात्रलाई पतिव्रता धर्म र सतीत्वको कलिला हतियारद्वारा कसरी सत्मार्गमा ल्याउन सकिन्छ भन्ने कुरालाई देखाउने प्रयास गरेको टिप्पणी पौड्यालले गरेका छन् । यस नाटकका मूल चरित्र इन्द्रवीर र तिनको आफ्नै अन्तःसंस्कार र बाहिरी देखावटी रूपहरूका असामजस्य र अमिल्दोपन नै यस नाटकको मूल द्वन्द्व रहेको पौड्यालले उल्लेख गरेका छन् ।

**गार्गी, केही समीक्षा, प्रकाशक भागीरथ काफ्ले, क्षेत्रपाटी काठमाडौं: २०४१, (प्र.सं.) पृ. ६१-६५ ।**

गार्गीद्वारा लेखिएको **केही समीक्षा** नामक पुस्तकमा 'चिसो चुल्हो' हेर्दा' शीर्षकको लेख प्रकाशित रहेको छ । प्रस्तुत लेखमा गार्गीले बालकृष्ण समद्वारा लेखिएको 'चिसो चुल्हो' महाकाव्यको विश्लेषण गरेकी छिन् । देवकोटाको सुलोचना महाकाव्यबाट महाकाव्यीय परम्परामा क्रान्तिको जुन वीजारोपण भएको थियो त्यसलाई फुकाउने र विकसित गराउने

काम 'चिसो चुल्हो' महाकाव्यबाट भएको गार्गीले टिप्पणी गरेकी छिन् । प्रस्तुत लेखमा 'चिसो चुल्हो' महाकाव्यलाई समको प्रयोगधर्मी महाकाव्यको रूपमा लिन सकिने र यसलाई विशुद्ध सामाजिक र मौलिक कथावस्तु सिर्जना गरी लेखिएको गार्गीले उल्लेख गरेकी छिन् । यसमा नेपाली समाजको गरिबीलाई देखाउनुका साथै नेपाली कलाकारको ह्रास र विविध धर्म दर्शनसम्बन्धी कुराहरूलाई पनि देखाइएको गार्गीले टिप्पणी गरेकी छिन् । त्यसैले लेखकले समको 'चिसो चुल्हो' महाकाव्यलाई बौद्धिक महाकाव्यको रूप दिदै जीवनोन्मुख संघर्षरहित बौद्धिक काव्य भनी टिप्पणी गरेकी छिन् । गार्गीले यसलाई महाकाव्य भन्नु भन्दा सफल ज्ञानकोश भन्न सकिने कुरा उल्लेख गरेकी छिन् ।

**गोपीकृष्ण शर्मा, अवलोकन र विवेचन, रत्नपुस्तक भण्डार, भोटाहिटी, २०४४** (प्र. सं.) **पृ. ४७-५३ ।**

गोपीकृष्ण शर्माद्वारा लेखिएको **अवलोकन र विवेचन** पुस्तकमा 'मुकुन्द इन्दिरामा देशप्रेम' शीर्षकको लेख प्रकाशित रहेको छ । प्रस्तुत लेखमा शर्माले बालकृष्ण समद्वारा लेखिएको 'मुकुन्द इन्दिरा' नाटकभित्र रहेको देशप्रेमको भावनाको चर्चा गरेका छन् । शर्माले समको साहित्यिक पृष्ठभूमिको चर्चा गर्दै उनका प्रकाशित पूर्णाङ्की तथा एकाङ्की नाटकहरू उल्लेख गरेका छन् । शर्माले समको नाट्यप्रवृत्तिको चर्चा गर्दै उनको सामाजिक विषयवस्तुमा आधारित रहेर लेखिएको 'मुकुन्द इन्दिरा' नाटकको संरचना पनि उल्लेख गरेका छन् । शर्माले नाटकको मूल कथ्य देशप्रेम रहेको बताउँदै प्रस्तुत नाटकमा पुत्रमोह, मित्रप्रति कर्तव्यपालन र पतिभक्तिका पक्षहरूलाई देशप्रेमकै गर्भमा राखेर यसलाई नै मूल आधार बनाई चर्चा गरेका छन् । प्रस्तुत नाटकमा समले आफ्नो देशभक्तिका भावनाहरू भवदेव पात्रको सिर्जना गरी उसकै माध्यमबाट व्यक्त गरिएको कुरा लेखकले बताएका छन् । प्रस्तुत नाटकमा नेपाल छाडेर विदेशिनुपर्दाको पीडालाई देखाउँदै विदेशिएका नेपालीलाई स्वदेश फर्कन, आह्वान गरेको शर्माले टिप्पणी छन् । यसरी 'मुकुन्द इन्दिरा' नाटकलाई देशप्रेमको भावना तीब्र पार्ने मौलिक नाटकको रूपमा लिन सकिने शर्माले बताएका छन् ।

**दधिराज सुवेदी, नेपाली वाङ्मयका विशिष्ट साधक र उनका साधनाको अभिरेखाङ्कन, प्रकाशक पूर्वाञ्चाल साहित्य प्रकाशन, विराटनगर २०४४** (प्र.सं.) **पृ. ७८-८९ ।**

**नेपाली वाङ्मयका विशिष्ट साधक र उनका साधनाको अभिरेखाङ्कन** पुस्तक दधिराज सुवेदीद्वारा लेखिएको हो । जसमा 'महामानव बालकृष्ण सम' शीर्षकको लेख प्रकाशित रहेको छ । प्रस्तुत लेखमा सुवेदीले सम राणा परिवारको सुख सुविधामा जन्मेतापनि बाजे डम्बर

शमशेरको क्रूरतापूर्ण व्यवहारले उनलाई  कोमल, नम्र भद्र र मानवतावादी बनाएको कुरा उल्लेख गरेका छन् । सुवेदीले मानव व्यवहारलाई मार्मिक ढङ्गमा लेख्ने सम प्रथम कवि, आधुनिक नेपाली नाटकका प्रर्वतकका साथै महाकाव्य परम्परामा आधुनिकताको थालनी गर्ने प्रथम महाकवि, समस्यामूलक कथाका जन्मदाता, सफल निबन्धकार, अभिनय र चित्रकलाका पारखी बहुमुखी प्रतिभा पुञ्जकारूपमा उनलाई चिनाएका छन् । समको नाट्य दर्शन पूर्वीय तथा पाश्चात्य दर्शनबाट प्रभावित रहेको सुवेदीले बताएका छन् ।

**कोशला जोशी, नेपाली साहित्यकाशका सात तारा, प्रकाशक कुमारबहादुर जोशी, २०४४ ( प्र.सं.), पृ. ४१-५१ ।**

**नेपाली साहित्यकाशका सात तारा** भन्ने पुस्तक कोशला जोशीद्वारा लेखिएको हो । उक्त पुस्तकमा जोशीले नेपाली साहित्यकाशका साततारा मध्ये बालकृष्ण सम पनि एक तारा हुन् भन्दै उनको चर्चा गरेकी छिन् । जोशीले समको पारिवारिक पृष्ठभूमिको चर्चा गर्दै पाँच वर्षकै उमेरमा श्रीपञ्चमीको दिन तिलमाधव देवकोटाद्वारा अक्षराम्भ गराइएको कुरा उल्लेख गरेकी छिन् । समको 'मुटुको व्यथा' (१९८६) प्रकाशन भएपछि विभिन्न प्रतिष्ठित साहित्यकारहरूले पनि उनको यो कृतिलाई सम्मान गरेको जोशीले टिप्पणी गरेकी छिन् । राणाहरूले उनको लेखनमा दिएको बाधा अड्चनको बाबजुद पनि उनी साहित्य लेखनतर्फ अग्रसर हुँदै राणा शासनको अन्त्य गर्न प्रयासरत रहेको जोशीले बताएकी छिन् । नेपाली साहित्यको श्रीवृद्धि र सम्बृद्धिमा महत्त्वपूर्ण योगदान गरेको र उनलाई नेपाली साहित्यका महान नाटककार र परिष्कारवादी धाराका महान् कवि मान्न सकिने जोशीले टिप्पणी गरेकी छिन् ।

**देवी शर्मा, शोध र समीक्षा, प्रकाशक नेपाली नारी साहित्य सेवा केन्द्र २०४५ (प्र.सं.) पृ. ८६-९० ।**

देवी शर्माद्वारा लेखिएको **शोध र समीक्षा** नामक पुस्तकमा 'समका नाटकमा सवल र दुर्वल नारी पात्र' शीर्षकको लेख प्रकाशित रहेको छ । प्रस्तुत लेखमा शर्माले महान् साहित्यकारहरूले नारीलाई साहित्य सिर्जनाको मूल आधार मानेको कुरा उल्लेख गरेका छन् । नाट्यसम्राट् समका सबै नाटकहरूमा नारी समस्या र तिनको भूमिका विशेष रूपमा रहेको शर्माले टिप्पणी गरेका छन् । शर्माले नारी समस्यालाई मूल बिन्दु मानेर लेखिएका समका उत्कृष्ट नाटकहरू 'मुकुन्द इन्दिरा', 'अन्धवेग', 'अमितवासना' 'म' रहेको बताएका छन् । 'मुकुन्द इन्दिरा'की नायिका इन्दिरा सहनशील, धैर्यवती शुशील र क्षमाशील पतिभक्ति नारीका रूपमा प्रस्तुत गरिएको र 'म' नाटककी नायिका प्रभालाई इन्दिरा जस्तो सती साध्वी नारीका रूपमा नदेखाई चलाख बुद्धि र बलले काम गर्ने खालको पात्रको रूपमा रहेको

शर्माले टिप्पणी गरेका छन् । शर्माले समका नाटकभित्रका सबल र दुर्वल नारीपात्रको चारित्रिक गुणलाई केलाएका छन् ।

**शिव प्रधान, बृहत समालोचना, प्रकाशक गान्तोक प्रकाशन बालुवा खानी, २०४५ (प्र.सं.) पृ. १-११ ।**

शिव प्रधानद्वारा सम्पादन गरिएको **बृहत समालोचना** नामक पुस्तकमा डा. ताना शर्माद्वारा, लेखिएको 'मुकुन्द इन्दिरा' एक घोत्ल्याई शीर्षकको लेख प्रकाशित रहेको छ । प्रस्तुत लेखमा शर्माले बालकृष्ण समको 'मुकुन्द इन्दिरा' नाटकको चर्चा गर्दै यस नाटककी नायिका इन्दिराको चारित्रिक विशेषताको वर्णन गरेका छन् । शर्माले इन्दिरा एक आदर्श, सहनशील र पतिभक्ति नारीको रूपमा रहनुका साथै ऊ आफ्नो अस्तित्व डगमगाउन नचाहने र पतिको लागि सती साध्वी बनेर बसेको बताएका छन् । अर्को तिर उनको पति मुकुन्द आधुनिक शिक्षा प्राप्त गरेको, विवाहित पत्नीको उपेक्षा गर्ने, अन्य केटीसँग यौन सम्बन्ध राख्ने र इन्दिराको सतित्व डगाउन प्रयत्नशील रहेको शर्माले टिप्पणी गरेका छन् । अन्धभक्तिका साथ लोनेको प्रतिक्षा गर्नुले दाम्पत्यजीवन सुखमय हुन नसक्ने र मुकुन्द जस्ता कयौ विदेशी रङ्गीचङ्गीमा रुमल्लिएका नेपालीहरूलाई स्वदेश फर्काई राष्ट्रप्रतिको कर्तव्यमा तल्लीन हुनुपर्ने सन्देश यस नाटकको रहेको शर्माले उल्लेख गरेका छन् ।

**केशवप्रसाद उपाध्याय, 'समको दुःखान्त नाट्यचेतना', साझा प्रकाशन पुल्चोक, २०४५ ( प्र.सं.), नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।**

केशवप्रसाद उपाध्यायद्वारा लेखिएको 'समको दुःखान्त नाट्यचेतना' नामक पुस्तकमा उपाध्यायले नाटककार बालकृष्ण समको दुखान्त नाट्य चेतनाको स्वरूपको निरूपण र उनका दुःखान्त नाटकसम्बन्धी योगदानको मूल्याङ्कन गर्ने चेष्टा गरेका छन् । समले आफ्नो नाट्य रचनाका क्रममा पश्चिमी दुःखान्त नाट्य परम्पराबाट प्रभावित रही 'मिलिनद', 'तानसेनको झरी', 'मुटुको व्यथा', 'अन्धवेग', 'प्रेमपिण्ड', 'स्वास्नीमान्छे', 'भीमसेनको अन्त्य' र 'रणदुल्लभ' जस्ता दुःखान्त नाटकहरूको रचना गरेको उपाध्यायले बताएका छन् । समको प्रायजसो नाटकहरूमा प्रणयतत्वले दुःखान्त ल्याउनमा सहयोगी भूमिका खेलेको हुँदा उनलाई प्रणयकामनाका दुःखान्तकार भन्न सकिने उपाध्यायले टिप्पणी गरेका छन् । समका दुःखान्त नाटकहरूमा दुःखान्तका निम्ति नाटककै भूमिका सर्वोपरि नहुने र एउटै व्यक्तिको मात्र दोष नभएर अनेक व्यक्तिहरूको दोषले दुःखान्त घटित हुने उपाध्यायले बताएका छन् । समका दुःखान्त नाटकहरूमा द्वन्द्वात्मक स्थितिको सिर्जना नायक वा प्रमुख चरित्रले मात्र नगरी नायकसँग सम्बन्धित अन्य व्यक्ति परिणति नियति र विश्वप्रकृतिमा अर्न्तनिहित दोषले गर्दा

द्वन्द्व सिर्जना भएको उपाध्यायले टिप्पणी गरेका छन् । उपाध्यायले समका नाटकमा आन्तरिक र बाह्य दुवै द्वन्द्वको सशक्त प्रयोग भएको बताएका छन् । उनले दुःखान्तका कारकका रूपमा ईश्वर, नियति मानवीय चरित्रदोष, सामाजिक अवस्था आदिलाई प्रस्तुत गरेको उपाध्यायले टिप्पणी गरेका छन् । सम प्राचीन ग्रिसेली परिष्कारवादी नाटयपरम्परादेखि आधुनिक अभिव्यञ्जनावादी नाट्यशैलीबाट प्रभावित रही उनले पूर्वी पश्चिमी दुवैथरी प्राचीन आधुनिक आस्तिक र नास्तिक दर्शन अथवा आध्यात्मिक र भौतिक दर्शन वा विचारको समन्वय गरी एक मानवतावादी समन्वयात्मक दर्शन तयार पारेको उपाध्यायले उल्लेख गररेका छन् । समले पाश्चात्य दुःखान्त नाटक भन्दा पृथक शैलीको परिधीय दुःखान्त नाटकको पनि रचना गरेको हुँदा उनलाई प्रयोगशील नाटककार भन्न सकिने उपाध्यायले बताएका छन् । समले आफ्नो नाट्ययात्राको पहिलो चरणदेखि लिएर अन्तिम चरणहरूका जीवनमा व्याप्त विविध दुःखान्तीय स्थितिको निरीक्षण गर्दै दुःखान्त नाट्यचेतनामा संलग्न रहेको हुँदा नेपाली दुःखान्त नाट्यकलाको प्रतिष्ठा उत्थान र चरमोत्कर्ष समबाट नै भएको उपाध्यायले टिप्पणी गरेका छन् । त्यसैले समलाई नेपाली महान् नाटककार मात्र नभनेर सर्वोच्च दुःखान्तकारका रूपमा राख्न सकिने उपाध्यायले प्रस्तुत पुस्तकमा उल्लेख गरेका छन् ।

**नेपाली कविता भाग १ (२०४८) साझा प्रकाशन, सम्पादनः डा. वासुदेव त्रिपाठी, सह प्रा. दैवज्ञराज न्यौपाने, उ.प्रा. केशव सुवेदी, पृ. १८-२६ ।**

**नेपाली कविता भाग १** पुस्तकमा बालकृष्ण सम शीर्षकको लेख प्रकाशित रहेको छ । प्रस्तुत पुस्तकका सम्पादक वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशव सुवेदी हुन् । प्रस्तुत लेखमा लेखकले समको प्रमुख पुस्तकाकार कविता कृतिहरूलाई उल्लेख गर्दै उनको जन्म शिक्षा, मृत्यु आदिको विवरण दिएको चर्चा गरेका छन् । यस लेख भित्र समको कवित्व, विशेषता र योगदानलाई चर्चा गरेको लेखकले टिप्पणी गरेका छन् । परिष्कारवादी धारामा आधारित रहेर कविता रचना गर्ने समले फुटकर कविता रचना गरेको लेखकले उल्लेख गरेका छन् । प्रस्तुत लेखमा ईश्वर रहित विकासवादी भौतिक चिन्तनभित्र आध्यात्मिक चेतनाको अभिव्यक्ति दिने समले 'आगो र पानी' खण्डकाव्य र 'चिसो चुल्हो' महाकाव्यको समेत रचना गरेको लेखकले टिप्पणी गरेका छन् । लेखकले प्रस्तुत लेखमा समका कविताहरूमा मानवतावादी अभिव्यक्ति रहनुका साथै देशभक्तिको चेतना प्रखर रूपमा रहेको कुरा उल्लेख गरेका छन् ।

**कृष्ण गौतम, आधुनिक आलोचना अनेक रूप, अनेक गठन, साभा प्रकाशन, ललितपुर, पुल्चोक, २०५० (प्र.सं.)**

कृष्ण गौतमद्वारा लेखिएको आधुनिक आलोचना अनेक रूप, अनेक गठन नामक पुस्तक साभा प्रकाशनद्वारा प्रकाशित गरिएको हो । प्रस्तुत लेखमा गौतमले १५ आलोचनासम्बन्धी आन्दोलनका विचारहरूको चित्र प्रस्तुत गर्दै तिनीहरूको आधारमा 'प्रल्हाद' नाटकको पठन प्रस्तुत गरेका छन् । उनले यो पुस्तक आलोचनात्मक आन्दोलनहरूको मानचित्र मात्र नभएर नाट्यसम्राट् बालकृष्ण समको नेपाली नाट्य साहित्यको उच्च कृति प्रल्हादको पठन पनि हो भनेका छन् । बीसौं शताब्दीमा आलोचनासम्बन्धी कैयौ गतिविधिहरूको मानचित्र तयार पार्दै तिनीहरूको निर्माणबाट पठन समेत भएको हुँदा आलोचना साहित्य नै प्रस्तुत कृतिको मूल्य रहेको गौतमले बताएका छन् । गौतमले यसमा अनेक आलोचनाका सिद्धान्तको आधारमा एउटै कृतिको पठन प्रस्तुत गरेका छन् । गौतमले प्रस्तुत कृतिलाई दुई भागमा विभाजित गरेका छन् । प्रस्तुत पुस्तकमा गौतमले यी विविध आलोचनाहरूको अर्थ प्रारम्भ, त्यससम्बन्धी दिएका विद्वानहरूका भनाइ त्यस वादसँग सम्बन्धित अन्य वादहरू र संस्कृत र नेपालीमा यसको महत्त्व आदिका आधारमा विश्लेषण गरेका छन् ।

**घटराज भट्टराई नेपाली साहित्यकार परिचय कोश, नेशनल रिसर्च एशोसिट्स काठमाडौं, २०५१ (प्र.सं.), पृ. ३१४-३१५ ।**

वासुदेव त्रिपाठीद्वारा लेखिएको **नेपाली साहित्यकार र परिचयकोश** नामक पुस्तकमा 'बालकृष्ण सम' शीर्षकको लेख प्रकाशित रहेको छ । प्रस्तुत लेखमा त्रिपाठीले नाट्यसम्राट् बालकृष्ण समको सामान्य परिचय दिदै उनलाई प्राप्त उपाधि र उनी संलग्न रहेका विविध संघ संस्थाहरूको उल्लेख गरेका छन् । त्यसैगरी त्रिपाठीले सेक्सपियरको नाट्यशैलीलाई आत्मसात् गर्दै समले सामाजिक पौराणिक र ऐतिहासिक घटना र वस्तुस्थितिलाई लिएर आफ्ना नाटक रचना गरेको टिप्पणी गरेका छन् । त्रिपाठीले समका कविता काव्य, निबन्ध र जीवनीमा दर्शन, समाज र चिन्तन र जीवनका अनुभूति भेट्न सकिन्छ भनी आफ्नो विचार व्यक्त गरेका छन् ।

**रघु घिमिरे, सिर्जना र दृष्टि, साझा प्रकाशन, पुल्चोक, ललितपुर २०५१ (प्र.सं.) पृ. १०२-१०७।**

**सिर्जना र दृष्टि** नामक पुस्तक रघु घिमिरेद्वारा रचना गरिएको हो। प्रस्तुत पुस्तकमा 'आगो र पानी' खण्डकाव्यको पूर्वरूप 'स्वर्ग र देवता'मा' शीर्षकको लेख प्रकाशित रहेको छ। प्रस्तुत लेखमा घिमिरले समको 'आगो र पानी' खण्डकाव्यको पूर्वरूप 'स्वर्ग र देवता' कवितामा भेट्न सकिने कुरा उल्लेख गरेका छन्। घिमिरेले प्रस्तुत लेखमा 'आगो र पानी' खण्डकाव्य र 'स्वर्ग र देवता' कविताका पङ्तिहरूलाई उल्लेख गर्दै यी दुवैका कतिपय प्रसङ्गहरू समान रहेको टिप्पणी गरेका छन्। 'स्वर्ग र देवता' कवितालाई नै कवि समले 'आगो र पानी' मा विस्तृत रूप दिएको कुरा घिमिरेले उल्लेख गरेका छन्। त्यसैले घिमिरेले 'स्वर्ग र देवता' कविता 'आगो र पानी'को पूर्वरूप मात्र नभई 'स्वर्ग र देवता'को विस्तृतीकरण नै 'आगो र पानी' हो भनेर उल्लेख गरेका छन्।

**ईश्वरकुमार श्रेष्ठ, नेपाली साहित्यका केही विधा, दृष्टिकोण र अभिव्यक्ति, प्रकाशक : पुस्तक सदन भक्तपुर** (२०५१), पृ. ८४-९०।

ईश्वरकुमार श्रेष्ठद्वारा लेखिएको **नेपाली साहित्य केही विधा, दृष्टिकोण र अभिव्यक्ति** नामक पुस्तकमा समको 'रणदुल्लभ' एक चिनारी शीर्षकको लेख प्रकाशित रहेको छ। प्रस्तुत लेखमा श्रेष्ठले बालकृष्ण समको ऐतिहासिक एकाङ्की 'रणदुल्लभ' को चर्चा गरेका छन्। प्रस्तुत एकाङ्कीका नायक उच्चवर्गीय सर्वगुण सम्पन्न भएर पनि परिस्थितिको उचित मूल्याङ्कन धैर्यका साथ नगरी आवेशात्मक निर्णयमा पुग्नु रणदुल्लभको चारित्रिक कमजोरी रहेको श्रेष्ठले बताएका छन्। श्रेष्ठले बीचबीचमा वीरभद्र र रणदुल्लभको भनाइलाई उल्लेख गर्दै परिस्थितिको मूल्याङ्कन गरेर कुनै गहन निर्णयमा पुग्न सक्ने क्षमता नभएको हुँदा रणदुल्लभको दुःखद अन्त्य भएको टिप्पणी गरेका छन्।

**बासुदेव त्रिपाठी, नेपाली साहित्य श्रृङ्खला, एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. थापाथली काठमाडौँ, २०५३ (प्र.स.) पृ. ३२४-३४४।**

डा. बासुदेव त्रिपाठीद्वारा लेखिएको **नेपाली साहित्य श्रृङ्खला** नामक पुस्तकमा 'ज्ञान मर्दछ हासेर रोइ विज्ञान मर्दछ' शीर्षकको लेख प्रकाशित रहेको छ। प्रस्तुत लेखमा त्रिपाठीले समका नाट्यप्रवृत्तिलाई केलाउँदै उनको 'प्रल्हाद' नाटकको चर्चा गरेका छन्। पद्य ढाँचामा रचिएको समको 'प्रल्हाद' नाटकको दोस्रो अंकको तेस्रो दृश्यबाट लिइएका प्रस्तुत पाठमा ज्ञान र विज्ञानको तुलना गरिएको त्रिपाठीले उल्लेख गरेका छन्। त्रिपाठीले यस लेखमा

पाठको दृश्य र पूर्वप्रसङ्गको चर्चा गर्दै यसको मुख्य भाव र विषयवस्तुको विश्लेषण गरेका छन् । त्रिपाठीले यस पाठको संरचना, कथनढाँचा छन्दढाँचा, भाषाशैली, पदकोटि, पदक्रम वाक्यको वनोट र अर्थ वाच्य शब्दालङ्कार र अर्थालङ्कार आदिको विश्लेषण गरेका छन् ।

**जयप्रकाश ढकाल, साहित्य र संस्कृति, प्रकाशक : जया ढकाल, शनिश्चरे झापा (२०५२) पृ. १४०-१६८ ।**

जयप्रकाश ढकालद्वारा लेखिएको 'साहित्य र संस्कृति' नामक पुस्तकमा 'विष्णुभक्त प्रल्हाद' शीर्षकको लेख प्रकाशित रहेको छ । प्रस्तुत लेखमा ढकालले बालकृष्ण समको पौराणिक नाटक 'प्रल्हाद' र यस नाटकको केन्द्रीय पात्र प्रल्हादको विष्णुप्रतिको भक्तिभावलाई चर्चा गरेका छन् । प्रस्तुत नाटकमा हिरण्यकशिपु र प्रल्हाद बीचको चारित्रिक द्वन्द्वलाई देखाउँदै प्रल्हाद ज्ञान (अध्यात्मवादी)का पक्षमा र हिरण्यकशिपु विज्ञान (भौतिकवादी)का पक्षमा उभिएको देखाई प्रल्हादलाई विजयी बनाएको ढकालले टिप्पणी गरेका छन् । प्रस्तुत नाटकमा प्रल्हादले मृत्युको सामना गर्नु परेता पनि विष्णुको नाम जप्न नछोड्ने अठोट गरेको र उनलाई विष्णुभगवानले जस्तोसुकै परिस्थितिमा पनि आफ्नो रक्षा गर्ने दृढ विश्वास राखी विष्णुभक्त बनेको कुरा ढकालले उल्लेख गरेका छन् ।

**महेश्वर न्यौपाने, साधरण नेपाली, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौँ २०५३ ( प्र.स.) पृ. १२१-१३२ ।**

महेश्वर न्यौपानेद्वारा लेखिएको **साधरण नेपाली** नामक पुस्तकमा 'एकाङ्कीकार बालकृष्ण सम' शीर्षकको लेख प्रकाशित रहेको छ । प्रस्तुत लेखमा न्यौपानेले नाटककार समले नाट्यक्षेत्रमा विविधता दिने क्रममा एकाङ्कीमा पनि नृत्यनाटक, सङ्गीतनाटक, भावनाटक र कवितानाटकको विविधता प्रदर्शन गरेको बताउँदै उनको 'बोक्सी' एकाङ्कीको विश्लेषण गरेका छन् । सामाजिक विषयवस्तु र बालमनोविज्ञानमा आधारित रहेर लेखिएको समको प्रस्तुत एकाङ्कीमा अन्धविश्वास र रुढीग्रस्त समाजको चित्रण गरिएको न्यौपानेले टिप्पणी गरेका छन् । न्यौपाने परम्परागत अन्धविश्वास र सामाजिक संस्कारले बाल मानसिकतामा परेको असर र त्यही मानसिकतामा जकडिएर बालक ढोँगी बन्दै गएको कुरा प्रस्तुत एकाङ्कीमा टिप्पणी गरेका छन् ।

**अम्बिकाप्रसाद अधिकारी, साहित्यिक समालोचना, प्रकाशक : श्रीमती लक्ष्मी अधिकारी, बानेश्वर** (२०५३) पृ. ४७-६२ ।

अम्बिकाप्रसाद अधिकारीद्वारा लेखिएको **साहित्यिक समालोचना** नामक पुस्तकमा 'मुटुको व्यथा: एक मीमांसा' शीर्षकको लेख प्रकाशित रहेको छ । प्रस्तुत लेखमा अधिकारीले समले 'मुटुको व्यथा' प्रकाशन गरी नेपाली नाट्य साहित्यका क्षेत्रमा आधुनिकताको प्रारम्भ गरेको कुरा टिप्पणी गरेका छन् । प्रस्तुत लेखमा अधिकारीले नाटकका पात्रहरूको चर्चा गर्दै प्रमुख नायकको रूपमा माधवलाई कि शनकलाई राख्ने भन्ने विषयमा विविध विद्वानहरूले टिप्पणी गरेको कुरा उल्लेख गरेका छन् । अधिकारीले प्रस्तुत नाटकमा माधव एक आदर्श प्रेमीको रूपमा रहेको र शनक कर्तव्यहीन पथभ्रष्ट चरित्रको रूपमा रहेको जानकारी दिएका छन् ।

**'एउटा अमर प्राज्ञ बालकृष्ण सम' लेख सङ्ग्रहभित्र भएका सर्वेक्षणहरू:**

एउटा अमर प्राज्ञ बालकृष्ण सम - इन्दिरा प्रसाई र नरेन्द्र प्रसाई - बालकृष्ण सम फाउन्डेशन, घट्टेकूलो अनाम नगर, काठमाडौं, २०५४ (प्र.स.)

**एउटा अमर प्राज्ञ बालकृष्ण सम** लेखसङ्ग्रह इन्दिरा प्रसाई र नरेन्द्र प्रसाईद्वारा सम्पादन गरिएको हो । यस लेखसङ्ग्रहभित्र उनीहरूले 'एउटा अमर प्राज्ञ बालकृष्ण सम' शीर्षकको लेख पनि प्रकाशित गरेका छन् । प्रस्तुत लेखमा उनीहरूले नेपाली भाषा, नेपाली संस्कृति र नेपाली परिवेशप्रति समको अपार माया, गहन भरोसा र अनुपम श्रद्धा रहेको टिप्पणी गरेका छन् । उनीहरूले समको पारिवारिक वातावरणको सामान्य चर्चा गर्दै उनले गोर्खा भाषा प्रकाशिनी समितिका अध्यक्ष पदमा कार्यरत भई राणाकालीन समयमा पनि जनता र राष्ट्रको हिंतको लागि कार्य गरेको बताएका छन् । लेखकहरूले सम राजनैतिक क्रान्तिमा सहभागी हुँदा जेल जानुपरेको र जेल मुक्त भएपछि विविध संस्थाहरूमा आवद्ध हुदै लेखन कार्यमा सक्रिय रूपमा लागि परेको कुरा उल्लेख गरेका छन् ।

**'सम अद्वितीय प्रतिभा हुनुहुन्थ्यो' केदारमान व्यथित (पूर्ववत्) ।**

**एउटा अमर प्राज्ञ बालकृष्ण सम** लेखसङ्ग्रहमा केदारमान व्यथितको 'सम अद्वितीय प्रतिभा हुनुहुन्थ्यो' शीर्षकको लेख प्रकाशित रहेको छ । प्रस्तुत लेखमा व्यथितले समलाई सफल गद्यकारका रूपमा चिनाएका छन् । व्यथितले साहित्यका विविध विधामा कलम चलाएका सम विभिन्न पुरस्कारद्वारा सम्मानित रहेको र उनले नेपाली साहित्यमा महत्त्वपूर्ण

योगदान दिएको टिप्पणी गरेका छन् । व्यथितले समजस्तो नेपाली भाषाप्रेमी र भाषाभण्डार भएका व्यक्तिलाई सधैं संस्मरण गरिरहने र अग्रणी साहित्यिक विभूतिका रूपमा श्रद्धा गर्दै समलाई हाम्रो साहित्यका अद्वितीय प्रतिभाका रूपमा चिनाएका छन् ।

**'नेपाली सेक्सपियरः सम' - खड्गमान मल्ल** (पूर्ववत्) ।

'नेपाली सेक्सपियरः सम' शीर्षकको लेख खड्गमान मल्लद्वारा लेखिएको हो । प्रस्तुत लेख **एउटा अमर प्राज्ञ बालकृष्ण सम** लेख सङ्ग्रहमा सङ्कलित रहेको छ । प्रस्तुत लेखमा मल्लले समको व्यक्तित्वको चर्चा गर्दै आफू समको विद्यार्थी रहँदा उनको शिक्षणकलाबाट ज्यादै प्रभावित रहेको बताएका छन् । समलाई आफ्नो धर्म संस्कृति र नेपाली भाषाप्रति निकै मोह रहेको हुँदा छोरालाई समेत अङ्ग्रेजी शिक्षा नदिई संस्कृत र नेपाली भाषामा पोख्त गराएको मल्लले टिप्पणी गरेका छन् । समले साहित्यका विविध विधामा कलम चलाएता पनि नाटककारका रूपमा उनको प्रसिद्धि रहेको र अङ्ग्रेजी नाटककार विलियम सेक्सपियरको नाटकहरूको प्रभाव उनका नाटकमा पनि परेको कुरा मल्लले उल्लेख गरेका छन् । प्रस्तुत लेखमा मल्लले नेपाली सेक्सपियरका रूपमा समलाई चिनाएका छन् ।

**प्रा. घटराज भट्टराई, 'मैले पाएको सम्मान र बालकृष्ण सम'** (पूर्ववत्) ।

'मैले पाएको सम्मान र बालकृष्ण सम' शीर्षकको लेख **एउटा अमर प्राज्ञ बालकृष्ण सम** लेख सङ्ग्रहमा सङ्कतिल रहेको छ । प्रस्तुत लेख घटराज भट्टराईद्वारा लेखिएको हो । प्रस्तुत लेखमा भट्टराईले समलाई नेपाली साहित्यका विशिष्ट साधक र श्रद्धेय व्यक्तित्वका रूपमा चिनाउँदै पहिलो झपट पुरस्कार उनको हातबाट प्राप्त गर्दा आफू निकै प्रसन्न भएको कुरा उल्लेख गरेका छन् । भट्टराईले स्नातकोत्तर अध्ययन गर्दा समका कृतिहरू पढ्ने मौका पाएको र त्यसकृति भित्र उनको प्रभाव, चिन्तन र गहिराईसँग परिचय गर्ने अवसर मिलेको कुरा उल्लेख गरेका छन् । प्रस्तुत लेखमा भट्टराईले समका सूक्तिमय अभिव्यक्तिको उल्लेख गर्दै उनको हातबाट पुरस्कार र आर्शीवाद प्राप्त गरेकोमा आफूलाई भाग्यमानी ठानेको कुरा उल्लेख गरेका छन् ।

**डायमन शमशेर राणा, 'सात सालको क्रान्ति र बालकृष्ण दाइ** (पूर्ववत्) ।

डायमन शमशेरद्वारा लेखिएको 'सात सालको क्रान्ति र बालकृष्ण दाइ' शीर्षकको लेख **एउटा अमर प्राज्ञ बालकृष्ण सम** लेख सङ्ग्रहमा सङ्कतिल रहेको छ । प्रस्तुत लेखमा राणाले समका अगाडि आफूलाई उमेर र विद्वतामा कमजोर ठानेको कुरा उल्लेख गरेका

छन् । बालकृष्ण समको व्यक्तित्वबाट प्रभावित राणाले बालकृष्ण उनलाई राणाहरूले राणाशासनको विरोधी अभियानको अपराधीका रूपमा र जनताले राणाशासनको प्रतिनिधिको रूपमा मान्ने कुरा टिप्पणी गरेका छन् । राणाले आफू पनि भित्रभित्रै राणाशासनको विरोधी बन्न पुगेको हुँदा राणाशासनको अन्त्यका लागि २००७ सालको क्रान्तिमा सहभागी भएको र राणा विरुद्ध विभिन्न जुलुसहरूमा आफूलगायत बालकृष्ण सम, जनार्दन समको पनि सहभागिता भएको टिप्पणी गरेका छन् ।

**वेन्जु शर्मा, 'स्मृतिका केही झिल्काहरू' (पूर्ववत्) ।**

'स्मृतिका केही झिल्काहरू' शीर्षकको लेख वेन्जु शर्माद्वारा लेखिएको हो । प्रस्तुत लेख 'एउटा अमर प्राज्ञ बालकृष्ण सम' लेख सङ्ग्रहमा सङ्कतिल रहेको छ । प्रस्तुत लेखमा शर्माले आफ्नो पिता भीमनिधि तिवारी र सम एकै समय र एउटै विधाका लेखक भएको हुँदा उनीहरूको सम्बन्ध राम्रो रहेको टिप्पणी गरेकी छिन् । सानो छँदा बुबासँग विभिन्न सम्मेलनमा जाने गरेको र ठूलो भएपछि समका कृतिहरू पढ्ने मौका पाएको शर्माले बताएकी छिन् । सम र तिवारी दुवै राणाविरोधी अभियानमा उभिएको हुँदा राणाहरूको सामन्तीपन र घृणायुक्त कुराहरू सुन्दासुन्दा आफूपनि राणाविरोधी भावनाले मजबुत बनेको शर्माले उल्लेख गरेकी छिन् । प्रस्तुत लेखमा फरासिलो स्वभावका समले आफूसँग भेट्ने इच्छा गरेको तर आफूले उनलाई भेट्न नसकेकोमा शर्माले दुःख प्रकट गरेकी छिन् ।

**मातृकाप्रसाद कोइराला, 'अद्वितीय प्रतिभाका ओजस्विता' (पूर्ववत्) ।**

मातृकाप्रसाद कोइरालाद्वारा लेखिएको 'अद्वितीय प्रतिभाका ओजस्विता' शीर्षकको लेख **एउटा अमर प्राज्ञ बालकृष्ण सम** लेखसङ्ग्रहमा सङ्कलित रहेको छ । प्रस्तुत लेखमा कोइरालाले आफू उद्योग परिषद्मा कार्यरत रहँदा परिषद्द्वारा आयोजना गरिएको प्रदर्शनीमा समसँग भेट्ने मौका पाएको टिप्पणी गरेका छन् । कोइरालाले समको व्यक्तित्वबाट आफू प्रभावित रहेको बताउँदै विभिन्न गोष्ठीहरू हुँदा उनका रचनाका बारेका चर्चा परिचर्चा गरेको जानकारी दिएका छन् । कोइरालाले त्यसै समयमा समको 'प्रल्हाद' नाटकको प्रदर्शन गरिएको र उनका अन्य लेख रचनाहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको बताएका छन् । कोइरालाले प्रस्तुत लेखमा समको व्यक्तित्वको कदर गर्दै उनलाई अद्वितीय प्रतिभाको ओजस्विता भनी टिप्पणी गरेका छन् ।

**मोहन कोइराला, 'विश्वकै एउटा ठूलो छवि' सम' (पूर्ववत्) ।**

**एउटा अमर प्राज्ञ बालकृष्ण सम** लेख सङ्ग्रहमा सङ्कलित 'विश्वकै एउटा ठूलो छवि सम' शीर्षकको लेख मोहन कोइरालाद्वारा लेखिएको हो । प्रस्तुत लेखमा कोइरालाले समलाई नेपाली साहित्यका सर्जक, कवि नाटककार, चित्रकार, छायाचित्रकारका रूपमा चिनाउँदै उनको स्वभाव भेषभूषा अन्य व्यक्तिहरूको भन्दा भिन्न रहेको टिप्पणी गरेका छन् । निरन्तर साहित्यसाधनामा लागेका समलाई राष्ट्रले धेरै पटक धेरै ठाउँमा उच्च सम्मान गर्नुका साथै विविध पुरस्कारद्वारा सम्मानित गरिएको कोइरालाले उल्लेख गरेका छन् । उपकुलपति जस्तो सम्मानित पदमा रहँदा पनि सामान्य जीवन यापन गर्ने समलाई विश्वकै एउटा ठूलो छविका रूपमा लिन सकिने कोइरालाले बताएका छन् ।

**नेपाली साहित्यका अमर साधकः बालकृष्ण सम, रामदयाल राकेश (पूर्ववत्) ।**

**एउटा अमर प्राज्ञ बालकृष्ण सम** लेख सङ्ग्रहमा रामदयाल राकेशद्वारा लेखिएको 'नेपाली साहित्यका अमर साधक बालकृष्ण सम' शीर्षकको लेख प्रकाशित रहेको छ । प्रस्तुत लेखमा राकेशले बालकृष्ण समले नाटक र कविताका क्षेत्रमा महत्त्वपूर्ण योगदान गरेको बताउँदै हिन्दीका महाकवि जयशंकर प्रसाद र बालकृष्ण समका बीच तुलनात्मक अध्ययन धेरै उपयोगी हुने जानकारी दिएका छन् । राकेशले वसन्तपुरस्थित भारतीय पुस्तकालयमा काव्यसन्ध्याको आयोजनामा समसँग भेटघाट भएको र उनको व्यक्तित्व र कवितापाठबाट आफू ज्यादै प्रभावित एवं प्रेरित रहेको टिप्पणी गरेका छन् । राकेशले सम अत्यन्त प्रतिभाशाली नाटककार कवि मात्र नभएर एउटा सफल र समर्थ मञ्चका कवि पनि भएको र उनको काव्यपाठ गर्ने शैलीबाट सबै चमत्कृत र आकर्षित रहेको बताएका छन् ।

**'मैले समको आशीर्वाद पाएको थिएँ', लक्ष्मण लोहनी (पूर्ववत्) ।**

'एउटा अमर प्राज्ञ बालकृष्ण सम' लेख सङ्ग्रहमा लक्ष्मण लोहनीको 'मैले समको आशीर्वाद पाएको थिएँ' शीर्षकको लेख प्रकाशित रहेको छ । प्रस्तुत लेखमा लोहनीले बालकृष्ण समलाई नेपाली साहित्यकाशका ध्रुवतारा मान्दै उनका हरेक क्रियाकलापको नक्कल आफूले गर्ने गरेको टिप्पणी गरेका छन् । लोहनीले समको आनीबानी र भेषभूषाको सामान्य चर्चा गर्दै उनीबाट माया स्नेह, सल्लाह र सुझाव यथेष्ट मात्रामा प्राप्त गरेको जानकारी दिएका छन् । आफ्ना विभिन्न पुस्तक रचना गर्न र प्रकाशित गर्न समबाट पर्याप्त सहयोग प्राप्त गरेको र समले विभिन्न प्रतिष्ठित व्यक्तिहरूसँग परिचय गराई आफूलाई

जागिर समेत दिलाएको कुरा लोहनीले टिप्पणी गरेका छन् । लोहनीले नेपाली साहित्यमा कहिल्यै बिर्सन नसकिने व्यक्तिका रूपमा समलाई चिनाएका छन् ।

**'नेपालले अर्को सम कहिले जन्माउला' लोकराज बराल (पूर्ववत्) ।**

लोकराज बरालद्वारा लेखिएको 'नेपालले अर्को सम कहिले जन्माउला' शीर्षकको लेख **एउटा अमर प्राज्ञ बालकृष्ण सम** लेख सङ्ग्रहमा सङ्कतिल रहेको छ । प्रस्तुत लेखमा बरालले प्राथमिक स्कूलमा पढ्दा समका बारेमा विविध कुरा सुनेता पनि हाई स्कूलमा पढ्दा मात्रै उनको 'प्रल्हाद' नाटकको केही अंश पढ्ने मौका पाएको टिप्पणी गरेका छन् । बरालले समका सवै नाटकहरू मनपर्ने हुँदा उनको बौद्धिकतामा डुबुल्की मारेको बताएका छन् । बरालले समका कृतिहरूमा राष्ट्रियता र समाजसेवाको सन्देश रहेको बताउँदै उनका नाटकहरू दार्जिलिङ्ग र काठमाडौंका विभिन्न ठाउँहरूमा प्रदर्शन भएको टिप्पणी गरेका छन् । बरालले अबका दिनहरूमा नेपालले अर्को बालकृष्ण सम कहिले जन्माउला भन्ने प्रश्न बारम्बार आफ्नो मनमा आइरहने कुरा उल्लेख गरेका छन् ।

**'मुकुन्द - इन्दिरा' ले मलाई लेखक बनायो', विजय मल्ल (पूर्ववत्) ।**

**एउटा अमर प्राज्ञ बालकृष्ण सम** लेख सङ्ग्रहमा सङ्कलित 'मुकुन्द- इन्दिरा' ले मलाई लेखक बनायो' शीर्षकको लेख विजय मल्लद्वारा लेखिएको हो । प्रस्तुत लेखमा मल्लले बुबा ऋद्धिबहादुर मल्लसँग समको घनिष्टता रहेको हुँदा उनीसँग नजिकिने मौका पाएको टिप्पणी गरेका छन् । मल्लले समको 'शारदा' पत्रिकामा छापिएको 'त्यो' पेन्टिङबाट आफू धेरै प्रभावित रहेको बताएका छन् । मल्लले समको 'मुकुन्द इन्दिरा' नाटकको प्रदर्शन भएपछि दोहऱ्याई तेहऱ्याई हेरेको र आफू त्यस नाटकबाट ज्यादै प्रभावित रहेको हुँदा आफूलाई पनि नाटक लेख्ने रूचि बढ्दै गएको कुरा उल्लेख गरेका छन् । फलस्वरूप मल्लले पनि नाटक रचना गर्न थालेको हुँदा नाटक रचना गर्नुको प्रेरक तत्त्व 'मुकुन्द इन्दिरा' नाटकलाई मानेको कुरा उल्लेख गरेका छन् ।

**'मुटुको व्यथा' समसित मेरो चिनारी', शान्ति मिश्र (पूर्ववत्) ।**

प्रस्तुत 'मुटुको व्यथाः समसित मेरो चिनारी' शीर्षकको लेख **एउटा अमर प्राज्ञ बालकृष्ण सम** लेखसङ्ग्रहमा सङ्कतिल रहेको छ । प्रस्तुत लेख शान्ति मिश्रद्वारा लेखिएको हो । मिश्रले प्रस्तुत लेखमा आफ्नो विद्यार्थी जीवनमा प्रथम पुरस्कार स्वरूप समको 'मुटुको व्यथा' नाटक पनि प्राप्त गरेको र सो पुस्तक आजसम्म पनि सम्हालेर राखेको कुरा टिप्पणी

गरेकी छिन् । मिश्रले नेपाली साहित्यका सेक्सपियर सम हुन् भन्ने भनाइ सुनेकी हुँदा उनको 'मुटुको व्यथा' पढ्दा र बुझ्दै जाँदा पाना पानामा समभित्र सेक्सपियर खोज्दै जाँदा भेटिएको कुरा उल्लेख गरेकी छिन् । मिश्रले प्रस्तुत लेखमा समको स्वभाव, सुमधुर आवाज, कुराकानी आदिबाट आफू ज्यादै प्रभावित रहेको बताएकी छिन् ।

**प्रस्तुत लेख सङ्ग्रहमा सङ्कतिल अन्य लेखहरू**

अच्युतरमण अधिकारी 'प्रसङ्ग बालकृष्णको कथा मेरो पनि त हो', एउटा अमर प्राज्ञ बालकृष्ण सम, बालकृष्ण सम फाउण्डेसन, घट्टेकुलो अनामनगर, २०५४, (प्र.स.)

अमर चित्रकार, 'समबाट चित्रकलासम्बन्धी धेरै ज्ञान पाएँ' (पूर्ववत्)

प्रा.डा. ईश्वर बराल, 'बालकृष्ण समः व्यक्तित्व र कृतित्त्व' (पूर्ववत्)

कमल दीक्षित 'सम सुन थिए' (पूर्ववत्)

कालीप्रसाद रिजाल, 'सम नेपालको गौरव हो' (पूर्ववत्)

कुमारधर शर्मा 'ज्ञानी', '.... वाक्य गुन्जिरहेछ' (पूर्ववत्)

कुलमानसिंह भण्डारी, 'बालकृष्ण समबाट तेलरङ्गको चित्र बनाउन सिकें' (पूर्ववत्)

कृष्णचन्द्रसिंह प्रधान, 'व्यवहारिक प्रतिबद्धताका अप्रतिबद्ध साहित्यकार बालकृष्ण सम' ( पूर्ववत्)

कृष्णप्रसाद पराजुली, 'समसँग नजिक रहँदा' (पूर्ववत्)

प्रा. डा. केशवप्रसाद उपाध्याय, 'धोको धोकै रह्यो (पूर्ववत्)

क्षेत्रप्रताप अधिकारी, 'समजीमा समर्पित सम्झना' (पूर्ववत्)

खगेन्द्र सग्रौला, 'समः एक विषम चित्र' (पूर्ववत्)

प्रा. खेमराज केशवशरण, 'सौम्य र स्वाभिमानका उपासक बालकृष्ण सम' (पूर्ववत्)

गणेशबहादुर प्रसाई, 'हाम्रा ज्ञानेश्वरका बालकृष्णलाई सम्झँदा' (पूर्ववत्)

गणेश रसिक, 'समजीप्रति अन्याय' (पूर्ववत्)

गोमा, 'के विर्सौं, 'के सम्झौं ?' (पूर्ववत्)

गोविन्द भट्ट, 'मैले चिनेबुझेका बालकृष्ण सम' (पूर्ववत्)

प्रा. चूडानाथ भट्टराय, 'समःवाग्देवीका वरदपुत्र' (पूर्ववत्)

डा. जगदीशचन्द्र रेग्मी, 'सहू सहू सहू बाबू सहनै नसके पनि' (पूर्ववत्)

जनकलाल शर्मा, 'नेपाली साहित्यका अनन्य व्यक्तित्व बालकृष्ण सम' (पूर्ववत्)

जीवनलाल सत्याल, 'बालकृष्ण समः एक महान् कलासाधक' (पूर्ववत्)

ज्ञानमणि नेपाल, 'बालकृष्ण समः एक समीक्षा' (पूर्ववत्)

टुकराज भिश्र, 'सम नेपालका भारवि' (पूर्ववत्)

प्रा. ढुण्डिराज भण्डारी, 'एउटा सरल व्यक्तित्वः बालकृष्ण सम' (पूर्ववत्)

प्रा.डा. तारानाथ शर्मा, 'ज्ञानयोगी बालकृष्णलाई ज्ञानभोगी तानाशर्माको पत्र' (पूर्ववत्)

तेजेश्वरबाबु ग्वंग, 'बालकृष्ण समसितका मेरा क्षणहरू' (पूर्ववत्)

डा. त्रैलोक्यनाथ उप्रेती, 'संघर्षशील बालकृष्ण सम' (पूर्ववत्)

प्रा.डा. दयाराम श्रेष्ठ, 'बालकृष्ण समज्यूसित एक दिन' (पूर्ववत्)

दैवज्ञराज न्यौपाने, 'उनी एक मान्छे थिए, महान् बनेर गए' (पूर्ववत्) ।

धर्मराज थापा, 'बालकृष्ण समको संम्झना लहरी चल्दा' (पूर्ववत्)

नगेन्द्र, 'तीन शहर, तीन साक्षात्कार' (पूर्ववत्)

नित्यराज पाण्डे, 'सम धरतीका विशिष्ट विभूति' (पूर्ववत्)

पूर्णप्रकाश नेपाल, 'यात्री', 'नाट्यसम्राट् बालकृष्ण समसँगका केही स्मृति' (पूर्ववत्)

प्रचण्ड मल्ल, 'नाटककार सिपाही' (पूर्ववत्)

प्रा. बालकृष्ण पोखरेल, 'मैले पनि समले झैं 'बालयुक्त' बालकृष्ण पाएँ' (पूर्ववत्)

भरतराज पन्त, 'हाम्रा अमर विभूति बालकृष्ण सम' (पूर्ववत्)

भूपालमानसिंह कार्की, 'सम मधुर वाणीका वाचक हुनुहुन्थ्यो' (पूर्ववत्)

भैरववहादुर थापा, 'बालकृष्ण समः एक अमिट सम्झना' (पूर्ववत्)

मदनमणि दीक्षित, 'वैदिक ऋषि र बालकृष्ण सम' (पूर्ववत्)

मनुजबाबु मिश्र, 'सम र चिनाको चस्को' (पूर्ववत्)

माधवप्रसाद घिमिरे, 'समजीको सन्देशः हाम्रो भाषा, हाम्रो भेष' (पूर्ववत्)

माधवलाल कर्माचार्य, 'बालकृष्ण समलाई सम्झँदा' (पूर्ववत्)

मुकुन्दशरण उपाध्याय, 'श्रद्धेय समलाई सम्झेर' (पूर्ववत्)

मेघराज शर्मा, 'बालकृष्ण समद्वारा धरानमा मोती प्रतिमाको शिलान्यास' (पूर्ववत्)

मोदनाथ प्रश्रित, 'उहाँ आफैं बालाकृष्ण सम हुनुहुन्थ्यो' (पूर्ववत्)

मोहन सिटौला, 'मृदुभाषी र बौद्धिकताका प्रतिमूर्तिः सम' (पूर्ववत्)

यादव खरेल, 'समः सृजनाको बृहत महाकाव्य' (पूर्ववत्)

रमा शर्मा, 'नेपाली शिक्षा परिषद्का अध्यक्ष बालकृष्ण समलाई सम्झँदा' (पूर्ववत्)

रमोलादेवी शाह, 'एक प्रेरक व्यक्तित्व बालकृष्ण सम' (पूर्ववत्)

प्रा. राजनारायण प्रधान, 'एक रङ्गीचङ्गी व्यक्तित्व बालकृष्ण सम' (पूर्ववत्)

राजेन्द्र सुवेदी, 'सन्दर्भ समकोः अर्चना संस्मरणको' (पूर्ववत्)

राम पाँडे, 'को भन्दा को कम बालकृष्ण सम' (पूर्ववत्)

रामबाबु सुवेदी, 'सम मेरा माछापुच्छ्रे र फेवाताल हुन्' (पूर्ववत्)
रामशरण दर्नाल, 'मेरो स्मृति पटलमा श्रद्धेय समज्यू' (पूर्ववत्)
लैनसिह बाङ्गदेल, 'बालकृष्ण समः एक संस्मरण' (पूर्ववत्)
प्रा.डा. वासुदेव त्रिपाठी, 'बालकृष्ण समः मेरा सम्झनाका अँजुलीमा' (पूर्ववत्)
वासुदेव शर्मा लुइँटेल, 'मलाई तिम्रो माया लागिसक्यो' (पूर्ववत्)
प्रा. शिवगोपाल रिमाल, 'नेपालीमा एम.ए. खुलाउन समज्यूको योगदान' (पूर्ववत्)
शिव रेग्मी, 'मेरो अटोमा रहेका सम' (पूर्ववत्)
श्यामदास वैष्णव, 'समज्यूको राम्रो बानी' (पूर्ववत्)
श्यामप्रसाद, 'बालकृष्णको सम्झनामा' (पूर्ववत्)
सत्यमोहन जोशी, 'समजीप्रतिका सम्झनाहरू व्यूँझँदा' (पूर्ववत्)
सुन्दरप्रसाद शाह 'दुःखी', 'समलाई हेरेर महारानी मुस्कुराइन्' (पूर्ववत्)
हंसपुरे सुवेदी, 'गण्डकी अञ्चलव्यापी साहित्यसम्मेलन र कवि बालकृष्ण सम' (पूर्ववत्)
डा. हरिभक्त नेउपाने, 'बालकृष्ण समको अभिनय' (पूर्ववत्)

हर्षनाथ भट्टराई, 'समज्यूको 'समानशील व्यसनेषु सख्यम्' (पूर्ववत्)

**वामदेव पहाडी, आलोचनाको वृत्त, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान कमलादी** (२०५४) **पृ. १०२-१२४ ।**

वामदेव पहाडीद्वारा लेखिएको **आलोचनाको वृत्त** पुस्तकमा बालकृष्ण समको 'चिसो चुल्हो' विभिन्न आयाममा' शीर्षकको लेख प्रकाशित रहेको छ । प्रस्तुत लेखमा पहाडीले समको 'चिसो चुल्हो' महाकाव्यको आयामको चर्चा गर्दै यसको कलेवर वृहत् रहेको र प्रत्येक पङ्क्ति र तिनमा व्यक्त भाव दीर्घ चिन्तनको प्रतिफलको रूपमा रहेको जानकारी दिएका छन् । पहाडीले समको प्रस्तुत महाकाव्य नेपाली महाकाव्य परम्परामै नौलो प्रयोगको रूपमा रहेको बताएका छन् । प्रस्तुत लेखमा यस महाकाव्यका विषयगत आयामहरू प्रणयतत्व, समाज, दर्शन र ततिम्बा रहेको पहाडीले उल्लेख गरेका छन् ।

**ईश्वर बराल, बालकृष्ण समः व्यक्तित्व कृतित्व, बालकुष्ण सम फाउण्डेशन, अनामनगर घट्टेकुलो, २०५५ प्र.स.) पृ. २१-३२, ३८-५५ ।**

ईश्वर बरालद्वारा लेखिएको **बालकृष्ण समः व्यक्तित्व र कृतित्व** नामक पुस्तकमा 'प्रेमपिण्ड' शीर्षकको लेख प्रकाशित छ । प्रस्तुत लेखमा वरालले समको सामाजिक दुःखान्त

नाटक ‘प्रेमपिण्ड’ को चर्चा गरेका छन् । प्रस्तुत लेखमा बरालले ‘प्रेमपिण्ड’ नाटकका पात्रहरूको चरित्र विश्लेषण गर्दै नेपाली रङ्गमञ्चको विकास हुन नसक्नुको कारणलाई पनि औंल्याएका छन् । त्यसैगरी बरालको अर्को ‘नेपाली नाटक और रङ्गमञ्चका दृष्टिले ‘प्रेमपिण्ड’ शीर्षकको लेख पनि यसै पुस्तकमा प्रकाशित छ । प्रस्तुत लेखमा बरालले समको ‘प्रेमपिण्ड’ नाटकका घटना प्रस्तुत गर्दै धेरै लामो भएकोले गर्दा रङ्गमञ्चमा प्रदर्शन गर्न गाऱ्हो भएको कुरा उल्लेख गरेका छन् । त्यसैगरी बरालले ‘समको मः एक समीक्षा’ शीर्षकको लेख पनि यसै पुस्तकमा प्रकाशित गराएका छन् । बरालले समको ‘म’ नाटकलाई गद्य कविताको रूपमा चिनाउँदै प्रस्तुत नाटकमा बढी दार्शनिकताको प्रयोग भएको हुँदा साधारण पाठकले बुझ्न नसक्ने कुरा टिप्पणी गरेका छन् ।

**‘बालकृष्ण समः व्यक्तित्व र कृतित्व’** पृ. ९-२० ।

ईश्वर बरालद्वारा लेखिएको **बालकृष्ण समः व्यक्तित्व र कृतित्व** नाम पुस्तकमा ‘बालकृष्ण समः व्यक्तित्व र कृतित्व’ शीर्षकको लेख प्रकाशित रहेको छ । प्रस्तुत लेखमा बरालले समलाई आधुनिक नेपाली वाङ्मयका केन्द्रिविन्दु मान्न सकिने विचार प्रस्तुत गरेका छन् । बरालले प्रस्तुत लेखमा उनको पारिवारिक पृष्ठभूमिको चर्चा गर्दै उनका प्रकाशित कृतिहरूको वारेमा चर्चा गरेका छन् । बरालले समको कवि व्यक्तित्वको चर्चा गर्दै उनका कविताका विशेष पङ्तिहरूलाई पनि उल्लेख गरेका छन् । नेपाली साहित्यलाई समृद्ध तुल्याउनुमा समको विशेष भूमिका रहेको कुरा बरालले टिप्पणी गरेका छन् ।

**‘बालकृष्ण शमशेरः कथाकारको रूपमा’** पृ. ३३-३७ ।

‘बालकृष्ण शमशेरः कथाकारको रूपमा’ शीर्षकको लेख ईश्वर बरालद्वारा लेखिएको हो । प्रस्तुत लेखमा बरालले साहित्यका विविध विधामा कलम चलाएका र समको कथा विधामा पनि प्रसिद्धि रहेको कुरा टिप्पणी गरेका छन् । बरालले समका कथाहरूमा नेपाली समाजको वास्तविक चित्रण रहेको कुरा बताउँदै उनका कथाहरूमा नाटकीय गुण भेट्न सकिने विचार उल्लेख गरेका छन् । बरालले प्रस्तुत लेखमा भिक्षुका कथाका पात्रहरू र समका कथाका पात्रहरूको तुलना पनि गरेका छन् ।

**'केही नेपाली नाटकः संक्षिप्त चिनारी', पृ. ५८-६२**

ईश्वर बरालद्वारा लेखिएको 'केही नेपाली नाटकः संक्षिप्त चिनारी' शीर्षकको लेख **बालकृष्ण सम व्यक्तित्व र कृतित्व** नामक पुस्तकमा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा बराललले निर्जीवतामा सजीवता दिने शक्ति समालोचकमा रहेको हुँदा कलाकारको भन्दा समालेचकको स्थान उच्च रहने कुरा वताएका छन् । बराललले प्रस्तुत लेखमा हृदयचन्द्रसिंह प्रधानको 'केही नेपाली नाटक' पुस्तकमा उनले समको 'मुटुको व्यथा', 'प्रल्हाद', 'ध्रुव', 'मुकुन्द-इन्दिरा', 'अन्धवेग' नाटकहरूको आलोचना गरेको कुरा टिप्पणी गरेका छन् । बराललले आजको समयमा साहित्यको जाँच पड्ताल गर्न सक्ने राम्रा र शिक्षित समालोचकहरूको आवश्यकता रहेको जानकारी दिएका छन् ।

**घनश्याम न्यौपाने साहित्य सन्दर्भ, नारायणी बुक्स एण्ड स्टेशनर्स वीरगञ्ज, २०५५(प्र.स.) पृ. १-७।**

घनश्याम न्यौपानेद्वारा लेखिएको **साहित्य सन्दर्भ** पुस्तकमा दुःखान्त नाटकका रूपमा अन्धवेगको समीक्षण' शीर्षकको लेख प्रकाशित रहेको छ । प्रस्तुत लेखमा न्यौपानेले समको 'अन्धवेग' नाटकका पात्रहरूको चरित्रलाई केलाएका छन् । न्यौपानेले प्रस्तुत नाटकमा यौन मनोविज्ञानलाई केलाउँदै मानिसभित्रको यौन चाहना पुरा नहुँदा दमित रूपमा रहेको यौन चाहना प्रस्फुटन हुँदाको परिणाम कति भयानक हुन्छ भन्ने देखाइएको बताएका छन् । न्यौपानेले पम्फाको अनियन्त्रित यौनोत्तेजनाले गर्दा नै नाटक दुःखान्तमा परिणत भएको टिप्पणी गरेका छन् । न्यौपानेले प्रस्तुत लेखमा पम्फालाई असत् पात्रको रूपमा चिनाउँदै उनलाई बाइफाले पातर्नी, नकच्चरी समेत भनेका छन् । त्यसैगरी प्रस्तुत पुस्तकमा न्यौपानेको अर्को लेख 'अध्यात्म चेतना र आत्मिक प्रेमको वृतभित्र 'ऊ मरेकी छैन' को पर्यायवलोकन' शीर्षकको लेख पनि प्रकशित रहेको छ । प्रस्तुत लेखमा न्यौपानेले सतीदेवी र महादेवको कथाबाट प्रभावित रही रचिएको 'ऊ मरेकी छैन' नाटकभित्र निहित अध्यात्म चेतना र आत्मिक प्रेमको चर्चा गरेका छन् । न्यौपानेले प्रस्तुत नाटकका नायक शिवगिरि गृहस्थी जीवन त्यागेर सन्यासी बन्नु र कान्ति पनि भजन कीर्तनमा रमाएकी हुँदा दुवै अध्यात्मवादतिर प्रेरित रहेको र दुवैको प्रेम भौतिक दैहिक सुख सन्तोष प्राप्त गर्ने नभई अध्यात्म भावबाट निस्सृत आत्मिक प्रेमको रूपमा रहेको बताएका छन् ।

**शैलेन्दुप्रकाश नेपाल, शारदा अधिकारी, पारख प्रयत्न, प्रकाशकः अनामिका प्रकाशन २०५५ ( प्र.स.) पृ. ६७-७९ ।**

शैलेन्दुप्रकाश नेपालद्वारा लेखिएको **पारख प्रयत्न** नामक पुस्तकमा 'बालकृष्ण सम र उनका तीन कविता' शीर्षकको लेख प्रकाशित रहेको छ । प्रस्तुत लेखमा नेपालले बालकृष्ण समद्वारा रचना गरिएको ३ कविताको चर्चा गरेका छन् । नेपालले प्रस्तुत लेखमा कवितालेखनको प्रेरणा पारिवारिक वातावरणबाट नै प्राप्त गरेको कुरा बताउँदै उनका 'स्वर्ग र देवता', 'नमस्कार नमस्कार संसार' र 'मेरो नुहाउने कोठा'को संक्षेपमा चर्चा गरेका छन् । नेपालले यी कविताहरूमा समले आफ्ना विचार अनुभव र अनुभूतिलाई कलात्मक पाराले प्रस्तुत गरेका छन् भन्दै उनलाई नाटककारका रूपमा मात्र नभई उत्कृष्ट कविका रूपमा पनि चिनाएका छन् ।

**गोविन्द भट्टका समालोचना, लेखक तथा सम्पादकः रविलाल अधिकारी बगर फाउण्डेशन नेपाल २०५५ (प्र. सं.) पृ. ७४-८० ।**

**गोविन्द भट्टका समालोचना** पुस्तकमा 'मैले चिने बुझेका बालकृष्ण सम' शीर्षकको लेख प्रकाशित रहेको छ । प्रस्तुत पुस्तकका सम्पादक तथा लेखक रविलाल अधिकारी हुन् । प्रस्तुत लेखमा अधिकारीले बालकृष्ण समसँगको चिनाजानी भेटघाट उनीसँग आफूले बिताएका क्षण र उनको व्यक्तित्वको पनि चर्चा गरेका छन् । अधिकारीले समको दार्शनिक, वैचारिक जीवनदृष्टि प्रतिको एउटा समीक्षात्मक टिप्पणीको रूपमा प्रस्तुत लेखलाई लिएका छन् । अरूको कुरा ध्यानपूर्वक सुनिदिने सम शान्त स्वभावका रहेको अधिकारीले टिप्पणी गरेका छन् । परम्परावादी मान्यता र अन्धविश्वासको घोर विरोधी सममा असीम देशभक्ति र राष्ट्रवादी भावना रहेको अधिकारीले बताएका छन् ।

**रामदयाल राकेश, रचनाको रसास्वादन, सफारी नेपाल नयाँ बानेश्वर काठमाडौं २०५६ ( प्र.सं.) पृ. १-५।**

**रचनाको रसास्वादन** नामक पुस्तक रामदयाल राकेशद्वारा लेखिएको हो । यस पुस्तकमा 'बालकृष्ण सम र जयशङ्करप्रसाद' शीर्षकको लेख प्रकाशित रहेको छ । प्रस्तुत लेखमा राकेशले नेपाली साहित्यका प्रसिद्ध कवि र नाटककार बालकृष्ण सम र हिन्दी साहित्यका प्रख्यात कवि जयशङ्करप्रसादको सोच तथा काव्यरचनाको तुलना गरेका छन् । हिन्दी साहित्यमा जयशंङ्कर प्रसादद्वारा रचिएको 'कामायनी' महाकाव्यको जुन महत्त्वपूर्ण स्थान छ, नेपाली साहित्यमा पनि बालकृष्ण समको 'चिसो चुल्हो' महाकाव्यलाई त्यही

स्थानमा राख्न सकिने राकेशले टिप्पणी गरेका छन् । राकेशले यी दुवै महाकाव्यको तुलना गर्दै दुवै कवि राष्ट्रवादी कविका रूपमा रहेको हुँदा दुवैलाई राष्ट्रप्रति र अतीतप्रति गहिरो प्रेम रहेको बताएका छन् ।

**कृष्ण गौतम, सिर्जनाको सुवास, साझा प्रकाशन, काठमाडौं, २०५६ (प्र.स.) पृ. १४-३८ ।**

**सिर्जनाको सुवास** नामक पुस्तक कृष्ण गौतमद्वारा लेखिएको हो । प्रस्तुत पुस्तकमा गौतमले समका बारेमा विभिन्न लेखहरू रचना गरी प्रकाशित गराएका छन् । प्रस्तुत पुस्तकमा गौतमले 'सम 'आगो र पानी'को दर्शनमा' लेख प्रकाशित गरी उनको आगो र पानी खण्डकाव्यभित्रको दार्शनिक पक्षलाई केलाएका छन् । गौतमले प्रस्तुत खण्डकाव्यलाई दुई भागमा विभाजित गर्दै पूर्वभाग समाजको वस्तुस्थितिको चित्रण र उत्तर भागमा उच्च समाज निर्माणका लागि आवश्यक आदर्श सामग्रीहरूको विवरण प्रस्तुत गरेका छन् । त्यसैगरी गौतमको अर्को लेख 'सम र काव्यपरिभाषा' पनि यसै पुस्तकमा प्रकाशित रहेको छ । त्यस लेखमा गौतमले समको काव्य परिभाषालाई प्रस्तुत गर्दै यसको अर्थलाई पनि स्पष्ट्याएका छन् । गौतमले यसै पुस्तकमा अर्को लेख 'चिसो चुल्हो' महाकाव्य सन्देश र संरचना' पनि प्रकाशित गराएका छन् । यस लेखभित्र गौतमले 'चिसो चुल्हो' महाकाव्यको संरचना पक्षलाई केलाउँदै यस महाकाव्यले दिन चाहेको सन्देशको बारेमा पनि प्रष्ट पारेका छन् ।

**केशवप्रसाद उपाध्याय, नाटकहरूको अध्ययन, साझा प्रकाशन, काठमाडौं, २०५६, पृ. ६४-१३४, २०१-२०६ ।**

साझा प्रकाशनद्वारा प्रकाशित गरिएको **नाटकहरूको अध्ययन** (समीक्षात्मक लेखसङ्ग्रह) केशवप्रसाद उपाध्यायद्वारा लेखिएको हो । प्रस्तुत पुस्तकमा उपाध्यायले बालकृष्ण समका सम्बन्धमा विभिन्न लेखहरू प्रकाशित गराएका छन् । यस पुस्तकमा उपाध्यायले समको नाट्यप्रवृत्ति, बालकृष्ण समको नाटकको रङ्गमञ्चीय चर्चा, समका अप्रकाशित नाटकहरूको संक्षिप्त चिनारी, सुखान्त - दुःखान्त नाट्यकलाको आलोकमा 'प्रल्हाद' नाटकको अध्ययन, विहङ्गम दृष्टिमा, 'अमरसिंह' नाटक र दुःखान्त नाटकको रूपमा 'अमरसिंह'को अन्तरवलोकन र एकाङ्कीकार बालकृष्ण सम जस्ता लेखहरू प्रकाशित गरेका छन् । उपाध्यायले प्रस्तुत पुस्तकमा यी लेखहरूलाई विश्लेषण गरेका छन् ।

**कपिल लामिछाने, नेपाली साहित्यको सेरोफेरो, विद्यार्थी पुस्तक भण्डार** (२०५८) **(प्रथम सं.)** पृ. ३२-५२ ।

कपिल लामिछानेद्वारा लेखिएको **नेपाली साहित्यको सेरोफेरो** नामक पुस्तकमा 'चिसो चुल्हो' को प्रेम विश्लेषण' शीर्षकको लेख प्रकाशित रहेको छ । प्रस्तुत लेखमा लामिछानेले समको 'चिसो चुल्हो' महाकाव्यभित्रका नायक नायिकाबीचको प्रेमलाई विषय बनाई विश्लेषण गरेका छन् । लमिछानेले महाकाव्यसम्बन्धी काव्यशास्त्रीय मान्यतालाई परित्याग गर्दै रचिएको प्रस्तुत महाकाव्यमा अछुत जातको सन्ते दमाई र मध्यमवर्गीय गौरी क्षेत्रिनीको अस्वभविक मूक प्रेम सम्बन्धलाई नै मूल विषय बनाएको टिप्पणी गरेका छन् । उनीहरूको प्रेम सम्बन्ध विवादास्पद रहेको बताउँदै कसैले उनीहरूको प्रेम सम्बन्ध विशुद्ध अत्मिक वा वासनारहित छ भनेका छन् भने कसैले सहज र नैसर्गिक भइकन पनि वासनात्मक हो भनेका छन् भनी लामिछानेले टिप्पणी गरेका छन् ।

**हरिहर शास्त्री, आधुनिक गद्य कविताको स्वरूप, सहित्यिक पत्रकार संघ, काठमाडौं, २०५८,** पृ. ९-१६ ।

**आधुनिक गद्य कविताको स्वरूप** नामक पुस्तक हरिहर शास्त्रीद्वारा लेखिएको हो । यस कृतिमा 'गद्य कविकार सम' शीर्षकको लेख प्रकाशित रहेको छ । प्रस्तुत लेखमा शास्त्रीले समलाई प्रथम गद्य कविका रूपमा चिनाउँदै उनीसँग भएका केही कुराकानीलाई प्रस्तुत गरेका छन् । शास्त्रीले प्रस्तुत लेखमा युरोपियन साहित्यको प्रभावस्वरूप नेपालमा पनि गद्य कविता लेखनको सुरुवात भएको बताउँदै समको 'बहुलाहा' कवितालाई नै प्रथम गद्य कविता मान्न सकिने टिप्पणी गरेका छन् । शास्त्रीले समको 'आगो र पानी' खण्डकाव्यलाई बौद्धिक कृतिका रूपमा चिनाउँदै उनको 'चिसो चुल्हो' महाकाव्यमा गद्य कविताको स्वरूप भेट्न सकिने टिप्पणी गरेका छन् । शास्त्रीले यस लेखमा आफूलाई मनपर्ने दुई गद्य कविता 'शून्य' र 'कुन्नि'लाई प्रस्तुत गरेका छन् ।

**देवीप्रसाद  सुवेदी, अभिव्यक्ति र विश्लेषण, प्रकाशक स्वयय् लेखक २०५२** (प्र.सं.), पृ. ७-१८ ।

देवीप्रसाद सुवेदीद्वारा लेखिएको **अभिव्यक्ति र विश्लेषण** नामक पुस्तकमा 'मुकुन्द इन्दिरा'की इन्दिरामा आदर्श नारीत्व प्रस्थापनाको विश्लेषण' शीर्षकको लेख प्रकाशित रहेको छ । प्रस्तुत लेखमा सुवेदीले नाटककार बालकृष्ण समद्वारा लेखिएको सामाजिक नाटक 'मुकुन्द इन्दिरा' भित्रकी नायिका इन्दिराको चरित्रको विश्लेषण गरेका छन् । प्रस्तुत लेखमा

सुवेदीले पति जतिसुकै कर्तव्यहीन र भ्रष्ट भएता पनि पत्नीले आफ्नो पतिलाई देवतातुल्य ठानी सत्मार्गमा ल्याउन प्रयासरत रहेको देखाउँदै इन्दिरालाई पूर्वज हिन्दुनारी पार्वती र सीतासँग तुलना गर्दै पतिप्रतिको समर्पण भावमा उनीहरूभन्दा इन्दिरा कत्ति पनि कम नरहेको टिप्पणी गरेका छन् । इन्दिराको यही आदर्शले गर्दा पति प्रेम प्राप्त गर्न सफल रहेको सुवेदीले बताएका छन् ।

**देवी प्रसाद सुवेदी, महान् विभूति बालकृष्ण सम, नेपाली शिक्षा परिषद, लेखनाथ सडक, सोह्रखुट्टे २०५९ (प्र.सं.) ।**

**महान् विभूति बालकृष्ण सम** नामक पुस्तक देवीप्रसाद सुवेदीद्वारा लेखिएको हो । प्रस्तुत पुस्तकमा सुवेदीले बालकृष्ण समको जीवनी, उनको साहित्यिक व्यक्तित्व र व्यक्तित्वका अन्य पक्षहरूको पनि चर्चा गरेका छन् । सुवेदीले प्रस्तुत पुस्तकमा समको परिवारिक पृष्ठभूमिको चर्चा गर्दै समको परिवारिक स्थिति, उनका जीवनका विभिन्न मोडहरू (बाल्यकाल, किशोरवस्था, युवावस्था, प्रौढवस्था, वृद्धावस्था) को विश्लेषण र ती मोडहरूमा घटित घटनाहरूको टिप्पणी गरेका छन् । सुवेदीले समको सात दशकलामो साहित्यिक यात्राका क्रममा उनले कविता, कथा, निबन्ध, नाटक, आत्मजीवनी इत्यादि क्षेत्रमा कलम चलाएता पनि मुख्य योगदान भने नाटकको क्षेत्रमा रहेको जानकारी दिएका छन् । कविता विधाबाट साहित्य लेखनको सुरुवात गरेका समले पाश्चात्य नाटककार सेक्सपियरका नाटकबाट प्रभावित भई नाटक रचना गरेको सुवेदीले टिप्पणी गरेका छन् । सुवेदीले समको 'मुटुको व्यथा' १९८६ को प्रकाशन सँगै नेपाली नाटकमा आधुनिक कालको प्रारम्भ भएको जानकारी दिएका छन् । सुवेदीले समले गद्य पद्य दुवैथरी भाषाको प्रयोग गर्दै लगभग ३ दर्जन जति नाटकहरू रचना गरेका र ती नाटकहरू सुखान्त तथा दुःखान्त दुवै प्रकृतिको रहेको बताएका छन् । सुवेदीले समका प्रकाशित विभिन्न निबन्ध, कथा, आत्मजीवनी आदिको पनि उल्लेख गरेका छन् । सुवेदीले समको नाट्यकार व्यक्तित्वका अतिरिक्त चित्रकार मूर्तिकार, फोटोग्राफर, सङ्गीतप्रेमी, रङ्गकर्मी, अध्यापक, प्रवचनकर्ता, सैनिक, दार्शनिक चिन्तक, कला र साहित्यका संस्थागत सङ्गठनकर्ता र राष्ट्रप्रेमी व्यक्तित्वलाई पनि चिनाएका छन् । समको रुचिको विषयलाई पनि सुवेदीले उल्लेख गरेका छन् । सरल र शिष्ट स्वभावका समले आधुनिक नाट्य विधामा अनेकौं कृतिहरूको रचना गरी विश्वसाहित्यको स्तरसँग तुलना गर्न सकिने नाट्य कृतिहरू रचना गरी नेपाली भाषा साहित्य र कलाको श्रीवृद्धिमा विशिष्ट योगदान दिएको सुवेदीले टिप्पणी गरेका छन् । यसले

गर्दा समलाई नेपाली साहित्य र कलाका महान् विभूतिका रूपमा चिन्न सकिने कुरा सुवेदीले उल्लेख गरेका छन् ।

**कृष्णहरि बराल, वस्तुपरक समालोचना, स्टुडेन्ट्स बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिव्यटर्स कीर्तिपुर, २०६१ (प्र.सं.) पृ. १३९-१५६ ।**

कृष्णहरि बरालद्वारा लेखिएको **वस्तुपरक समालोचना** नामक पुस्तकमा 'रणदुल्लभ एकाङ्कीको विश्लेषण' शीर्षकको लेख प्रकाशित रहेको छ । प्रस्तुत लेखमा बरालले समको 'चार एकाङ्की' सङ्ग्रहमा सङ्कलित 'रणदुल्लभ' एकाङ्कीको विश्लेषण गरेका छन् । समको ऐतिहासिक विषयवस्तुमा आधारित रहेको प्रस्तुत एकाङ्कीमा अन्त्यानुप्रासविहिन अनुष्टुप छन्दको प्रयोग गरिएको कुरा बरालले टिप्पणी गरेका छन् । बरालले विषयवस्तु पात्रविधान, द्वन्द्व, संवाद, भाषाप्रयोग, अभिनय इत्यादिका आधारमा प्रस्तुत एकाङ्कीको विवेचना गरेका छन् । प्रस्तुत लेखमा बरालले गोर्खाका राजा पृथ्वीपतिका छोरा रणदुल्लभले राष्ट्रको निम्ति गरेको त्यागलाई विषयवस्तु बनाई रचिएको प्रस्तुत एकाङ्की चरित्रदोषका कारणले दुःखान्त बन्न पुगेको कुरा उल्लेख गरेका छन् ।

**रामचन्द्र पोखरेल, नेपाली नाटक सिद्धान्त र समीक्षा, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं,** (२०६२) (प्र.स.) पृ. २०५-३५२ ।

**नेपाली नाटक सिद्धान्त र समीक्षा** नामक पुस्तक रामचन्द्र पोखरेलद्वारा लेखिएको हो । प्रस्तुत पुस्तकमा पोखरेलले बालकृष्ण सम र उनका कृतिहरूका बारेमा विविध लेख रचना गरी प्रकाशित गराएका छन् । प्रस्तुत पुस्तकमा पोखरेलले नाटकीयताका दृष्टिकोणले 'मुटुको व्यथा' लेख रचना गरी 'मुटुको व्यथा' नाटकको प्रकाशनसँगै मौलिक सामाजिक दुःखान्त नाट्यकलाको जन्म भएको कुरा उल्लेख गरेका छन् । पोखरेलले प्रस्तुत पुस्तकमा 'मुकुन्द-इन्दिरा' नाटकमा प्रयुक्त राष्ट्रियता' शीर्षकको लेख रचना गरी समको 'मुकुन्द-इन्दिरा' नाटकमा प्रयोग भएको राष्ट्रियताको चर्चा गरेका छन् । समले आफ्ना राष्ट्रवादी भावनाहरूलाई कुनै पात्रको सिर्जना गरी नाटकको माध्यमबाट व्यक्त गराएको कुरा पोखरेलले टिप्पणी गरेका छन् । त्यसैगरी पोखरेलले 'प्रल्हाद' नाटकको दार्शनिक पक्ष' शीर्षकको लेख रचना गरी समको 'प्रल्हाद' नाटक भित्रको दार्शनिक पक्षलाई केलाएका छन् । पोखरेलले यसै पुस्तकभित्रै प्रवृत्तिगत आधारमा समको 'प्रेमपिण्ड' नाटकको विश्लेषण गर्दै उनको 'अमरसिंह' र 'भीमसेनको अन्त्य' नाटकमा व्याप्त इतिहासतत्वको पनि चर्चा गरेका छन् । त्यसैगरी पोखरेलले 'समको नाट्यप्रवृत्ति' शीर्षकको लेख रचनागरी उनका

नाट्यप्रवृत्तिको चर्चा गरेका छन् । समले नेपाली शास्त्रीय एवं सांस्कृतिक परम्परालाई अँगाल्दै समाज, इतिहास, पौराणिक परिवेश, काल्पनिक कथावस्तु ग्रहण गरी नाटक रचना गरेको पोखरेलले टिप्पणी गरेका छन् ।

**राम पौडेल, आधुनिक नेपाली कथामा बालमनोविज्ञान, लेखक स्वयम् प्रकाशक २०६२** ( **प्र.स.**) **पृ. ११०-११६, १६७-१७९ ।**

**आधुनिक नेपाली कथामा बालमनोविज्ञान** नामक पुस्तक राम पौडलद्वारा लेखिएको हो । प्रस्तुत पुस्तकमा पौडेलले बालकृष्ण सम र उनका कथाहरूको बारेमा सामान्य चर्चा गरेका छन् । पौडेलले यस पुस्तकमा 'बालकृष्ण सम' शीर्षकको लेख प्रकाशित गरी समको सामान्य परिचय दिँदै बालपात्रको भूमिका सक्रिय रूपमा रहेका उनका नाटक र कथाहरूको पनि उल्लेख गरेका छन् । पौडेलले प्रस्तुत पुस्तकमा बाल्यकालमा अनुभव गरेका घटनाहरूलाई समले नाटकमा बालपात्रको सिर्जना गर्दै आफ्ना भावनाहरू अभिव्यक्त गरेको टिप्पणी गरेका छन् । त्यसैगरी पौडेलले यस पुस्तकमा समको 'तलतल' र 'भूत' कथाको विश्लेषण गरेका छन् । यी कथाहरूमा उनले बालपात्रहरूको सिर्जना गरी उनीहरूको बालमानसिकतालाई केलाएको कुरा पौडेलले बताएका छन् । पौडेलले बालमानसिकतालाई बुझेर सोही अनुरूप व्यवहार गरेमा बालकहरू सही बाटोमा आउन सक्छन् भन्ने विचार प्रस्तुत गरेका छन् । त्यसैगरी समको 'भूत' कथामा बालबालिकाहरूको उद्दण्ड व्यवहारको चित्रण गरिएको पौडेलले वताएका छन् ।

**रामचन्द्र पोखरेल, ऐतिहासिक नाटक र नाटककार बालकृष्ण सम,** (**काठमाडौंः भूँडीपुराण प्रकाशन, २०६५ प्र.स.**)

रामचन्द्र पोखरेलद्वारा लेखिएको **ऐतिहासिक नाटक र नाटककार बालकृष्ण सम** पुस्तक २०६५ सालमा प्रकाशित गरिएका हो । प्रसतुत पुस्तकमा पोखरेलले ऐतिहासिक नाटकको सैद्धान्तिक स्वरूप प्रस्तुत गर्दै ऐतिहासिक नाटकका तत्त्वहरूको पनि चर्चा गरेका छन् । प्रस्तुत पुस्तकमा पोखरेलले समपूर्वको ऐतिहासिक नेपाली नाटकको स्थितिलाई देखाउँदै उनले ऐतिहासिक नाटक लेखनको प्रेरणा परिवारिक अनुभव, जीवनका वैयक्तिक अनुभव र उनले अध्ययनबाट प्राप्त गरेको अनुभव आदिबाट प्राप्त गरेको कुरा बताएका छन् । प्रस्तुत पुस्तकमा पोखरेलले समका ऐतिहासिक पूर्णाङ्की तथा एकाङ्की नाटकहरूको चर्चा गरेका छन् । पोखरेलले समको ऐतिहासिक नाटकहरू 'भक्तभानुभक्त', 'अमरसिंह',

'भीमसेनको अन्त्य', 'मोतीराम', 'नालापानीमा', 'रणदुल्लभ' आदिलाई नाटकीय तत्त्वका आधारमा विश्लेषण गरेका छन् । समले शास्त्रीय एवं सांस्कृतिक परम्परालाई अंगाली शुद्ध ऐतिहासिक नाटकको रचना गरेको कुरा पोखरेलले बताएका छन् । समका ऐतिहासिक नाटकको कथावस्तु तत्कालीन नेपालीको राजनैतिक, प्रशासनिक सामाजिक धार्मिक, सास्कृतिक आर्थिक स्थितिलाई प्रस्तुत गरेको कुरा पोखरेलले बताएका छन् । समले जीवन जगत्मा प्राप्त सबै प्रकारका व्यक्तित्व र मानवीय गुण-दोषले युक्त चरित्रहरु समावेश गरेको कुरा पोखरेलले टिप्पणी गरेका छन् । पात्र अनुकूलको संवाद प्रयोग गरिएको समका नाटकहरूमा आन्तरिकर बाह्य दुवै द्वन्द्व सशक्त रूपमा रहेको पोखरेलले उल्लेख गरेका छन् । पोखरेलले समका सम्पूर्ण ऐतिहासिक नाटकहरूमा नेपालीमा राष्ट्रप्रेमको भावना जागृत गरी नेपालीलाई व्यापक विस्तृत भावनामा रही राष्ट्रोत्थानमा समर्पित रहन उत्प्रेरित गरेको कुरा बताएका छन् । तसर्थ समका ऐतिहासिक नाटकहरू सिङ्गो नेपाली नाट्य साहित्यकै बहुमुल्य सम्पदा मानिएको कुरा पोखरेलले टिप्पणी गरेका छन् ।

# तेस्रो परिच्छेद

## बालकृष्ण समसम्बन्धी फुटकर लेखका रूपमा पत्रपत्रिका भित्र गरिएको अध्ययन

विभिन्न लेखक तथा समालोचकहरूले गरेका विभिन्न अध्ययन तथा सर्वेक्षणहरू फुटकर लेखका रूपमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भेटिन्छन् । ती लेख तथा समालोचकहरूले समको नाट्यकारिता, कवित्व, निबन्धकारिता, भेटघाट र समको साहित्यिक योगदान आदि विषयलाई लिएर चर्चा गरेका छन् । प्रस्तुत शोधपत्रमा २०४१ सालदेखि २०६६ सालसम्म समका बारेमा लेखिएका विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख रचनाहरू बारेको टिप्पणी कालक्रमिक रूपमा क्रमशः प्रस्तुत गरिएको छ ।

**गोपालप्रसाद शर्मा, 'समको 'म' नाटक एक विवेचनात्मक अध्ययन', गरिमा वर्ष २, अङ्क ७, २०४१, पृ. ८२-८५ ।**

गोपालप्रसाद शर्माद्वारा लेखिएको 'समको 'म' नाटक एक विवेचनात्मक अध्ययन' शीर्षकको लेख **गरिमा** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा शर्माले बालकृष्ण समद्वारा लेखिएको सामाजिक संयोगान्त नाटक 'म' को विवेचना गरेका छन् । प्रस्तुत नाटकको नायक इन्द्रवीरले आफ्नी पत्नी प्रभालाई असभ्य पाखे ठानी उपेक्षा गरेको र पछि त्यही पत्नी आफ्नो अगाडि सभ्य र प्रभावशाली रूपमा प्रस्तुत हुँदा उ पत्नीलाई स्वीकार्न तयार भएको कुरा शर्माले प्रस्तुत लेखमा उल्लेख गरेका छन् । शर्माले प्रस्तुत लेखमा समले आफ्ना नारी आवाजहरूलाई प्रभाका माध्यमबाट व्यक्त गरेको बताएका छन् । दुष्ट प्रवृत्तिमा लागेको कुमार्गी पुरुष पनि नारीका धैर्यता र सहिष्णुताले पुच्छर लुकाएर सुमार्गमा आउँछन् र त्यस्ता बिग्रिएकालाई सही मार्गमा ल्याउने काम नारीले नै गर्नुपर्छ भन्ने समको धारणालाई शर्माले यस लेखमा उल्लेख गरेका छन् ।

**दयाराम श्रेष्ठ, 'समको व्यापकताको आयाम', मधुपर्क वर्ष १८, अङ्क ३, पूर्णाङ्क १९४, २०४२ (साउन) पृ. १६-२० ।**

'समको व्यापकताको आयाम' शीर्षकको लेख दयाराम श्रेष्ठद्वारा लेखिएको हो । प्रस्तुत लेख **मधुपर्क** पत्रिकामा प्रकाशित भएको छ । प्रस्तुत लेखमा श्रेष्ठले महान् नाटककार बालकृष्ण समको साहित्यिक कृति र व्यापकताको आयामको चर्चा गरेका छन् । श्रेष्ठले समको 'चिसो चुल्हो' महाकाव्य गद्यमा लेखिएको भएता पनि कवितामा लेखिएको हुँदा महाकाव्यको रूपमा राख्न सकिने कुरा बताएका छन् । श्रेष्ठले समका  पद्य नाटकहरू

'मुटुको व्यथा', 'मुकुन्द-इन्दिरा', 'प्रल्हाद', 'अमरसिंह', 'अन्धवेग' आदिको पनि उल्लेख गरेका छन् । श्रेष्ठले समको 'मुटुको व्यथा' नाटकको प्रकाशनसँगै माध्यमिककालीन नाट्यप्रवृत्तिको अन्त्य भई आधुनिकताको प्रारम्भ भएको भनी टिप्पणी गरेका छन् । समले आफ्ना साहित्यिक कृति निर्माण गर्दा सामाजिक, मनोवैज्ञानिक, पौराणिक ऐतिहासिक मात्र नभई यथार्थ परिवेश वरपरका मानिसहरूको व्यथालाई समेटेको शर्माले जानकारी दिएका छन् । श्रेष्ठले समको 'मेरो कविताको आराधना' आत्मजीवनी भित्र नेपालको राजनैतिक समाज सामाजिक जीवनक्रमको राणाकालीन इतिहास समायोजित रहेको बताउँदै उनलाई हामीले नाटककार, निबन्धकार, कवि, दार्शनिक आदिको नामबाट चिन्न सकिने विचार उल्लेख गरेका छन् ।

**केशवप्रसाद उपाध्याय, 'नाट्यसम्राट् बालकृष्ण समसँग केही छिन', मधुपर्क वर्ष १९, अङ्क ९, पूर्णाङ्क ११२, २०४३, पृ. १६-२३ ।**

केशवप्रसाद उपाध्यायद्वारा लेखिएको 'नाट्यसम्राट् बालकृष्ण समसँग केही छिन' शीर्षकको लेख **मधुपर्क** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा उपाध्यायले बालकृष्ण समसँग प्रत्यक्ष बसेर भेट्न र साहित्यिक चर्चा गर्न पाउने कुराले मनमनै खुशी भएको र उनको घरमा जाँदा भोग्नुपरेको कठिनाई पनि उल्लेख गरेका छन् । उपाध्यायसँगको अर्न्तवार्तामा समले आफू भौतिकवादी लेखक भएको र नाटक रचना गर्दा रङ्गमञ्च अनुसार लेखिनु पर्ने होइन कि नाटक अनुसारको रङ्गमञ्च हुनुपर्ने कुरा बताएको उपाध्यायले प्रस्तुत लेखमा उल्लेख गरेका छन् । समका अनुसार नेपाली नाटकको विकास हुन नसक्नुको कारण जनरुचिको अभाव, हिन्दी, सिनेमाको प्रभाव, आर्थिक कमजोरी आदि रहेको उपाध्यायले उल्लेख गरेका छन् । यसरी उपाध्यायले प्रस्तुत लेखमा समसँगको प्रत्यक्ष भेटघाट र कुराकानीलाई उल्लेख गरेका छन् ।

**कृष्ण गौतम, 'मनोवैज्ञानिक दृष्टिकोणभित्र समको 'प्रल्हाद' नाटक' मधुपर्क, वर्ष २१, अंक २, पूर्णाङ्क २३०, २०४५ (साउन), पृ. ५१-५४ ।**

कृष्ण गौतमद्वारा लेखिएको 'मनोवैज्ञानिक दृष्टिकोणभित्र समको 'प्रल्हाद' नाटक' शीर्षकको लेख **मधुपर्क** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा गौतमले बालकृष्ण समको 'प्रल्हाद' नाटक भित्रको मनोवैज्ञानिक दृष्टिकोणलाई केलाएका छन् । गौतमले विज्ञानको क्षेत्रमा खोज निरन्तर जारी रहने भएकोले यसै क्रममा प्रसिद्ध मनोविद् फ्रायडको इडिपस ग्रन्थी अनुरूप 'प्रल्हाद' नाटकमा पनि प्रल्हादको अचेत स्तरमा रहेको पितृमृत्युकामना पूरा भएको र सचेत स्तरमा आफूलाई बन्धनभित्र देखाएर भौतिक कर्तव्य

पूरा गर्दै प्रल्हाद अचेतको अनुकूल भई उम्केको भनी टिप्पणी गरेका छन् । गौतमले प्रस्तुत लेखमा समभित्र पनि इडिपसग्रन्थी रहेको र आफूलाई हुर्काउने, बढाउने, गुनकेशरीप्रति मातृप्रेमग्रन्थी विकास भएको र बाजे डम्वर शमशेरप्रति घृणा भएको कुरा उल्लेख गरेका छन् । यसै आधारमा 'प्रल्हाद' नाटक भित्रको मनोवैज्ञानिक दृष्टिकोणलाई गौतमले प्रस्तुत गरेका छन् ।

**शुकेश्वर पाठक, 'मुकुन्द-इन्दिरा' एक विवेचना', तन्नेरी वर्ष ११, अङ्क ५, २०४६ (कात्तिक) पृ. १०८-१०९ ।**

शुकेश्वर पाठकद्वारा लेखिएको 'मुकुन्द-इन्दिरा' एक विवेचना' शीर्षकको लेख **तन्नेरी** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा पाठकले नाट्यसम्राट् बालकृष्ण समद्वारा लेखिएको 'मुकुन्द-इन्दिरा' नाटकको विवेचना गरेका छन् । पाठकले समको 'मुकुन्द-इन्दिरा' नाटक सामाजिक विषयवस्तुमा आधारित रहेको र हिन्दूधर्मालम्बी समाज, राम सीताको पथचिन्हमा आधारित भावनात्मक दाम्पत्य जीवनको कसीमा नायिकाको त्यागमय सहनशीलता एवं पतिव्रता सम्बन्धलाई उल्लेख गरेका छन् । पाठकले प्रस्तुत नाटकमा पुरुषप्रधान समाजमा नारी अवस्थालाई धर्मभीरुता, सामाजिक बन्धन, परिवारिक दायित्व वा पत्नी धर्मका आधारमा प्रस्तुत गरी इन्दिरालाई हाम्रो समाजको सम्पूर्ण नारी जातिको प्रतीकको रूपमा उभ्याइएको कुरा उल्लेख गरेका छन् । यस नाटकको भाषा पद्यात्मक रहेको र नाटक सुखान्तमा गएर टुङ्गिएको कुरा पनि पाठकले उल्लेख गरेका छन् ।

**जनकराज पन्त, 'समको 'बुहार्तन' एकाङ्कीः एक विवेचना', कुञ्जिनी वर्ष १, अङ्क १, २०४६, पृ. ७८-८० ।**

जनकराज पन्तद्वारा लेखिएको 'समको 'बुहार्तन' एकाङ्की एक विवेचना' शीर्षकको लेख **कुञ्जिनी** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा पन्तले बालकृष्ण समलाई नेपाली साहित्यका बहुमुखी प्रतिभाका रूपमा चिनाउँदै उनको 'बुहार्तन' एकाङ्कीको चर्चा गरेका छन् । पन्तले समको बुहार्तन एकाङ्की सामाजिक विषयवस्तुमा आधारित रहेर लेखिएको सुखान्त नाटकको रूपमा रहेको टिप्पणी गरेका छन् । मध्यमवर्गीय परिवारको परिवारिक कलह, पुरुष सत्तात्मक समाजमा पुरुषहरूले नारीप्रति गर्ने व्यवहार र स्वयम् नारीले नै नारीमाथि गर्ने व्यवहारलाई यस नाटकमा समले प्रस्तुत गरेका छन् भनी पन्तले उल्लेख गरेका छन् । पन्तले प्रस्तुत लेखमा यस एकाङ्कीको भाषा कलात्मक रहेको बताउँदै

दरबारिया वातावरणमा रहेर पनि मध्यमवर्गीय मानसिकतालाई चित्रण गर्न सक्नु समको नाट्यकुशलता र सफलता हो भनी आफ्ना विचार व्यक्त गरेका छन् ।

**हिमांशु थापा, 'नेपाली नाट्यकलामा समको योगदान' गरिमा वर्ष ३, अङ्क २, पूर्णाङ्क ९८, २०४७ (माघ), पृ. ६९-७० ।**

**गरिमा** पत्रिकामा प्रकाशित रहेको 'नेपाली नाट्यकलामा समको योगदान' शीर्षकको लेख हिमांशु थापाद्वारा लेखिएको हो । प्रस्तुत लेखमा थापाले नेपाली नाट्यकलामा बालकृष्ण समको के-कस्तो योगदान रहेको छ भन्ने कुराको चर्चा गरेका छन् । समले मध्यामिककालीन नाट्यप्रवृत्तिलाई तोड्दै आधुनिकताको आरम्भ गरी नेपाली नाट्यक्षेत्रमा नयाँ दृष्टिकोण ल्याएको कुरा उल्लेख गरेका छन् । थापाले विशुद्ध मौलिक र नवीन सामाजिक परिवेशमा आधुनिक नेपाली नाटकको रचना गर्ने श्रेय बालकृष्ण समलाई दिएको कुरा व्यक्त गरेका छन् । थापाले समले छ दशक सम्म नेपाली नाटक साहित्यको संरक्षण र सम्बर्द्धनमा अतुलनीय योगदान पुऱ्याएको टिप्पणी गरेका छन् । पूर्वीय र पाश्चात्य दुवै चिन्तनको अनुसरण गरेका समका नाटकमा आदर्शवादी, स्वच्छन्दतावादी, यथार्थवादी, प्रतीकवादी प्रवृत्ति र शिल्प विधिको समष्टि रूप उनको नाटकमा भेट्न सकिने थापाले प्रस्तुत लेखमा टिप्पणी गरेका छन् ।

**डा. मोहनहिमांशु थापा, 'बालकृष्ण समको नाट्य प्रवृत्तिको आधारभूमि' रश्मि, वाङ्मयविशेषाङ्क २०४९, पृ. ३९-४५ ।**

'बालकृष्ण समको नाट्यप्रवृत्तिको आधारभूमि' शीर्षकको लेख डा. मोहनहिमांशु थापाद्वारा लेखिएको हो । यो लेख **रश्मि** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा थापाले बालकृष्ण समको नाट्यप्रवृत्तिको आधारभूमिको चर्चा गरेका छन् । थापाले दुःखको सचेतना र संवेदनाबाट समको भावभूमि निर्माण भएको हुँदा उनको व्यक्तित्व एकान्तप्रेमी शान्त गम्भीर र अन्तर्मुखी रहेको कुरा उल्लेख गरेका छन् । थापाले समलाई दिदी र छोरासँगको दारुण वियोगान्त घटनाले निकै प्रभाव पारेको हुँदा र दुःख र वियोगको तीव्र चेतनाले उनलाई बौद्धिक धरातल प्रदान गरेको र यही बौद्धिक सचेतना नै उनको लागि सबल आधारभूमि भएको कुरा टिप्पणी गरेका छन् । समभित्र सांस्कारिक रूपमा रहेको जीवनमा आईपरेका दुःखात्मक घटना र महविद्यालयबाट प्राप्त विज्ञानको अध्ययन नै यसको परिणामको रूपमा रहेको थापाले प्रस्तुत लेखमा बताएका छन् । यिनै आधारमा समको नाट्यप्रवृत्तिको आधारभूमि निर्माण भएको थापाले उल्लेख गरेका छन् ।

**केशवप्रसाद उपाध्याय, 'बालकृष्ण समका  नाटकहरूको रङ्गमञ्चीय चर्चा', गरिमा वर्ष १२, अङ्क २, पूर्णाङ्क १३४ (२०५०), पृ. १४-२० ।**

केशवप्रसाद उपाध्यायद्वारा लेखिएको 'बालकृष्ण समको नाटकको रङ्गमञ्चीय चर्चा' शीर्षकको लेख **गरिमा** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेख उपाध्यायद्वारा समको एकानब्बेऔँ पुण्यतिथिका अवसरमा उनको पुण्यस्मृतिमा समर्पित रही लेखिएको हो । प्रस्तुत लेखमा उपाध्यायले सम आफ्नो लामो रङ्गमञ्चीय दृष्टिमा कुशल अभिनेता र सफल निर्देशकका रूपमा रहेको चिनाउँदै उनका प्रायजसो नाटकहरू मञ्चनयोग्य रहेको र मञ्चन पनि भएको कुरा टिप्पणी गरेका छन् । प्रस्तुत लेखमा उपाध्यायले समको दैनिकीबाट आफूले टिप्न सकेको नाट्यमञ्चनसम्बन्धी विवरण प्रस्तुत गर्दै उनको पहिलो मंञ्चीय नाटक 'प्रेम' रहेको कुरा उल्लेख गरेका छन् । यसपछि उनका लगभग दुई दर्जनजति नाटकहरूको मञ्चन भएको उपाध्यायले बताएका छन् । प्रस्तुत लेखमा उपाध्यायले समका मञ्चित नाटकहरूका बारेमा अन्य लेखकहरूले गरेको चर्चा परिचर्चाको पनि उल्लेख गरेका छन् ।

**श्रीहरि फयाँल, 'बालकृष्ण सम र 'चिसो चुल्हो' महाकाव्य', गरिमा वर्ष १२, अङ्क २, पूर्णाङ्क १३४, २०५०, पृ. ९३-९७ ।**

**गरिमा** पत्रिकामा प्रकाशित रहेको 'बालकृष्ण सम चिसो चुल्हो महाकाव्य' शीर्षकको लेख श्रीहरि फयाँलद्वारा लेखिएको हो । प्रस्तुत लेखमा फयाँलले महाकाव्यकार बालकृष्ण समको संक्षिप्त जीवनीको चर्चा गर्दै समको 'चिसो चुल्हो' महाकाव्यको विवेचना गरेका छन् । फयाँलले 'चिसो चुल्हो' महाकाव्यको कथानक प्रस्तुत गर्दै यस महाकाव्यको नवीनतम पक्षलाई केलाएका छन् । महाकाव्यीय मान्यताभन्दा वेग्लै रूपमा लेखिएको यस 'चिसो चुल्हो' महाकाव्यको प्रारम्भ, कथावस्तु, पात्र, संरचना, भाषा आदिमा नयाँपन भेट्न सकिने कुरा फयाँलले उल्लेख गरेका छन् । नेपाली जनजीवनको चित्रण गरिएको प्रस्तुत महाकाव्यमा चिसो चुल्होको प्रतीकात्मक अर्थका रूपमा नबलेको चुल्हो (भोको) हो भन्ने आफ्नो धारणा फयाँले राखेका छन् । फयाँलले यस महाकाव्यमा जतिसुकै मानवतावादी स्वर फुकेपनि समाज अन्धविश्वास र रूढीवादिताबाट मुक्त हुन नसकेको बताएका छन् ।

**केशवप्रसाद उपाध्याप, 'बालकृष्ण समको नाट्यप्रवृत्ति', गरिमा वर्ष १२ अंक ५, २०५१ ( वैशाख)** पृ. २४८-२५८ ।

'बालकृष्ण समको नाट्यप्रवृत्ति' शीर्षकको लेख **गरिमा** पत्रिकामा प्रकाशित भएको छ । प्रस्तुत लेख केशवप्रसाद उपाध्यायद्वारा लेखिएको हो । उपाध्यायले प्रस्तुत लेखमा

नाटककार बालकृष्ण समको नाट्यप्रवृत्तिको चर्चा गरेका छन् । उपाध्यायले नाटककार समले विशेषगरी सेक्सपियरका दुःखान्त नाटकबाट प्रभावित रही नाटक रचना गरेको जानकारी दिएका छन् । समले पाश्चात्य र पूर्वीय दुवैथरी नाट्यप्रवृत्तिको ज्ञान प्राप्त गरेको हुँदा दुवैलाई संयोजित गरी नाटक रचना गरेको उपाध्यायले टिप्पणी गरेका छन् । उपाध्यायले समको नाट्यप्रवृत्तिलाई कथावस्तुगत प्रवृत्ति, रूपविधानगत प्रवृत्ति, शैलीशिल्पगत प्रवृत्ति, संरचनागत प्रवृत्ति, संवादरचनासम्बन्धी प्रवृत्ति, चरित्राङ्कन प्रवृत्ति, भाव र विचारगत प्रवृत्ति आदिका आधारमा चर्चा गरेका छन् । विभिन्न नाट्यशैलीबाट प्रभावित रहे पनि समलाई आदर्शोन्मुख यथार्थवादी धाराका प्रयोगशील परिष्कारवादी नाटककार भन्न सकिने विचार उपाध्यायले व्यक्त गरेका छन् ।

**केशवप्रसाद उपाध्याय, 'अमरसिंह' र 'भीमसेनको अन्त्य' नाटकको तुलनात्मक अध्ययन', गरिमा वर्ष १२, अङ्क ५, २०५१ (वैशाख), पृ. ३१२-३२० ।**

केशवप्रसाद उपाध्यायद्वारा लेखिएको 'अमरसिंह' र 'भीमसेनको अन्त्य' नाटकको तुलनात्मक अध्ययन' शीर्षकको लेख **गरिमा** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा उपाध्यायले समका ऐतिहासिक नाटकहरू 'अमरसिंह' र 'भीमसेनको अन्त्य' लाई कथावस्तु, पात्र, भाषा, द्वन्द्व आदिका आधारमा तुलनात्मक अध्ययन गरेका छन् । दुवै नाटक ऐतिहासिक विषयवस्तुलाई लिएर रचना गरिएको भएता पनि 'अमरसिंह' नाटकमा काल्पनिकताको मिश्रण भेट्न सकिने उपाध्यायले उल्लेख गरेका छन् । उपाध्यायले 'अमरसिंह' नाटकको कथावस्तु राष्ट्रिय एकता, कुटनैतिक दाउपेच र वीरत्वमूलक भावनाबाट विकसित भएको र 'भीमसेनको अन्त्य' नाटकको कथावस्तु दरबारिया खिचातानी, षडयन्त्र र जालझेलमा विकसित भएको बताएका छन् । दुवै नाटकमा राष्ट्रवादी भावना व्यक्त भएको र पद्यात्मक भाषामा रचिएको उपाध्यायले उल्लेख गरेका छन् । उपाध्यायले 'अमरसिंह' नाटकको भाषा आदर्शता र 'भीमसेनको अन्त्य' नाटकमा यथार्थता भेट्न सकिने कुरा उल्लेख गरेका छन् ।

**कृष्णहरि बराल, 'रणदुल्लभ' एकाङ्कीको विश्लेषण' समकालीन साहित्य वर्ष ४, अंक ४, पूर्णाङ्क १६, २०५१, पृ. ४८-६२ ।**

कृष्णहरि बरालद्वारा लेखिएको 'रणदुल्लभ' एकाङ्कीको विश्लेषण शीर्षकको लेख **समकालीन साहित्य** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा बरालले 'चार एकाङ्की' सङ्ग्रहमा सङ्कतिल बालकृष्ण समको ऐतिहासिक दुःखान्त नाटक 'रणदुल्लभ'को चर्चा गरेका छन् । बरालले प्रस्तुत एकाङ्कीलाई विषयवस्तु पात्रविधान, द्वन्द्व, भाषा प्रयोग, अभिनय, काव्यात्मक न्याय, मूल्याङ्कन र निष्कर्ष आदि शीर्षकका आधारमा विश्लेषण गरेका छन् ।

बरालले प्रस्तुत एकाङ्कीमा गोरखाका राजा पृथ्वीपतिका छोरा रणदुल्लभले राष्ट्रहितको निम्ति गरेको आत्मबलिदानलाई मुख्य कथ्य बनाई लेखिएका र यो एकाङ्की चरित्रदोषको कारणले दुःखान्त बन्न पुगेको कुरा उल्लेख गरेका छन् । बरालले अन्त्यानुप्रासहीन अनुष्टुप छन्दमा रचिएको प्रस्तुत एकाङ्कीको भाषा पद्यात्मक रहेको र आन्तरिक र बाह्य दुवै द्वन्द्व सशक्त रूपमा प्रयोग भएको टिप्पणी गरेका छन् ।

**मोहनहिमांशु थापा, 'बालकृष्ण  समपूर्वको नाट्यकला' मिमिरे वर्ष २३ अङ्क ८, २०५१ माघ पृ. १९७-२०१ ।**

**मिमिरे** पत्रिकामा प्रकाशित रहेको 'बालकृष्ण समपूर्वको नाट्यकला शीर्षकको लेख मोहनहिमाशु थापाद्वारा लेखिएको हो । प्रस्तुत लेखमा थापाले समपूर्वको नेपाली नाट्यकला कस्तो थियो भन्ने बारेमा चर्चा गरेका छन् । थापाले विभिन्न संस्कृत भाषाका नाटकहरू अनुवाद गर्ने क्रममा 'हास्यकदम्ब' र 'मुद्राराक्षस' जस्ता नाटकहरूको अनुवाद गरिएको कुरा उल्लेख गरेका छन् । अन्य संस्कृत नाटकहरूको अनुवाद गर्ने क्रममा मोतीराम, शम्भुप्रसाद ढुङ्गेल, लेखनाथ, राममणि आदि लेखकहरू देखा परेको थापाले जानकारी दिएका छन् । डम्बर शमशेरले फारसी थिएटर नाटकको अवलोकन गरेपछि नेपालमा पनि नाटक रचना गरी प्रदर्शन गर्ने कार्यको सुरुवात भएको थापाले बताएका छन् । त्यसपछि अनुवाद र रूपान्तरण परम्परालाई कायम राख्दै विभिन्न नाटकहरूको रचना र प्रर्दशन हुने क्रममा पहलमानसिंह स्वारको वियोगान्त नाटक 'अटलबहादुर' को पनि प्रदर्शन भएको थापाले टिप्पणी गरेका छन् । यसरी समपूर्वको नेपाली नाट्यकलामा पूर्वीय, पाश्चात्य र लोक नाट्यतत्त्वको प्रभाव रहेको थापाले उल्लेख गरेका छन् ।

**रामचन्द्र पोखरेल, 'मुटुको व्यथाः एक अध्ययन', गरिमा वर्ष १३, अङ्क २, पूर्णाङ्क १४६, २०५१, पृ. ४२-६१ ।**

रामचन्द्र पोखरेलद्वारा लेखिएको 'मुटुको व्यथाः एक अध्ययन' शीर्षकको लेख गरिमा पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा पोखरेलले विशुद्ध मौलिक र सामाजिक जनजीवनमा आधारित रहेर लेखिएको समको 'मुटुको व्यथा' नाटकबाट आधुनिककालको सुरुवात भएको टिप्पणी गरेका छन् । प्रस्तुत नाटकमा माधवले कपिलालाई, कपिलाले शनकलाई, शनकले भारतीलाई, भारतीले गुण्डालाई प्रेम गरेको देखाई चतुष्कोणात्मक प्रेमप्रसङ्गलाई देखाइएको पोखरेलले बताएका छन् । प्रस्तुत लेखमा पोखरेलले नाटकका पात्रहरूमा माधव कपिलाको प्रेममा विह्वल हुँदै मरेको, कपिला लोग्ने र भारतीको अनैतिक

व्यवहारबाट अनि र छोरी र माधवको मृत्युको सामाचारले मुटु फुटेर मरेको र शनक आफै सेरिएर मरेको हुँदा नाटक दुःखान्त स्थितिमा गएर टुङ्गिएको बताएका छन् । ती पात्रहरूको चारित्रिक कमजोरीको कारणले गर्दा नाटक दुःखान्तमा गएर टुङ्गिएको विचार पोखरेलले व्यक्त गरेका छन् ।

**घनश्याम परिश्रमी, 'दुःखान्त नाटकको रूपमा 'अन्धवेग'को समीक्षण', समकालीन साहित्य वर्ष ५, अङ्क ३, पूर्णाङ्क १९, २०५२, पृ. ११३-११८ ।**

घनश्याम परिश्रमीद्वारा लेखिएको 'दुःखान्त नाटकको रूपमा 'अन्धवेग' को समीक्षण' शीर्षकको लेख **समकालीन साहित्य** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा परिश्रमीले बालकृष्ण समको दुःखान्त नाटक 'अन्धवेग'को चर्चा गरेका छन् । प्रस्तुत लेखमा परिश्रमीले जयवीर संयमित र असल चरित्रका रूपमा रहेको र पम्फा चरित्रहीन नारीले आफूभित्रको अतृप्त कामबासनाले गर्दा सोझो जयवीरलाई आफूतिर आर्कषित गर्न खोज्ने दुष्ट चरित्रको रूपमा रहेको टिप्पणी गरेका छन् । पम्फाकै कारणले गरुणध्वजले शंकाको भरमा गई जयवीरको हत्या गरेको हुँदा नाटक दुःखान्तमा परिणत भएको परिश्रमीले टिप्पणी गरेका छन् । यस नाटकले मूल समस्याको रूपमा यौन समस्यालाई उभ्याउँदै नाटकलाई दुःखान्तमा परिणत गराउने प्रमुख हात पम्फाको रहेको परिश्रमीले टिप्पणी गरेका छन् ।

**बाबुराम शर्मा 'हेमन्त', 'प्रवृत्तिगत सन्दर्भमा समको 'तलतल' कथाको विश्लेषण', गरिमा वर्ष १४, अङ्क २, पूर्णाङ्क १५८, २०५२ (माघ) पृ. ८४-८८ ।**

'प्रवृत्तिगत सन्दर्भमा समको 'तलतल' कथाको विश्लेषण' शीर्षकको लेख बाबुराम शर्माद्वारा लेखिएको हो । प्रस्तुत लेख **गरिमा** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा शर्माले बालकृष्ण समको साहित्यिक व्यक्तित्वको चर्चा गर्दै समका प्रकाशित कथाहरूबारे उल्लेख गरेका छन् । शर्माले समको प्रथम पटक बालमनोविज्ञानको प्रयोग भएको 'तलतल' कथाको विश्लेषण गरेका छन् । शर्माले प्रस्तुत कथामा 'गोपाल' भन्ने बालपात्रको बालमानसिकतालाई केलाउँदै हामीले बालमानसिकतालाई बुझेर सद्व्यवहार गर्नुपर्छ भन्ने विचार व्यक्त गरेका छन् । पारिवारिक समस्यालाई लिएर लेखिएको यस कथामा समाजमा घट्न सक्ने यथार्थ घटनालाई प्रस्तुत गरेको जानकारी शर्माले दिएका छन् । समका कथाको मूलप्रवृत्ति मनोविश्लेषणात्मकता, मानवता र सामाजिकता रहेको शर्माले टिप्पणी गरेका छन् ।

**खेम दाहाल, 'नेपाली साहित्यमा एकाङ्कीको विकास र रणदुल्लभ एकाङ्कीको विषयमा संक्षिप्त चिन्तन' गरिमा वर्ष १४, अङ्क २, पूर्णाङ्क १५८ २०५२ (माघ), पृ. ४४-५१ ।**

खेम दाहालद्वारा लेखिएको 'नेपाली साहित्यमा एकाङ्कीको विकास र 'रणदुल्लभ' एकाङ्कीको विषयमा संक्षिप्त चिन्तन' शीर्षकको लेख **गरिमा** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा दाहालले एकाङ्कीको विकास र एकाङ्कीको स्वरूपको चर्चा गरेका छन् । दाहालले विभिन्न एकाङ्कीकार र ती एकाङ्कीकारहरूका एकाङ्कीको उल्लेख गर्दै समको ऐतिहासिक विषयलाई लिएर लेखिएको रणदुल्लभ एकाङ्कीको चर्चा गरेका छन् । प्रस्तुत एकाङ्कीका नायक रणदुल्लभलाई वीर पराक्रमी र देशभक्त पात्रका रूपमा र दाजु वीरभद्र कमजोर ईर्ष्यालु पात्रका रूपमा रहेको दाहालले बताएका छन् । यस नाटकमा देशको निम्ति मरिमेटेर काम गर्ने देशभक्त र कर्तव्यनिष्ठ पात्र  रणदुल्लभवको स्वाभिमानमा चोट पर्दा कसरी आत्महत्यालाई आत्मसात् गर्न पुग्दछ भन्ने कुरा दाहालले व्यक्त गरेका छन् ।

**केशवप्रसाद उपाध्याय, 'सुखान्त-दुःखान्त नाट्यकलाको आलोकमा 'प्रल्हाद' नाटक', मधुपर्क, वर्ष २९, अङ्क ४, पूर्णाङ्क ३२७, २०५३ (भदौ), पृ. ६१-६५ ।**

केशवप्रसाद उपाध्यायद्वारा लेखिएको 'सुखान्त दुःखान्त नाट्यकलाको आलोकमा 'प्रल्हाद' नाटक' शीर्षकको लेख **मधुपर्क** पत्रिकामा प्रकाशित भएको छ । प्रस्तुत लेखमा उपाध्यायले समको 'प्रल्हाद' नाटकलाई सुखान्त वा दुःखान्त के मान्ने भन्ने विषयमा चर्चा गरेका छन् । पौराणिक कथावस्तुमा आधारित रहेर लेखिएको समको 'प्रल्हाद' नाटकमा प्रल्हाद कुलद्रोही देखिएता पनि कुलद्रोही भाव नराखी दैत्यलाई हिंसा-प्रतिहिंसाको आसुरी प्रवृत्ति त्यागी अहिंसाप्रेमी प्रेम र करुणाले भरिएको मानवीय मूल्य अँगाल्न आह्वान गरेको हुँदा प्रल्हादलाई सत्पात्रका रूपमा राख्न सकिने धारणा उपाध्यायले व्यक्त गरेका छन् । प्रस्तुत नाटकमा असत् माथि सत्को विजय भएको देखाई वेदव्यासको आदर्शवादी मूल्य र मान्यताको अनुसरण गरेको उपाध्यायले उल्लेख गरेका छन् । यसैले उपाध्यायले समको 'प्रल्हाद' नाटकको अध्ययन दुःखान्तको रूपमा नभएर सुखान्तको रूपमा गर्नु उचित र आवश्यक रहेको छ भनी आफ्नो धारणा व्यक्त गरेका छन् ।

**मीरादेवी धिताल, 'तलमाथि' नाटकको विवेचना', मधुपर्क, वर्ष २९, अङ्क ५, २०५३ (असोज), पृ. ५१-५३ ।**

मीरादेवी धितालद्वारा लेखिएको 'तलमाथि' नाटकको विवेचना' शीर्षकको लेख **मधुपर्क** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा धितालले ऐतिहासिक विषय वस्तुमा

लेखिएको समको 'तलमाथि' नाटकको विवेचना गरेकी छिन् । धितालले नाटकको कथावस्तु, पात्ररचना, कथोपकथन, भाषाशैली आदि नाटकीय तत्त्वका आधारमा विश्लेषण गरेकी छिन् । राणाकालीन जनजीवनमा आधारित प्रस्तुत नाटकमा केन्द्रीय पात्र सुर्जे निम्नवर्गीय पात्र भएर पनि जर्साबको विरुद्ध क्रान्तिकारी आन्दोलन गर्ने सफल पात्रको रूपमा रहेको धितालले टिप्पणी गरेकी छिन् । राणाहरूले जनतालाई कसरी अन्धकारमा राखेका थिए भन्ने यथार्थको उद्घाटन प्रस्तुत नाटकमा भएको धितालले बताएकी छिन् । समाजमा रहेको असमानतालाई हटाई प्रजातान्त्रिक मूल्य र मान्यताको स्थापना गर्नु नै यस नाटकको उद्देश्य रहेको धितालले टिप्पणी गरेकी छिन् ।

**खेम दाहाल, 'अन्धवेग' नाटक र मानवीय दुर्वलता', मिर्मिरे वर्ष २५, अङ्क ६, असोज २०५३) पृ. ५२-५८ ।**

**मिर्मिरे** पत्रिकामा प्रकाशित 'अन्धवेग' नाटक र मानवीय दुर्वलता' शीर्षकको लेख खेम दाहालद्वारा लेखिएको हो । प्रस्तुत लेखमा दाहालले समको दुःखान्त नाटक 'अन्धवेग'को चर्चा गरेका छन् । प्रस्तुत नाटककी नायिका पम्फाले पारिवारिक मर्यादा र धर्म बन्धनले गर्दा अतृप्त कामेच्छालाई दबाएर बस्दाबस्दै पनि जयवीरको प्रवेशले गर्दा धर्म अनुशासन र सदाचारलाई टेवा दिन नसकेको कुरा दाहालले उल्लेख गरेका छन् । एउटी चरित्रहीन स्वस्नीमान्छे आफूभित्र रहेको यौन असन्तुष्टिलाई तृप्त पार्न जुनसुकै कदम चाल्न पनि तयार हुन्छे भन्ने कुरा पम्फाको चरित्रबाट स्पष्ट भएको दाहालले टिप्पणी गरेका छन् । दाहालले प्रस्तुत नाटकमा पात्रहरूमा निहित मानवीय दुर्वलता वा आम कमजोरीका कारणले गर्दा मार्ने मर्नेमा परेको र नाटक दुःखान्तमा गएर टुङ्गिएको कुरा उल्लेख गरेका छन् ।

**युवराज मैनाली, 'नेपाली नाटकको विकासक्रममा बालकृष्ण सम', मिर्मिरे वर्ष २३, अङ्क ७, २०५३ (कात्तिक), पृ. ६४-७२ ।**

युवराज मैनालीद्वारा लेखिएको 'नेपाली नाटकको विकासक्रममा 'बालकृष्ण सम' शीर्षकको लेख **मिर्मिरे** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा मैनालीले मौलिक नेपाली नाट्यलेखनको अभाव रहेको समयमा समले विशुद्ध मौलिक, सामाजिक र वियोगान्त नाटक 'मुटुको व्यथा' लेखी नेपाली नाट्य साहित्यका क्षेत्रमा आधुनिकताको थालनी गरेको कुरा उल्लेख गरेका छन् । मैनालीले समको 'मुकुन्द इन्दिरा' नाटकमा आदर्शको उद्बोधन भएको र 'प्रल्हाद' नाटकमा समको वैचारिकता प्रस्तुत भएको कुरा टिप्पणी गरेका छन् । त्यसैगरी मैनालीले समको 'अमरसिंह' नाटकमा देश, राष्ट्रियता र उत्तरदायित्वको भाव

विकसित रहेको र 'प्रेमपिण्ड' नाटकमा भावनात्मक प्रेमको उद्‌बोधन गरिएको बताएका छन् । आजका मानिस भौतिक र मानसिक पीडाले ग्रस्त रहेको हुँदा समको हरेक रचनामा मानवतावादी स्वर गुञ्जित भएको मैनालीले बताएका छन् । नेपाली नाटकको विकासक्रममा समको महत्त्वपूर्ण योगदान रहेको मैनालीले टिप्पणी गरेका छन् ।

**केशवप्रसाद उपाध्याय, 'समका तीन अपूर्ण नाट्यकृति' गरिमा वर्ष १५, अङ्क २, पूर्णाङ्क १७०, २०५३ (माघ) ७-९ ।**

केशवप्रसाद उपाध्याद्वारा समजयन्तीका अवसरमा लेखिएको 'समका तीन अपूर्ण नाट्यकृति' शीर्षकको लेख **गरिमा** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा उपाध्यायले समद्वारा लेखिएको तीन अपूर्ण नाट्यकृति 'अज', 'पहिलो प्रेमपिण्ड' र 'स्वामी महाराज'को चर्चा गरेका छन् । उपाध्यायले समको 'अज' नाटक कालिदासको रघुवशमा पाईने अज र इन्दुमतीका दुःखान्त कथामा आधारित रही लेखिएको बताउँदै यस नाटकको ५९ पृष्ठ मात्र प्राप्त रहेको कुरा उल्लेख गरेका छन् । त्यसैगरी समको 'पहिलो प्रेमपिण्ड' नाटकको केही भाग प्राप्त नरहेको हुँदा यो पनि अपूर्ण नै रहेको उपाध्यायले बताएका छन् । उपाध्यायले समको 'स्वामी महाराज' नाटक रणबहादुर शाहको दुःखान्तीय कथालाई लिएर लेख्न थालेको तर कारणवश तीन अंक लेखेर बाँकी अपूर्ण रहेको हुँदा यो पनि अपूर्ण नाट्यकृतिको रूपमा रहेको टिप्पणी गरेका छन् । यसरी उपाध्यायले प्रस्तुत लेखमा समका तीन अपूर्ण नाट्यकृतिको चर्चा गरेका छन् ।

**घटराज भट्टराई, 'बालकृष्ण सम र नेपाली व्याकरण' मधुपर्क वर्ष २९, अङ्क १०, पूर्णङ्क ३३३, २०५३ (फगुन), पृ.४५ ।**

घटराज भट्टराईद्वारा लेखिएको 'बालकृष्ण सम र नेपाली व्याकरण' शीर्षकको लेख **मधुपर्क** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा भट्टराईले बहुमुखी प्रतिभाका धनी बालकृष्ण समका पुस्तक वा रचना पढ्दा उनले नेपाली व्याकरणका स्वीकृत मान्यतालाई पालना गरेका कुरा उल्लेख गरेका छन् । भट्टराईले समले नेपाली भाषा र साहित्यको उत्थानमा सक्रिय भूमिका निभाउँदै त्यति बेलाको गोरखा भाषा प्रकाशिनी समितिलाई नेपाली भाषा प्रकाशिनी समिति बनाउने कार्य गरी सोही संस्थाको अध्यक्षको रूपमा कार्य गरेको टिप्पणी गरेका छन् । यो संस्था नेपाली भाषा र साहित्यको उत्थानमा सक्रिय रहेको भट्टराइले बताएका छन् । भट्टराईले बालकृष्ण समको नाति जीवन शमशेरबाट प्राप्त उनको

भाषिक र सामाजिक मूल्यका केही पत्र प्राप्त गरेका र त्यी पत्रहरू पनि प्रस्तुत लेखमा उल्लेख गरेका छन् ।

**मोहन हिमांशु थापा, 'ऊ मरेकी छैन' नाटकको विवेचना', रजनी वर्ष २, अङ्क २, २०५३, पृ. १६-२० ।**

**रजनी** पत्रिकामा प्रकाशित रहेको 'ऊ मरेकी छैन' नाटकको विवेचना' शीर्षकको लेख मोहनहिमाशु थापाद्वारा लेखिएको हो । प्रस्तुत लेखमा थापाले समको पौराणिक प्रसङ्गलाई सामाजिक र आधुनिक सन्दर्भ प्रदान गरेर लेखिएको 'ऊ मरेकी छैन' नाटकको चर्चा गरेका छन् । 'स्कन्द पुराण'को केदार खण्डमा वर्णित शिवले सतीदेवीको लास बोकेको घटनामा आधारित प्रस्तुत नाटकमा मानिसको शरीर मरेपनि आत्मा कहिल्यै मर्दैन भन्ने पूर्वीय गीता दर्शनलाई पनि प्रस्तुत गरिएको विचार थापाले व्यक्त गरेका छन् । कान्तिको शिवगिरिप्रतिको आर्कषण र भुवनको कान्तिप्रतिको आकर्षणले गर्दा त्रिकोणात्मकताको स्थिति सिर्जना भएको थापाले उल्लेख गरेका छन् । थापाले कान्तिको आत्महत्याले गर्दा नाटक दु:खान्तमा परिणत भएको जानकारी दिएका छन् । थापाले प्रस्तुत नाटक वस्तुरचना, पात्रयोजना, संवाद, भाषाशैली, रङ्गमञ्चीयता, प्रती- कयोजना, शीर्षक सार्थकता आदि दृष्टिले हेर्दा उत्कृष्ट नाटकको रूपमा रहेको टिप्पणी गरेका छन् ।

**पूर्णप्रसाद अधिकारी, 'राष्ट्रवादी मान्यताको परिधिमा 'अमरसिंह' नाटकको समीक्षण', उन्नयन अङ्क २२, २०५३, पृ. ९५-११३ ।**

पूर्णप्रसाद अधिकारीद्वारा लेखिएको 'राष्ट्रवादी मान्यताको परिधिमा 'अमरसिंह' नाटकको समीक्षण' शीर्षकको लेख **उन्नयन** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा अधिकारीले बालकृष्ण समद्वारा लेखिएको ऐतिहासिक नाटक 'अमरसिंह' भित्रको राष्ट्रवादी मान्यताको चर्चा गरेका छन् । अधिकारीले प्रस्तुत लेखमा राष्ट्रियता शब्दको निर्माण र यसको अर्थ खुलाउँदै राष्ट्रियता र साहित्य, साहित्यकारको दायित्व र राष्ट्रयता, साहित्यकार बालकृष्ण सममा राष्ट्रवादी चेतना, 'अमरसिंह' नाटकमा राष्ट्रिवादी चेतना, अङ्कविधान, चारित्रिक संरचना, राष्ट्रिय भावधारा, रसविधान, उपसंहार गरी विविध शीर्षक दिई 'अमरसिंह' नाटक र यस भित्रको राष्ट्रवादी मान्यतालाई विश्लेषण गरेका छन् । प्रस्तुत नाटकमा समले अमरसिंह जस्तो देशभक्त र कर्तव्यनिष्ठ पात्रको सिर्जना गरी सम्पूर्ण नेपालीमा राष्ट्रिय भावनाको चेतना जगाउने प्रयास गरेको अधिकारीले टिप्पणी गरेका छन् ।

**मोहन भण्डारी, 'आगो र पानी' भित्रका सम', प्रतिभा, समालोचनाङ्क, वर्ष ५, क्रमाङ्क ५, २०५४, पृ. ३३-३४ ।**

मोहन भण्डारीद्वारा लेखिएको 'आगो र पानी' भित्रका सम' शीर्षकको लेख **प्रतिभा**को समालोचनाङ्कमा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा भण्डारीले समको 'आगो र पानी' खण्डकाव्य यसै सन्दर्भमा देखिएको भन्दै उनको खण्डकाव्यकारी व्यक्तित्वको चर्चा गरेका छन् । भण्डारीले खण्डकाव्यकार समले 'आगो र पानी' खण्डकाव्यभित्र मानव जीवनका सम्पूर्ण आरोह अवरोहहरूलाई केलाउँदै सृष्टिका सम्पूर्ण तत्वहरू द्वन्द्वमय भएको बताएका छन् । द्वन्द्वले पदार्थको स्वरूपमा ल्याएको परिवर्तन नै विकास भएको र यही प्रक्रियाको आधारमा मानव जीवन हुर्केको हुन्छ भन्ने विचार भण्डारीले प्रस्तुत लेखमा उल्लेख गरेका छन् । प्रस्तुत खण्डकाव्य भित्रका समलाई हेर्दा उनमा मानवतावादी, भौतिकवादी, विकासवादी, यथार्थवादी, भावनावादी, कोमलतावादी, बौद्धिकतावादी, दर्शन र चिन्तन जस्ता प्रवृत्ति रहेको कुरा भण्डारीले उल्लेख गरेका छन् ।

**मोहनहिमांशु थापा, 'प्रल्हाद' नाटकको वस्तुविन्यास', कुञ्जिनी, वर्ष ५, अंक ३, २०५४, पृ. ६२-६४ ।**

**कुञ्जिनी** पत्रिकामा प्रकाशित रहेको 'प्रल्हाद' नाटकको वस्तुविन्यास' शीर्षकको लेख मोहनहिमांशु, थापाद्वारा लेखिएका हो । प्रस्तुत लेखमा थापाले नाटककार बालकृष्ण समको पौराणिक कथावस्तुमा आधारित 'प्रल्हाद' नाटकको वस्तुविन्यासको चर्चा गरेका छन् । थापाले 'प्रल्हाद' नाटकको वस्तुयोजना, कार्यवस्था, अङ्क र दृश्य योजनाको उल्लेख गरेका छन् । थापाले प्रस्तुत नाटकको वस्तु योजना कार्योन्मुखता द्वन्द्वात्मकता, कलात्मकता र प्रभावात्मकताको सफल प्रयोग भएको कुरा बताएका छन् । प्रस्तुत नाटकको कार्यवस्था प्रारम्भ, विकास र अन्त्य गरी श्रृङ्खलित रूपमा रहेको थापाले टिप्पणी गरेका छन् । ५ अङ्क र १६ दृश्यमा विभक्त रहेको प्रस्तुत नाटक अङ्क र दृश्य योजनाका दृष्टिले सुव्यवस्थित र सु-सङ्गठित नाटकका रूपमा रहेको थापाले उल्लेख गरेका छन् । दुई दर्शन र चिन्तनबीचको द्वन्द्वलाई मूल रूपमा देखाइएको प्रस्तुत नाटक वस्तुविन्यासका दृष्टिले सफल रहेको थापाले टिप्पणी गरेका छन् ।

**देवीप्रसाद सुवेदी, 'मुकुन्द इन्दिरा'की इन्दिरामा आदर्श नारीत्व प्रस्थापनाको विश्लेषण', गरिमा वर्ष १६, अङ्क ६, २०५५ (जेठ), पृ. ६८-७५ ।**

गरिमा पत्रिकामा प्रकाशित रहेको 'मुकुन्द-इन्दिरा'की इन्दिरामा आदर्श नारीत्व प्रस्थापनाको विश्लेषण' शीर्षकको लेख देवीप्रसाद सुवेदीद्वारा लेखिएको हो । प्रस्तुत लेखमा

सुवेदीले नाटककार बालकृष्ण समको सामाजिक सुखान्त नाटक 'मुकुन्द इन्दिरा' को मूल नायिका इन्दिरामा रहेको आदर्श नारीत्व भावको चर्चा गरेका छन् । प्रस्तुत लेखमा सुवेदीले आदर्श र त्यसको मान्यता, साहित्यका सन्दर्भमा आदर्श नारी, पूर्वीय साहित्यमा आदर्श नारी, इन्दिरा र उनको आदर्श, मुकुन्द इन्दिरा र अन्य केही नाटकका मुख्य नारीपात्रहरूको तुलना जस्ता विविध उपशीर्षक दिई 'मुकुन्द इन्दिरा' नाटक र नायिका इन्दिराको चर्चा गरेका छन् । सुवेदीले प्रस्तुत लेखमा नायिका इन्दिरामा रहेको पतिभक्ति र आदर्श चरित्रले गर्दा पथभ्रष्ट पतिलाई पनि सही मार्गमा ल्याउन सफल भएको बताउँदै उनको चरित्रलाई पूर्वज आदर्श हिन्दू नारीहरू सीता र पार्वतीको कोटिमा राख्न सकिने कुरा व्यक्त गरेका छन् ।

**घनश्याम परिश्रमी 'ऊ मरेकी छैन' चर्चाको प्रसङ्गबाट ओझेल परेको नाटक' मधुपर्क वर्ष ३१, अङ्क ४ २०५५ (भदौ), पृ. १८७-१७१ ।**

घनश्याम परिश्रमीले 'ऊ मरेकी छैन' चर्चाको प्रसङ्गबाट ओझेल परेको नाटक' शीर्षकको लेख **मधुपर्क** पत्रिकामा प्रकाशित गराएका छन् । प्रस्तुत लेखमा परिश्रमीले स्कन्दपुराणको केदारखण्डमा पाईने स्वस्थानी व्रतकथामा आधारित धार्मिक तथा सामाजिक विषयवस्तुलाई लिएर लेखिएको 'ऊ मरेकी छैन' नाटकको चर्चा गरेका छन् । परिश्रमीले प्रस्तुत नाटकमा कान्ति र शिवगिरी बीचको प्रेम प्रसङ्गलाई देखाउँदै कान्तिले अन्य व्यक्तिसँग विवाह गर्नुपर्दा आत्महत्या गरेका घटनालाई देखाइएको टिप्पणी गरेका छन् । परिश्रमीले प्रस्तुत नाटकमा शरीर मरेर गए पनि आत्मा अमर हुन्छ भन्ने अध्यात्मवादी विचार समेत व्यक्त गरेको कुरा उल्लेख गरेका छन् । आध्यात्मिक महत्त्वको आदर्श प्रेम प्रतिबिम्बित रहेको प्रस्तुत नाटक हिन्दू धर्म, सामाजिक मान्यता, पूर्वीय आर्षदर्शन आदिका दृष्टिले यस नाटकको आफ्नै किसिमको महत्त्व रहेको परिश्रमीले बताएका छन् ।

**प्रभा भट्टराई, 'चिसो चुल्हो' महाकाव्य कि कविता सङ्ग्रह' मिर्मिरे, वर्ष २७, अङ्क १, पूर्णाङ्क १५६, २०५५ (भाद्र) पृ. १९-२२ ।**

प्रभा भट्टराईद्वारा लेखिएको 'चिसो चुल्हो' महाकाव्य कि कविता सङ्ग्रह' शीर्षकको लेख **मिर्मिरे** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा भट्टराईले समको 'चिसो चुल्हो'लाई महाकाव्य कि कविता सङ्ग्रह भन्ने विषयमा आफ्नो विचार व्यक्त गरेकी छिन् । पूर्वीय र पाश्चात्य महाकाव्य मान्यतालाई ख्यालै नगरी रचिएको प्रस्तुत काव्यमा कथावस्तु, पात्र, भाषा, आदिमा नौलोपन रहेको भट्टराईले टिप्पणी गरेकी छिन् । भट्टराईले 'चिसो चुल्हो'को भूमिकामा समले महाकाव्यको परिभाषा दिदा 'सम्लग्न रूपले लेखिएको धेरै

कविताहरूको सङ्ग्रह नै महाकाव्य हो' भनेको हुँदा चिसो चुल्होलाई कविता सङ्ग्रहको रूपमा लिन सकिने विचार व्यक्त गरेकी छिन् । भट्टराईले महाकाव्यसम्बन्धी शास्त्रीय र परम्परागत मान्यतालाई तोड्दै समले नौलो क्रान्तिकारी प्रयोग गरेता पनि यसलाई महाकाव्यको रूपमा स्थापित गराउन नसकिने कुरा बताउँदै चिसो चुल्होलाई उत्कृष्ट कोटिको नयाँ खालको कविता सङ्ग्रह भन्न सकिने विचार व्यक्त गरेकी छिन् ।

**प्रभा भट्टराई, 'अन्धवेगकी पम्फा र पम्फाको अन्धवेग', समकालीन साहित्य, वर्ष ८, अङ्क ३, पूर्णाङ्क ३१, २०५५, पृ. १३१-१३४ ।**

**समकालीन साहित्य** पत्रिकामा प्रकाशित रहेको 'अन्धवेगकी पम्फा र पम्फाको अन्धवेग' शीर्षकको लेख प्रभा भट्टराईद्वारा लेखिएको हो । प्रस्तुत लेखमा भट्टराईले समको अन्धवेग नाटकको केन्द्रीय पात्र पम्फाको चरित्र विश्लेषण गरेकी छिन् । भट्टराईले 'अन्धवेग' नाटकमा पम्फालाई सामान्यभन्दा बढी दुष्ट, अलच्छिनी, नीच र चरित्रहीन पात्रको रूपमा देखाई पतिव्रता नहुनाले विपत्ति आईलागेको धारणा व्यक्त गरेकी छिन् । पम्फाको पाप, व्यभिचार, घमण्ड र कामवासनाको आगोले गर्दा उसलाई मात्र नभई निर्दोष गरुडध्वज, जयवीर, भानु, चिञ्ची, ठुल्नानी सबैलाई खरानी बनाएको भट्टराईले उल्लेख गरेकी छिन् । पम्फा यस नाटककी शक्तिशाली पात्रको रूपमा देखा परेकी हुँदा उसको व्यक्तित्वले जयवीर र गरुडध्वजलाई समेत कुल्चेको छ । उभित्रको अन्धवेगको प्रभावले सबै पात्र ध्वस्त भई नाटक वियोगान्तमा टुङ्गिएको कुरा भट्टराईले उल्लेख गरेकी छिन् ।

**महादेव अवस्थी, 'ऊ मरेकी छैन' नाटकका विशेषता प्राप्ति र अप्राप्ति', गोधुलि, पूर्णाङ्क ९, २०५५, पृ. ६१-६७ ।**

महादेव अवस्थीद्वारा लेखिएको 'ऊ मरेकी छैन' नाटकको विशेषता प्राप्ति र अप्राप्ति' शीर्षकको लेख **गोधुलि** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा अवस्थीले बालकृष्ण समद्वारा लेखिएको 'ऊ मरेकी छैन' नाटकको विशेषता देखाउँदै यसका प्राप्ति र अप्राप्तिलाई पनि केलाएका छन् । हिन्दुपुराणमा शिवसतीको कथा प्रसङ्गलाई मौलिकता भर्दै लेखिएको प्रस्तुत नाटकको कथावस्तुलाई प्रारम्भ भाग, विकास भाग, चरमोत्कर्ष भाग, प्रतिचरमोत्कर्ष भाग र उपसंहार गरी ५ भागमा विभाजित गर्दै अवस्थीले वर्णन गरेका छन् । अवस्थीले प्रस्तुत नाटकमा अध्यात्मवादी सामाजिक पक्षको विजय र नयाँ भौतिकवादी परिवेशको पराजय देखाइएको कुरा उल्लेख गरेका छन् । प्रस्तुत नाटक पूर्वीय आध्यात्मिक वेदान्त दर्शनकै मान्यताको पुष्टि गर्दै लेखिएको र शरीर मरेपनि आत्मा सधै अजर अमर हुन्छ भन्ने भाव व्यक्त गरिएकोले यस नाटकको शीर्षक समेत सार्थक भएको अवस्थीले बताएका छन् ।

**दीपकप्रकाश सिवाकोटी, 'ज्ञान र विज्ञानको समन्वय 'प्रल्हाद' नाटकमा कि भूमिकामा', कुञ्जिनी, वर्ष ६, अङ्क ४, २०५५, पृ. २६-३३ ।**

'ज्ञान र विज्ञानको समन्वय 'प्रल्हाद' नाटकमा कि भूमिकामा' शीर्षकको लेख दीपकप्रकाश सिवाकोटीद्वारा लेखिएको हो । प्रस्तुत लेख **कुञ्जिनी** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा सिवाकोटीले समन्वयात्मक चिन्तन र 'प्रल्हाद' नाटकको भूमिका शीर्षक दिई प्रस्तुत नाटकको दोस्रो सस्करण हुँदा समले भूमिकामा ज्ञान र विज्ञानको समन्वय हुनुपर्छ भन्दै सामाजिक शान्ति स्थापना र आनन्दका लागि ज्ञान विज्ञान दुवैको उतिकै महत्त्व रहेको बताएको कुरा उल्लेख गरेका छन् । 'प्रल्हाद' नाटकको अध्ययन गर्दा यी दुई बीच समन्वय नभई एकोहोरो ज्ञानलाई मात्र प्रश्रय दिई ज्ञानलाई नै विजयी देखाइएको सिवाकोटीले बताएका छन् । यसैगरी सिवाकोटीले प्रस्तुत नाटकलाई ज्ञान र विज्ञानको समन्वय भनी अध्ययन गरिनु उचित नरहेको त्यो भूमिकामा मात्र सीमित रहनुका साथै नाटक र भूमिकाको बीचमा पनि समन्वय हुन नसकेको कुरा प्रस्तुत लेखमा उल्लेख गरेका छन् ।

**ईश्वरकुमार श्रेष्ठ, 'बालकृष्ण समको नाट्यप्रवृत्ति', गरिमा वर्ष १७, अङ्क ६, पूर्णाङ्क १९८, २०५६ (जेठ), पृ. ६८-७४ ।**

ईश्वरकुमार श्रेष्ठद्वारा लेखिएको 'बालकृष्ण समको नाट्यप्रवृत्ति' शीर्षकको लेख **गरिमा** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा श्रेष्ठले नाटककार बालकृष्ण समको नाट्यप्रवृत्तिको चर्चा गरेका छन् । श्रेष्ठले समलाई पाश्चात्य दुःखान्त नाट्यसिद्धान्तबाट प्रभावित भई नेपाली नाट्यपरम्परामा माध्यमिककालीन नाट्यप्रवृत्तिको अन्त्य गर्दै आधुनिकताको थालनी गर्ने नवयुग प्रवर्तकका रूपमा चिनाएका छन् । श्रेष्ठले समका पूर्णाङ्की तथा एकाङ्की नाटकको अध्ययन गर्दा उनका नाटकहरूमा उच्च बौद्धिक चिन्तन र दार्शनिक विचारको प्रधानता, मानवतावादी दृष्टि, कवितात्मक भाषाशैलीमा आवद्ध नाट्य कृतिको रचना, विविध विधान आवद्ध नाट्यकृतिको रचना, प्रेमका अनेक घटनाहरूको अभिव्यक्ति, चरित्रचित्रणमा विविधताका साथै यथार्थ र आदर्शको समन्वय जस्ता प्रवृत्ति भेट्न सकिने कुरा टिप्पणी गरेका छन् ।

**कमलमणि दीक्षित, 'एउटा प्रशंसकको सम्झनामा', हिमाल वर्ष १०, अङ्क २२, २०५७, पृ. ३६-३८ ।**

कमलमणि दीक्षितद्वारा लेखिएको 'एउटा प्रशंसकको सम्झनामा' शीर्षकको लेख **हिमाल** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेख दीक्षितले समको ९९ औं जन्मदिनका अवसरमा लेखेका हुन् । दीक्षितले समलाई बिर्सन नसकिने एक प्रतिभाशाली व्यक्तिका रूपमा चिनाउँदै समलाई कवि शिल्पी, कविताका शिल्पी र प्रत्येक विधाका शिल्पीका रूपमा रहेको टिप्पणी गरेका छन् । दीक्षितले सम र महाकवि देवकोटाको लेखाईमा अन्तर रहेको बताउँदै समको 'त्यो' र 'पानी' निबन्धको चर्चा गरेका छन् । ती निबन्ध भाषाका क्षेत्रमा उत्कृष्ट निबन्धको रूपमा रहेको दीक्षितले बताएका छन् । त्यसैगरी दीक्षितले समका केही कथाहरूको पनि चर्चा गर्दै उनी साहित्यकारका अतिरिक्त एक कुशल फोटोग्राफी कलाकार, रङ्गकर्मी नाट्यनिर्देशक आदिका रूपमा रहेको कुरा टिप्पणी गरेका छन् । यस्ता सर्वगुण सम्पन्न शिल्पी कवि र राष्ट्रिवादी प्रतिभालाई आजका पुस्ताहरूले विर्सन नहुने कुरा दीक्षितले उल्लेख गरेका छन् ।

**ऋषि आजाद, 'बालकृष्ण सम र 'स्वर्ग र देवता', हाम्रो पुरुषार्थ, वर्ष २९, अङ्क २, २०५९ ( वैशाख**), पृ. १४९-१५१ ।

ऋषि आजादद्वारा लेखिएको 'बालकृष्ण सम र 'स्वर्ग र देवता' शीर्षकको लेख **हाम्रो पुरुषार्थ** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा आजादले कवि समलाई नेपाली साहित्यका परिष्कारवादी धाराका अग्रणी कविका रूपमा चिनाएका छन् । आजादले समको गद्यलयढाँचामा लेखिएको 'स्वर्ग र देवता' कविताको चर्चा गरेका छन् । आजादले प्रस्तुत कवितामा १५७ पङ्ति रहेको कुरा बताउँदै प्रस्तुत कवितामा बाबुको रूपमा सूर्य र आमा पृथ्वीका बीचमा रहेको मानव सभ्यता र भौतिक जगतको सृष्टिविधानको रहस्योद्घाटन गरिएको कुरा उल्लेख गरेका छन् । समले प्रस्तुत कवितामा रामराज्यको कल्पना गर्दै पूर्वीय अध्यात्मवादी मानवतावादी चेत प्रस्तुत गरी पृथ्वीलाई स्वर्ग र पृथ्वीवासीहरूलाई देवताका रूपमा चित्रण गरिएको कुरा आजादले टिप्पणी गरेका छन् । यसरी प्रकृतिलाई मानवीकरण गर्दै परिवारिक प्रसङ्गले कवितामा मार्मिकता थपिएको कुरा आजादले उल्लेख गरेका छन् ।

**डुकुलराज घिमिरे, 'बालकृष्ण समको 'म' नाटकबार संक्षिप्त चर्चा, हाम्रो पुरुषार्थ, वर्ष २९, अङ्क २, २०५९ (वैशाख, पृ. १०९-११४ ।**

**हाम्रो पुरुषार्थ** पत्रिकामा प्रकाशित रहेको 'समको 'म' नाटकबारे संक्षिप्त चर्चा' शीर्षकको लेख डुकूलराज घिमिरेद्वारा लेखिएको हो । प्रस्तुत लेखमा घिमिरेले समको सामाजिक संयोगान्त नाटक 'म' को चर्चा गरेका छन् । प्रस्तुत नाटककी नायिका प्रभा लोग्नेद्वारा तिरस्कृत र अपहेलित नारीको रूपमा कतिपय नेपाली चेलीको व्यथा र वेदना बोक्न विवश नारीको प्रतिनिधित्व गर्ने पात्रको रूपमा रहेको घिमिरेले टिप्पणी गरेका छन् । घिमिरेले प्रस्तुत लेखमा प्रभाको आँट धैर्यता र दाजुको सहयोगले गर्दा बाटो बिराएको लोग्नेलाई सही मार्गमा ल्याउन सफल भएको देखाउँदै यस नाटकमा पुरुषहरू फितला हुन्छन् र नारीहरूले  सच्चरित्रमा दृढ भई कार्य गरेमा अवश्य सफलता मिल्छ भन्ने कुरा उल्लेख गरेका छन्  । घिमिरेले घर परिवार सुधार्नमा नारीको विशेष भूमिका रहने कुरा व्यक्त गरेका छन् ।

**केशवप्रसाद उपाध्याय, 'समको प्रयोगात्मक परिधीय दुःखान्त 'ऊ मरेकी छैन', मिर्मिरे वर्ष ३१, अङ्क ११, २०५९ (साउन), पृ. १-७ ।**

केशवप्रसाद उपाध्यायद्वारा लेखिएको 'समको प्रयोगात्मक परिधीय दुःखान्त 'ऊ मरेकी छैन' शीर्षकको लेख **मिर्मिरे** पत्रिकामा प्रकासित रहेको छ । प्रस्तुत लेखमा उपाध्यायले समको प्रयोगधर्मी नाटक 'ऊ मरेकी छैन' को चर्चा गरेका छन् । उपाध्यायले प्रस्तुत नाटकमा समले पौराणिक कथावस्तुको चयन गर्दै शिव र सतीको महान् वियोगान्त कथालाई आधार मानी शिवगिरि र कान्तिको दुःखान्त कथालाई प्रस्तुत गरेको टिप्पणी गरेका छन् । पात्र सिर्जनाका क्रममा धेरै आधार शिव र सतीको प्रेमकथाबाट लिइए तापनि अन्य धेरै प्रसङ्गहरूमा भिन्नता भेटिने कुरा उपाध्यायले उल्लेख गरेका छन् । उपाध्यायले प्रस्तुत नाटक गम्भीर किसिमको नाटकका रूपमा रहनुका साथै नायिकाको मृत्युमा गएर टुङ्गिएको हुँदा सुखान्त भन्न नमिल्ले विचार व्यक्त गरेका छन् । त्यसैगरी मृत्यु हुदैमा दुःखान्त भन्न पनि नमिल्ने किनभने दुःखान्तको लागि उपयुक्त हुने कथानक र पात्रप्रयोग नरहेको बताउँदै प्रस्तुत नाटकलाई परिधीय दुःखान्त भन्नुपर्ने विचार उपाध्यायले व्यक्त गरेका छन् ।

**घनश्याम न्यौपाने 'परिश्रमी', 'समको विधाधनं सर्वधनं प्रधानम्, एकाङ्की एक विवेचना', गरिमा वर्ष २१, अङ्क १२, २०६० (मंसीर), पृ. ३६-४१ ।**

घनश्याम न्यौपानेद्वारा लेखिएको 'समको विधाधनं सर्वधनं प्रधानम्' एकाङ्की एक विवेचना' शीर्षकको लेख **गरिमा** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा न्यौपानेले बालकृष्ण समको 'विधाधनँ सर्वधनम् प्रधानम्' एकाङ्कीको चर्चा गरेका छन् । न्यौपानेले प्रस्तुत लेखमा समलाई नाटकका क्षेत्रमा एवं रङ्गमञ्चीय संरचनामा एकाधिकार कायम गर्ने प्रसिद्ध नाटककारका रूपमा चिनाएका छन् । चार एकाङ्की सङ्ग्रहमा सङ्कतिल प्रस्तुत एकाङ्की समको प्रयोगधर्मी शिल्प र शैलीलाई अवलम्बन गरी पृथक ढङ्गले रचना गरिएका नृत्य नाटकको रूपमा लिन सकिने विचार परिश्रमीले व्यक्त गरेका छन् । न्यौपानेले यस एकाङ्कीमा शक्ति क्षीण हुन्छ, रुपिया पैसा चोरिन सक्छ तर विधा यस्तो सम्पति हो जुन कहिल्यै लुट्न वा चोर्न सकिँदैन भन्ने नीतिगत मान्यतालाई प्रमाणित गर्नु यस एकाङ्कीको उद्देश्य रहेको बताएका छन् ।

**उप. प्रा. कृष्णप्रसाद घिमिरे, 'नालापानीमा एकाङ्कीको ऐतिहासिक तथ्य कथ्य', कुञ्जिनी, वर्ष ११, अङ्क ८, २०६०, पृ. ५४-५७ ।**

**कुञ्जिनी** पत्रिकामा प्रकाशित रहेको 'नालापानीमा एकाङ्कीको ऐतिहासिक तथ्य र कथ्य' शीर्षकको लेख कृष्णप्रसाद घिमिरेद्वारा लेखिएको हो । प्रस्तुत लेखमा घिमिरेले बालकृष्ण समको संक्षिप्त परिचय दिदै उनका प्रकाशित पूर्णाङ्की तथा एकाङ्की नाटकहरूबारे उल्लेख गरेका छन् र उक्त सन्दर्भमा घिमिरेले समको ऐतिहासिक एकाङ्की 'नालापानीमा' को चर्चा गरेका छन् । प्रस्तुत एकाङ्कीमा वि.सं. १९७१ को नालापानी भन्ने ठाउँमा अंग्रेज र नेपाली बीच भएको युद्ध वा घटनाको प्रस्तुति रहेको र त्यस युद्धमा नेपालीहरूले देखाएको बहादुरी र उनीहरूले भोग्नुपरेको पीडालाई पनि घिमिरेले प्रस्तुत लेखमा उल्लेख गरेका छन् । यस नाटकको प्रमुख उद्देश्य राष्ट्रप्रेमले बाँधिएको नेपालीहरूको गौरव र अस्तित्वलाई देखाउनु रहेको घिमिरेले उल्लेख गरेका छन् । समले आफूले थाहा पाएको आंशिक तथ्यलाई सत्य मानी सबै नेपालीहरूमा नालापानीको ऐतिहासिक लडाईलाई एकाङ्कीमा माध्यमबाट पाठक सामु पुऱ्याएको जानकारी घिमिरेले दिएका छन् ।

**सुधा त्रिपाठी, 'चिसो चुल्हो' महाकाव्यमा नारी चिन्तन, कुञ्जिनी, वर्ष ११, अङ्क ८, २०६०, पृ. २६-३९ ।**

सुधा त्रिपाठीद्वारा लेखिएको 'चिसो चुल्हो' महाकाव्यमा नारी चिन्तन' शीर्षकको लेख **कुञ्जिनी** पत्रिकामा प्रकाशित रहेको छ । त्रिपाठीले प्रस्तुत लेखमा समको 'चिसो चुल्हो' महाकाव्यभित्रको नारी चिन्तनलाई केलाएकी छिन् । त्रिपाठीले यस महाकाव्यकी केन्द्रीय पात्र गौरी लाचार र भीरू पात्रका रूपमा देखिएकी र उसलाई सामाजिक परम्पराले बाधेको कुरा उल्लेख गरेकी छिन् । अन्य नारी पात्रहरू अमला, वालविधवाको प्रसङ्गले पनि नारीहरू विविध समस्याले जकडिनुका साथै अन्याय र अत्याचार सहन बाध्य भएको त्रिपाठीले बताएकी छिन् । प्रस्तुत महाकाव्यमा गौरी हरेक कोणबाट समस्याग्रस्त नारीको रूपमा उभिएकी हुँदा पितृसत्तात्मक समाजमा सामन्ती प्रवृत्तिबाट मुक्ति चाहेता पनि नारी अस्मिताका सन्दर्भमा सचेत हुन नसकेको अवस्था वर्तमान रहेको त्रिपाठीले उल्लेख गरेकी छिन् ।

**नरहरि उपाध्याय, 'अमरसिंह' नाटकको बहुपक्षीय अध्ययन, गरिमा, वर्ष २२, अङ्क ७, पूर्णाङ्क २५९, २०६१ (असार), पृ. ४२-५६ ।**

**गरिमा** पत्रिकामा प्रकाशित रहेको 'अमरसिंह' नाटकको बहुपक्षीय अध्ययन' शीर्षकको लेख नरहरि उपाध्यायद्वारा लेखिएको हो । प्रस्तुत लेखमा उपाध्यायले समको ऐतिहासिक नाटकमा 'अमरसिंह' नाटकका विविध पक्षहरूको अध्ययन गरेका छन् । उपाध्यायले यो नाटक नेपाली वीरताको, नेपाली आत्मविश्वासको र नेपाली राष्ट्रप्रेमको उदाहरणीय अभिव्यक्तिका रूपमा रहेको टिप्पणी गरेका छन् । अमरसिंह जस्तो सच्चा देशभक्त एवं इमान्दार सपूतको अन्त्य सम्मानजनक हुन नसकेको बताउँदै राष्ट्रिय स्वतन्त्रता र अखण्डताको युद्धमा आफ्नै भनाउदाबाट धोका भएको कारणले अंग्रेजसँगको युद्धमा पराजित हुनु परेको कुरा उपाध्यायले उल्लेख गरेका छन् । उपाध्यायले प्रस्तुत नाटकमा सुगौली सन्धि तत्कालीन अवस्थाको बाध्यताले उपज भएता पनि सैनिकहरूको स्वाभिमानको मात्र नभई नेपाली वीरता, राष्ट्रियता र अखण्डताको हत्या गरिएको थियो भनी टिप्पणी गरेका छन् ।

**कुमारप्रसाद कोइराला, 'समको नाटकमा द्वन्द्वको स्वरूप', समकालीन साहित्य वर्ष १४, अङ्क ४, पूर्णाङ्क ४५, २०६१, पृ. १००-१२१ ।**

**समकालीन साहित्य** पत्रिकामा कुमारप्रसाद कोइरालाद्वारा लेखिएको 'समको नाटकमा द्वन्द्वको स्वरूप' शीर्षकको लेख प्रकाशित रहेको छ । प्रस्तुत लेखमा कोइरालाले नेपाली साहित्यका नाट्यसम्राट् बालकृष्ण समको नाटकमा द्वन्द्वको प्रयोग र त्यसको भूमिकाबारे चर्चा गरेका छन् । कोइरालाले द्वन्द्वलाई नाटकको अपरिहार्य तत्त्वका रूपमा लिदै दुई विपरीत व्यक्ति विचार शक्ति, परिस्थिति, मनोवस्था खडा गरी नाटकमा द्वन्द्वको सिर्जना हुने कुरा उल्लेख गरेका छन् । कोइरालाले समको 'प्रेमपिण्ड', 'मुटुको व्यथा', 'मुकुन्द-इन्दिरा', 'अन्धवेग', 'स्वास्नीमान्छे', 'भीमसेनको अन्त्य' आदि नाटकहरूमा प्रयुक्त द्वन्द्वको पनि सामान्य चर्चा गरेका छन् । समका प्रायजसो सबै नाटकहरूमा द्वन्द्व बाह्य वा आन्तरिक जुनसुकै रूपमा भएपनि प्रयोग रहेको कोइरालाले बताएका छन् । सुखान्त वा दुःखान्त जस्तो सुकै परिणाम देखाए तापनि तिनको समन्वय गराउनु नै द्वन्द्वको उद्देश्य रहेको हुँदा समका नाटकमा द्वन्द्व भेट्न सकिने कोइरालाले टिप्पणी गरेका छन् ।

**गुरूप्रसाद पोखरेल, 'बालकृष्ण सम र उनको 'चिसो चुल्हो' महाकाव्य', कुञ्जिनी वर्ष १२, अङ्क १, २०६१/६२, पृ. ७५-७८ ।**

'बालकृष्ण सम र उनको 'चिसो चुल्हो' महाकाव्य' शीर्षकको लेख कुञ्जिनी पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा पोखरेलले बालकृष्ण समको 'चिसो चुल्हो' महाकाव्य र उनको महाकाव्यत्मक प्रवृत्तिको चर्चा गरेका छन् । सामाजिक र कल्पित विषयवस्तुलाई लिएर रचिएको 'चिसो चुल्हो' महाकाव्यको नाम गरिबी विपन्नताको संकेत अथवा नबलेको चुल्हो भन्ने अर्थ रहेको पोखरेलले बताएका छन् । पोखरेलले यस महाकाव्यलाई विषयवस्तु, स्रोत र स्वरूप, भावविधान, कथावस्तु, पात्रविधान परिवेश, प्रबन्धात्मक सर्गविधान, उक्ति संरचना, बिम्बालङ्कार, प्रतीकविधान, लयविधान, भाषाशैली, आयाम आदि शीर्षक दिदै विश्लेषण गरेका छन् । प्रस्तुत महाकाव्य नायक र नायिका बीचको अमुक प्रेमाकर्षणमा आधारित नवीन गद्यढाँचामा लेखिएको प्रयोगधर्मी महाकाव्यको रूपमा रहेको पोखरेलले बताएका छन् ।

**अशोक थापा, 'नाटककार बालकृष्ण समको नाट्ययोगदानको मूल्याङ्कन', कुञ्जिनी वर्ष १२, अङ्क १, २०६१/६२, पृ. ७९-८३ ।**

अशोक थापाद्वारा लेखिएको 'नाटककार बालकृष्ण समको नाट्ययोगदानको मूल्याङ्कन' शीर्षकको लेख **कुञ्जिनी** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा थापाले समको नाट्ययोगदानलाई ऐतिहासिक गुणात्मक, परिमाणात्मक र प्रकारगत रूपमा चर्चा गरेका छन् । थापाले पूर्वीय पाश्चात्य नाट्यमान्यताको सही संयोजन गर्दै समले दुःखान्त र सुखान्त नाटकको साथै विभिन्न पूर्णाङ्की तथा एकाङ्की नाटकहरू रचना गरेको बताएका छन् । समका नाटकहरू अन्य नाटकहरूको तुलनामा परिमाणात्मक रूपमा भन्दा गुणात्मक रूपमा उत्कृष्ट रहेको कुराको टिप्पणी थापाले गरेका छन् । त्यसैगरी थापाले समका नाटकहरूलाई विषयगत आकार प्रकार, शैली शिल्पगत प्रकार, कथानकीय परिणति वा अन्य प्रकारगत वर्गीकरणका आधारमा विश्लेषण गरेका छन् ।

**अर्जुन खनाल, 'बालकृष्ण सम र उनका ऐतिहासिक नाटकहरू', कुञ्जिनी वर्ष १२ अङ्क १ २०६१/६२, पृ. ११५-११९ ।**

'बालकृष्ण सम र उनका ऐतिहासिक नाटकहरू' शीर्षकको लेख **कुञ्जिनी** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेख अर्जुन खनालद्वारा लेखिएको हो । प्रस्तुत लेखमा खनालले नेपाली नाट्य साहित्यमा समको उल्लेखनीय भूमिका रहेको बताउँदै समका ऐतिहासिक नाटकहरू 'भक्तभानुभक्त', 'अमरसिंह', 'भीमसेनको अन्त्य' नाटकको चर्चा गरेका छन् । 'भक्तभानुभक्त' नाटक नेपाली साहित्यका अथक परिश्रमी साधक भानुभक्तको जीवनमा घटेका घटनाहरूलाई आधार बनाएर लेखिएको र 'अमरसिंह' नाटकमा नेपाली इतिहासमा ज्यादै नै सशक्त भूमिका निर्वाह गरेका ऐतिहासिक वीर पुरुषहरूको देशप्रतिको वफादारितालाई नाटकीय ढङ्गगमा प्रस्तुत गरिएको कुरा खनालले उल्लेख गरेका छन् । त्यसैगरी 'भीमसेनको अन्त्य' नाटकमा स्वाभिमानी, इमान्दार र देशभक्त भीमसेन थापाले षडयन्त्रकारीको जालमा परी मर्नु परेको घटनालाई उल्लेख गरिएको खनालले बताएका छन् । समले इतिहासमा घटित घटनालाई नाटकीय रूप प्रदान गरेको हुँदा सम एक ऐतिहासिक नाटककारका रूपमा प्रसिद्ध रहेको खनालले बताएका छन् ।

**केशवप्रसाद उपाध्याय, 'नेपाली एकाङ्कीको क्षेत्रमा बालकृष्ण समको योगदान', गरिमा वर्ष २३, अङ्क ८, २०६२ (साउन), पृ. ३८-४६ ।**

केशवप्रसाद उपाध्यायद्वारा लेखिएको 'नेपाली एकाङ्कीको क्षेत्रमा बालकृष्ण समको योगदान' शीर्षकको लेख **गरिमा** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा उपाध्यायले नेपाली एकाङ्कीका क्षेत्रमा बालकृष्ण समको योगदानको चर्चा गरेका छन् । उपाध्यायले समका एकाङ्कीहरू उल्लेख गर्दै ती एकाङ्कीको सामान्य टिप्पणी गरेका छन् । समका एकाङ्कीहरू यथार्थको धरातलमा आधारित हुनाका साथै सामाजिक एवंम् वैचारिक, दार्शनिक सन्देश दिने भावनाले पनि लेखिएको उपाध्यायले टिप्पणी गरेका छन् । समले 'रणदुल्लभ', 'नालापानीमा', 'भक्तभानुभक्त', 'गङ्गालाल', 'क्रान्तिकारी भानु' जस्ता उत्कृष्ट ऐतिहासिक नाटकको रचना गर्नुका साथै विधाधनं सर्वधनं प्रधानम् जस्तो नृत्यनाटिकाको पनि रचना गरेको उपाध्यायले बताएका छन् । उपाध्यायले समलाई नेपालका सन्दर्भमा प्रथम एकाङ्कीकार हुनाका साथै एकाङ्कीका प्रथम सिद्धान्तकार समेत मान्न सकिने विचार व्यक्त गरेका छन् ।

**योगेन्द्र पौडेल, 'सम र उनको 'स्वर्ग र देवता' कविता', कुञ्जिनी वर्ष १३, अङ्क १०, २०६२/६३, पृ. १११-११३ ।**

योगेन्द्र पौडेलद्वारा लेखिएको 'सम र उनको 'स्वर्ग र देवता' कविता' शीर्षकको लेख **कुञ्जिनी** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा पौडेलले समको कवि व्यक्तित्वको चर्चा गर्दै उनले फुटकर कवितादेखि लिएर खण्डकाव्य र महाकाव्यको पनि रचना गरको बताएका छन् । पौडेलले समका कवितामा दार्शनिक विचारहरूको अभिव्यक्ति रहेको जानकारी दिदै उनको 'स्वर्ग र देवता' कविताको विश्लेषण गरेका छन् । गद्यभाषामा लेखिएको समको प्रस्तुत कविता २००४ सालमा शारदा पत्रिकामा प्रकाशित रहेको पौडेलले बताएका छन् । पौडेलले 'स्वर्ग र देवता' कवितालाई विविध पक्षबाट व्याख्या गर्दै यसका महत्त्वपूर्ण पङक्तिहरूको चर्चा गरेका छन् । प्रकृतिलाई मानवीकरण गर्दै लेखिएको प्रस्तुत कविताका मुख्य-मुख्य विशेषताहरू उल्लेख गर्दै यसको प्रमुख लक्ष्य उच्च मानवतावाद रहेको धारणा पौडेलले व्यक्त गरेका छन् ।

**राजनप्रसाद पोखरेल, 'बालकृष्ण सम र उनका सुखान्त नाटकहरू', कुञ्जिनी वर्ष १३, अङ्क १०, २०६२-६३, पृ. १३९-१४३ ।**

राजनप्रसाद पोखरेलको 'बालकृष्ण सम र उनको सुखान्त नाटकहरू' शीर्षकको लेख **कुञ्जिनी** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा पोखरेलले साहित्यका विविध विधामा कलम चलाएता पनि समको विशेषगरी नाटक विधामा प्रसिद्धि रहेको कुरा टिप्पणी गरेका छन् । समले सामाजिक ऐतिहासिक र पौराणिक कथावस्तु लिएर 'ध्रुव, 'मुकुन्द-इन्दिरा', 'म', 'प्रल्हाद', 'अमितवासना', 'तलमाथि' आदि सुखान्त नाटकको रचना गरेको पोखरेलले टिप्पणी गरेका छन् । यी सुखान्त नाटकहरूको सामान्य चर्चा गर्दै यी नाटकका माध्यमबाट सम विभिन्न सन्देश दिन सफल रहेको कुरा पोखरेलले उल्लेख गरेका छन् । समले समाजमा घट्न सक्ने विविध घटनाहरूमा आधारित रहेर उत्कृष्ट नाटकहरूको रचना गरेकोले नेपाली नाटकको क्षेत्रमा उनको महत्त्वपूर्ण स्थान रहनुका साथै उनलाई सुखान्त नाटककारका रूपमा पनि चिन्न सकिने कुरा पोखरेलले जानकारी दिएका छन् ।

**बेनुबहादुर कार्की, 'यौन विकृतिमूलक नाटक 'अमितवासना', कुञ्जिनी वर्ष १३, अङ्क १०, २०६२/६३, पृ. १५८/१६० ।**

**कुञ्जिनी** पत्रिकामा प्रकाशित रहेको 'यौन विकृतिमूलक नाटक 'अमितवासना' शीर्षकको लेख बेनुबहादुर कार्कीद्वारा लेखिएको हो । प्रस्तुत लेखमा कार्कीले समको 'अमितवासना' नाटकभित्र रहेको यौन विकृतिलाई केलाएका छन् । प्रस्तुत नाटककी नायिका गुराँस आफूभित्रको यौन चाहनाले गर्दा परिवारको नियन्त्रणभन्दा बाहिर गई विभिन्न व्यक्तिहरूसँग यौन सम्पर्क गर्दै हिड्ने चरित्रहीन नारीको रूपमा रहेको कार्कीले टिप्पणी गरेका छन् । आफ्नै चारित्रिक कमजोरीका कारणले गर्दा गुराँसले विभिन्न दुःख कष्टहरू भेल्नु परेको कार्कीले बताएका छन् । अन्त्यमा आफ्नो आदर्श प्रेमी अमृतले उसलाई साथ दिएको हुँदा समले समाजमा धूर्त कामुक छवि भएका असंयत पात्रको उद्धार गरिएको कुरा कार्कीले टिप्पणी गरेका छन् । यौन दुर्बलताले गर्दा पतित र भ्रष्ट भएका चरित्रले गर्दा समाजमा देखिएको यौन विकृतिमूलक प्रवृत्तिको चर्चा कार्कीले प्रस्तुत लेखमा गरेका छन् ।

**रवीन्द्र भट्टराई, 'महाकाव्यकार बालकृष्ण समको 'चिसो चुल्हो', शारदा, वर्ष १, अङ्क ५, २०६४ (जेठ), पृ. ७९-८३ ।**

रवीन्द्र भट्टराईद्वारा लेखिएको 'महाकाव्यकार बालकृष्ण समको 'चिसो चुल्हो' शीर्षकको लेख **शारदा** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा भट्टराईले समको 'चिसो चुल्हो' महाकाव्यको चर्चा गरेका छन् । भट्टराईले प्रस्तुत महाकाव्यको कथावस्तु उत्पाद्य रहेको र पात्र विधानमा पनि अपम्परित शैली अंगालेर अछुत जातको नायक राखिएको हुँदा महाकाव्यकै परम्परामा गरिएको नयाँ प्रयोग हो भनी टिप्पणी गरेका छन् । यस महाकाव्यमा प्रेम र मानवतालाई परम्परा र समाजले बाधिएको र समले नेपाली पनको गौरव र आदर्श देखाउन चाहेको भट्टराईले बताएका छन् । प्रस्तुत महाकाव्यमा युगचित्रण, मानव इतिहासको पर्यवेक्षण नेपालको इतिहास, धर्म, कला, संस्कृति र ज्ञानविज्ञानको विविध पक्ष बौद्धिकता साथ आएको टिप्पणी भट्टराईले गरेका छन् ।

**युवराज मैनाली, 'रङ्गमञ्चीय दृष्टिकोणमा 'प्रल्हाद', शारदा वर्ष १, अङ्क १०, २०६४ (कात्तिक) पृ. ३९-४२ ।**

युवराज मैनालीद्वारा लेखिएको 'रङ्गमञ्चीय दृष्टिकोणमा 'प्रल्हाद' शीर्षकको लेख **शारदा** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा मैनालीले समको 'प्रल्हाद' नाटक रङ्गमञ्चीय दृष्टिबाट के-कति सफल रहेको छ भन्ने विषयमा चर्चा गरेका छन् । अभिनयले नाटकमा पहिलो भूमिका राख्ने हुँदा यसको अस्तित्व रङ्गशालामा निहित रहने र आकारमा संक्षिप्त हुनपर्ने मैनालीले बताएका छन् । समको 'प्रल्हाद' नाटक धेरै अङ्क र दृश्यको प्रयोगले मञ्चन साधनमा सहजता ल्याउन कठिन रहेको र संवाद पनि लामो भएको हुँदा आङ्गिक र वाचिक अभिनयमा कठिनाई रहेको मैनालीले बताएका छन् । मैनालीले समका नाटकमा नाटकीय सत्यभन्दा नाङ्गो आदर्श देखिने हुँदा भाव नियति र द्वन्द्वात्मक चरमताका निर्वाहमा फितला र कृत्रिम रहेको वताएका छन् । नाटकीय दृष्टिले कलात्मक र हेरिरहुँ जस्तो लाग्ने कुरा मैनालीले उल्लेख गरेका छन् ।

**हंसपुरे सुवेदी, 'महान् कवि बालकृष्ण सम', गरिमा, वर्ष २६, अङ्क २, २०६४ (माघ), पृ. ४६-५० ।**

**गरिमा** पत्रिकामा प्रकाशित रहेको 'महान् कवि बालकृष्ण सम' शीर्षकको लेख हंसपुरे सुवेदीद्वारा लेखिएको हो । प्रस्तुत लेखमा सुवेदीले समको कवि व्यक्तित्वको चर्चा गर्दै समका

कविता बौद्धिकता, कलात्मक शैली र भावनाले भरिएका हुन्छन् भनी टिप्पणी गरेका छन् । परिष्कारवादी धारामा आधारित रही लेखिएको समका कविता मनोरञ्जनका लागि नभई बौद्धिक पाठकका लागि लेखिएको र विद्वतापूर्ण काव्यरस रहेको कुरा सुवेदीले उल्लेख गरेका छन् । सम मानव मात्रको हित र कल्याणको लागि समर्पित रहने हुँदा उनका सिर्जनामा मानवतावादी सोच पाइनुका साथै मानवहित र विकासका लागि साहित्य लेखिनुपर्ने विचार सुवेदीले व्यक्त गरेका छन् । सुवेदीले समको साहित्यिक यात्रा कविता विधाबाट शुरुभएको र अन्तिम रचना पनि कवितामै टुङ्गिएको हुँदा उनी परिष्कारवादी धाराका उत्कृष्ट कविका रूपमा परिचित रहेको र उनको आत्मजीवनी ग्रन्थको शीर्षक नै 'मेरो कविताको आराधना' रहेकोले उनको जीवनभरको निष्ठा कवितामा रहेको टिप्पणी गरेका छन् ।

**कृष्ण शाह 'यात्री', 'आधुनिक नेपाली रङ्गमञ्चमा बालकृष्ण सम', मधुपर्क, वर्ष १४, अङ्क ११, पूर्णाङ्क ४६६, २०६४ (चैत), पृ. २८-३० ।**

कृष्ण शाह 'यात्री'द्वारा लेखिएको 'आधुनिक नेपाली रङ्गमञ्चमा बालकृष्ण सम' शीर्षकको लेख **मधुपर्क** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा शाहले आधुनिक नेपाली रङ्गमञ्चको विकासमा बालकृष्ण समका योगदानको चर्चा गरेका छन् । बालकृष्ण समको 'मुकुन्द-इन्दिरा' नाटकको प्रदर्शन सँगै आधुनिक नेपाली रङ्गमञ्चको सुरुवात भएको शाहीले बताएका छन् । प्रस्तुत नाटकमा सामाजिक विषयवस्तु र दैनिक जीवनमा प्रयोग गरिने खालका साधरण भेषभूषा रहेको हुँदा यस नाटकले निकै सफलता हासिल गरेको कुरा शाहले उल्लेख गरेका छन् । त्यसपछि समको 'मुटुको व्यथा', 'प्रेम', 'म', 'प्रल्हाद', 'चिन्ता' आदिको प्रदर्शनले निकै सफलता प्राप्त गरको हुँदा उनका अन्य नाटकहरूको पनि प्रदर्शन गरिएको शाहले टिप्पणी गरेका छन् । समबाट आरम्भ भएको आधुनिक नेपाली नाटक र रङ्गमञ्च परम्पराको बाटो निकै फराकिलो बनेको र नेपाली रङ्गकर्मीका लागि मार्गदर्शक बनेको कुरा शाहले बताएका छन् ।

**युवराज मैनाली, 'पौराणिक नाटक 'ध्रुव' र 'प्रल्हाद'को तुलानात्मक विवेचना', शारदा वर्ष २, अङ्क ४, २०६५ (वैशाख), पृ. ६६-६९ ।**

युवराज मैनालीद्वारा लेखिएको 'पौराणिक नाटक 'ध्रुव' र 'प्रल्हाद'को तुलनात्मक विवेचना' शीर्षकको लेख **शारदा** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा मैनालीले समका पौराणिक नाटक 'प्रल्हाद' र 'ध्रुव'को तुलनात्मक अध्ययन गरेका छन् । मैनालीले दुवै नाटकको कथावस्तु, पात्रहरू, परिवेश, द्वन्द्वविधान आदि पक्षहरूको तुलना गर्दै यी दुई

नाटकका बीच पाइने समानता र असमानतालाई प्रष्ट पारेका छन् । मैनालीले दुवै नाटकको कथावस्तु पौराणिक रहेता पनि 'प्रल्हाद' नाटकलाई समले आफ्नो नाटकीय शिल्पशक्तिको सुन्दर सम्प्रेष्य र बौद्धिक बनाएको र ध्रुव नाटकमा त्यो कमी रहेको जानकारी दिएका छन् । समको दुवै पात्रमा बालमनोभावना र कोमल वात्सल्य रहेता पनि प्रल्हादमा वैचारिक प्रौढता र सबैसँग संघर्षरत रहेको देखाएको कुरा मैनालीले टिप्पणी गरेका छन् । दुवै पात्र कमजोर र निर्वल रहेता पनि अन्त्यमा आदर्शको विजय देखाएको मैनालीले उल्लेख गरेका छन् ।

**बद्रीप्रसाद दाहाल, 'नाट्य सम्राट्को सम्भनामा', कान्तिपुर, शनिवार, २३ (माघ), २०६६ ।**

बद्रीप्रसाद दाहालद्वारा लेखिएको 'नाट्य सम्राट्को सम्भनामा' शीर्षकको लेख **कान्तिपुर** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेख दाहालले नाट्यसम्राट् बालकृष्ण समको एक सय सातौ जन्मजयन्तीको पुण्य घडीमा समको सम्भना स्वरूप लेखेका हुन् । प्रस्तुत लेखमा दाहालले नेपाली नाटकलाई तीन चरणमा विभक्त गर्दै अनि प्रत्येक चरणका नाट्य विशेषताको उल्लेख गर्दै आधुनिक नाटकको सुरुवात गराउने श्रेय बालकृष्ण समलाई दिएका छन् । समले ऐतिहासिक, सामाजिक र मनोविश्लेषणात्मक आदि विषय लिएर गद्यात्मक तथा पद्यात्मक भाषाको प्रयोग गर्दै विविध पूर्णाङ्की तथा एकाङ्की नाटकहरूको रचना गरेको दाहालले टिप्पणी गरेका छन् । दाहालले समको 'ध्रुव' र 'प्रल्हाद' नाटकको पनि संक्षिप्त चर्चा गर्दै नाट्य सीहित्यमा उनको स्थान उच्च कोटिमा रहेको टिप्पणी गरेका छन् ।

**गरिमा सम विशेषाङ्क २०५९ (फागुन)**

समका सम्बन्धमा 'गरिमा' पत्रिकाको विशेषाङ्कभित्र भएका सर्वेक्षणहरू

**किशन थापा 'अधीर' 'नाटककार समका दु:खान्त नाट्यप्रवृत्ति', गरिमा वर्ष २१, अङ्क ३, पूर्णाङ्क २४९, २०५९ (फागुन) ।**

**गरिमा** सम विशेषाङ्क २०५९ मा प्रकाशित 'नाटककार समका दु:खान्त नाट्यप्रवृत्ति' शीर्षकको लेख किशन थापाद्वारा लेखिएको हो । थापाले प्रस्तुत लेखमा नाटककार समका जीवनमा घटेका दु:खान्त घटना नै उनको दु:खान्त नाट्यप्रवृत्तिको उत्प्रेरक तत्त्वको रूपमा रहेको कुरा उल्लेख गरेका छन् । थापाले प्रस्तुत लेखमा समको दु:खान्त नाट्यप्रवृत्तिको चर्चा गरेका छन् । थापाले समको नाट्य प्रवृत्तिलाई कथावस्तुगत चरित्रयोजना, संवादयोजना भाषा शैलीगत आदि आधारमा विश्लेषण गरेका छन् । वैचारिकता, सामाजिकता कवितात्मकता, कलात्मकता अदि विशिष्टताको माध्यमबाट नाटक रचना गर्ने सम सर्वश्रेष्ठ दु:खान्त नाटककारको रूपमा परिचित रहेको थापाले टिप्पणी गरेका छन् ।

**कुमारप्रसाद कोइराला, 'प्रेमपिण्ड' नाटकको द्वन्द्व रचना' (पूर्ववत्) ।**

कुमारप्रसाद कोइरालाद्वारा लेखिएको 'प्रेमपिण्ड' नाटकको द्वन्द्वरचना' शीर्षकको लेख सम विशेषाङ्कमा (२०५९) **गरिमा** पत्रिका प्रकाशित रहेको छ । प्रस्तुत लेखमा कोइरालाले समको 'प्रेमपिण्ड' नाटकमा प्रेमको द्वन्द्व सशक्त रूपमा रहेको टिप्पणी गरेका छन् । प्रस्तुत नाटकमा नकुल र सविता प्रेमको अनुकूल पक्षमा रहेको छन् । भने एडविल प्रतिकूल पक्षमा रहेको कोइरालाले बताएका छन् । यिनीहरू बीच आदर्श प्रेम र वासनात्मक प्रेमको द्वन्द्व रहेको टिप्पणी गरेका छन् । कोइरालाले अन्य पात्रहरूमा पनि प्रेमकै द्वन्द्व सशक्त रूपमा रहेको बताएका छन् ।

**कृष्णप्रसाद दाहाल, 'समको अमर नाट्यकृति 'अमरसिंह' एक अध्ययन', (पूर्ववत्) ।**

**गरिमा** सम विशेषाङ्कमा प्रकाशित रहेको 'समको अमर नाट्यकृति 'अमरसिंह' एक अध्ययन' शीर्षकको लेख कृष्णप्रसाद दाहालद्वारा लेखिएको हो । प्रस्तुत लेखमा दाहालले बहुमुखी प्रतिभाका धनी समले सेक्सपियरका दुःखान्त नाटकबाट प्रभावित भई नेपाली नाटकमा नयाँ कालको आरम्भ गर्दै दुःखान्त नाटकको रचना गरेको टिप्पणी गरेका छन् । दाहालले प्रस्तुत लेखमा समको ऐतिहासिक नाटक 'अमरसिंह'को चर्चा गरेका छन् । ऐतिहासिक वीर पुरुष अमरसिंहलाई केन्द्रविन्दु मानेर लेखिएको प्रस्तुत नाटकमा देशभक्त स्वार्थहीन वीर अमसिंहको स्वाभिमानमा चोट परी कसरी विरक्त भई आत्महत्या गर्न पुगे भन्ने तथ्यलाई उद्घाटन गरिएको दाहालले उल्लेख गरेका छन् ।

**केशवप्रसाद उपाध्याय, 'समको प्रयोगधर्मी नाट्यकारिता', (पूर्ववत्) ।**

केशवप्रसाद उपाध्यायद्वारा लेखिएको 'समको प्रयोगधर्मी नाट्यकारिता' शीर्षकको लेख **गरिमा**को सम विशेषाङ्कमा प्रकाशित रहेको छ । उपाध्यायले प्रस्तुत लेखमा समले पूर्वीय तथा पाश्चात्य साहित्यमा देखापरेका प्रयोगधर्मी प्रवृत्तिमा अधारित रही नाट्यरचना गरेको टिप्पणी गरेका छन् । समले नाटकहरूमा कथावस्तु चयन, पात्रनिर्माण, अङ्क दृश्यविभाजन, भाषाशैली, आकार आदिमा नयाँ ढङ्गले रचना गरेको उपाध्यायले टिप्पणी गरेका छन् । समका 'ऊ मरेकी छैन', 'छ कि छैन?', 'स्वास्नी मान्छे', सबभन्दा छोटो नाटक, 'माटोको ममता', 'क्रान्तिकारी भानु', 'अत्याधुनिकता', 'मोतीराम' आदि प्रयोगधर्मी नाटकका रूपमा रहेको उपाध्यायले बताएका छन् ।

**चन्द्रकान्त अधिकारी, 'समको 'ऊ मेरकी छैन' नाटक एक चर्चा',** (पूर्ववत्) ।

'समको 'ऊ मरेकी छैन' नाटक एक चर्चा' शीर्षकको लेख चन्द्रकान्त अधिकारीद्वरा लेखिएको हो । प्रस्तुत लेख **गरिमा**को सम विशेषाङ्कमा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा अधिकारीले समका नाट्य विशेषताहरूको चर्चा गर्दै समको पौराणिक नाटक 'ऊ मरेकी छैन' लाई विविध पक्षबाट विश्लेषण गरेका छन् । अधिकारीले प्रस्तुत नाटकलाई कथावस्तु, पात्र, संवाद, भाषाशैली, परिवेश, उद्देश्य, मञ्चन, द्वन्द्व आदिको आधारमा विश्लेषण गरेका छन् । महादेव र सतीदेवीको पौराणिक वियोगान्त कथाको सङ्क्षिप्त रूप जस्तो रहेको प्रस्तुत नाटकमा धार्मिक पक्षलाई कथावस्तुको रूपमा लिई रचना गरिएको अधिकारीले टिप्पणी गरेका छन् ।

**जीवेन्द्रदेव गिरी, 'समको 'मुकुन्द-इन्दिरा'मा लोक साहित्यको प्रभाव'** (पूर्ववत्) ।

जीवेन्द्रदेव गिरीद्वारा लेखिएको 'समको 'मुकुन्द-इन्दिरा'मा लोक साहित्यको प्रभाव' शीर्षकको लेख **गरिमा** सम विशेषाङ्कमा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा गिरीले समको 'मुकुन्द-इन्दिरा' नाटकमा 'राजा हरिमल्ल र भवल्ली रानी' लोकगाथाको प्रभाव परेको कुरा टिप्पणी गरेका छन् । 'मुकुन्द-इन्दिरा' नाटकको कथावस्तु, पात्रनिर्माण, भाषाशैली आदिमा पनि 'राजा हरिमल्ल र भवल्ली रानी' लोक गाथाको प्रभाव रहेको गिरीले जानकारी दिएका छन् । जस्तो सुकै परिस्थितिमा पनि पतिभक्ति अंगाल्ने इन्दिरामा भवल्ली रानीको चरित्रको प्रभाव परेको गिरीले वताएका छन् । वैचारिक रूपमा पनि 'मुकुन्द-इन्दिरा' नाटकमा 'राजा हरिमल्ल र भवल्ली रानी' गाथाको प्रभाव निहित रहेको गिरीले बताएका छन् ।

**देवीप्रसाद सुवेदी, 'नाटकीय फलप्राप्तिका दृष्टिले समका केही सुखान्त नाटकहरू'** (पूर्ववत्) ।

देवीप्रसाद सुवेदीद्वारा लेखिएको 'नाटकीय फलप्राप्तिका दृष्टिले समका केही सुखान्त नाटकहरू' शीर्षकको लेख **गरिमा** पत्रिकामा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा सुवेदीले फलप्राप्तिका दृष्टिले समका सुखान्त नाटकहरू 'मुकुन्द-इन्दिरा', 'म', 'ध्रुव' र 'प्रल्हाद' नाटकको चर्चा गरेका छन्  समका यी सुखान्त नाटकहरू पाश्चात्य नाट्यशैलीबाट प्रभावित रहेको सुवेदीले बताएका छन् । समका यी नाटकहरूमा फलप्राप्तिका निम्ति नायकीय पुरुषार्थलाई भन्दा मुख्य सहायक पात्रको भूमिकालाई प्रमुख तुल्याएको सुवेदीले टिप्पणी गरेका छन् ।

**डा. नरेन्द्र चापागाई, 'बालकृष्ण समको व्यक्तिभाषा', (पूर्ववत्) ।**

डा. नरेन्द्र चापागाईद्वारा लेखिएको 'बालकृष्ण समको व्यक्तिभाषा' शीर्षकको लेख **गरिमा** सम विशेषाङ्कमा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा चापागाईले समको भाषा अन्य साहित्यकारको तुलनामा बेग्लै रहेको हुँदा त्यसलाई समको व्यक्तिभाषा मान्न सकिने विचार व्यक्त गरेका छन् । प्रस्तुत लेखमा समको व्यक्तिभाषाको अध्ययन गर्ने क्रममा अध्ययनको आधार चापागाईले उनको 'चिसो चुल्हो' महाकाव्यलाई बनाएका छन् । समको काव्यभाषालाई चापागाईले व्याकरणनिष्ठ भाषा, परिस्कृत भाषा, कलात्मक भाषा, चित्रात्मक भाषा, साङ्गीतिक भाषा, सुवोध भाषा, पद्यात्मक भाषा, गद्यात्मक भाषा आदि शीर्षकहरू दिदै उनको व्यक्तिभाषालाई केलाएका छन् ।

**डा. मोहन हिमांशु थापा, 'समका नाटकका लोक नाट्यतत्व' (पूर्ववत्) ।।**

'समका नाटकमा लोक नाट्यतत्त्व' शीर्षकको लेख डा. मोहनहिमांशु थापाद्वारा लेखिएको हो । प्रस्तुत लेख **गरिमा** सम विशेषाङ्कमा प्रकाशित रहेको छ । थापाले प्रस्तुत लेखमा पूर्वीय र पाश्चात्य नाट्यधाराबाट प्रभावित रहेका र समका नाटकमा लोक नाट्यतत्त्वको प्रयोग भएको टिप्पणी गरेका छन् । थापाले समको 'मुटुको व्यथा', 'अन्धवेग', 'भक्तभानुभक्त', 'ऊ मरेकी छैन', 'प्रेमपिण्ड', 'अमरसिंह' जस्ता नाटकहरूमा लोक नाट्यतत्वको प्रयोग भएको बताएका छन् । यी नाटकहरूमा दमाईका बाजा, गाईनेको गीत, सारङ्गीको धुन, लोक गीतको लयमा मारुनी र पुर्सुङ्गे, नृत्य, लाखे नाचको अभिनय युक्त बालक्रीडा आदिलाई मार्मिक तरीकाले प्रस्तुत गरिएको थापाले टिप्पणी गरेका छन् ।

**यमप्रकाश खनाल, 'नाटककार सम र उनको 'अन्धवेग' एक समीक्षण'** (पूर्ववत्) ।

गरिमा सम विशेषाङ्कमा प्रकाशित रहेको 'नाटककार सम र उनको अन्धवेगः एक समीक्षण' शीर्षकको लेख यमप्रकाश खनालद्वारा लेखिएको हो । प्रस्तुत लेखमा खनालले समको सामाजिक दुःखान्त नाटक 'अन्धवेग'को चर्चा गरेका छन् । खनालले प्रस्तुत नाटककी केन्द्रीय पात्र पम्फाको चरित्रलाई केलाउँदै सुख र शान्त संसारमा अतृप्त कामवासनाले गर्दा ल्याएको दुर्घटनालाई उल्लेख गरेका छन् । मानिस अतृप्त वासनाको तृप्तिका लागि सामाजिक नीति-नियम र मर्यादाको उलङ्घन गरी अघि सर्दा महाविनाश भई जीवन नै तहसनहस भएको र नाटक दुःखान्तमा परिणत भएको खनालले टिप्पणी गरेका छन् ।

**रघु घिमिरे, 'समको पहिलो एकाङ्की प्रेमः एक विवेचना', (पूर्ववत्) ।**

**गरिमा** सम विशेषाङ्कमा प्रकाशित रहेको'समको पहिलो एकाङ्की प्रेमः एक विवेचना' शीर्षकको लेख रघु घिमिरेद्वारा लेखिएको हो । प्रस्तुत लेखमा घिमिरेले समका प्रकाशित तथा अप्रकाशित एकाङ्कीहरूको चर्चा गर्दै समको 'प्रेम' एकाङ्कीको विवेचना गरेका छन् । घिमिरेले समको प्रस्तुत एकाङ्कीका पात्रहरूमा प्रवल रूपमा देशभक्तिको भावना वा राष्ट्रप्रति अगाध प्रेम रहेको देखाउँदै कामको खोजीमा विदेशिएका नेपालीहरू कसरी देशको मायाले स्वदेश फर्केका छन् भन्ने कुरा टिप्पणी गरेका छन् । प्रस्तुत एकाङ्कीमा प्रेम भनेको देशप्रतिको प्रेम वा नेपाल आमाप्रतिको प्रेमका रूपमा रहेको घिमिरेले टिप्पणी गरेका छन् ।

**राजेन्द्र सुवेदी, 'मुकुन्द-इन्दिरा' नाटक शास्त्रीय आदर्शको उत्कर्ष र परिष्कारको अभिव्यञ्जना' (पूर्ववत्) ।**

राजेन्द्र सुवेदीद्वारा लेखिएको 'मकुन्द-इन्दिरा' नाटक शास्त्रीय आदर्शको उत्कर्ष र परिष्कारको अभिव्यञ्जना' शीर्षकको लेख **गरिमा** समविशेषाङ्कमा प्रकाशित रहेको छ । सुवेदीले प्रस्तुत लेखमा समको सामाजिक नाटक 'मुकुन्द - इन्दिरामा प्रयुक्त शास्त्रीय आदर्शलाई केलाएका छन् । सुवेदीले पूर्वीय साहित्यको शास्त्रीयतावादी र पश्चिमी साहित्यको परिष्कारवादी चिन्तनबाट प्रेरित रही समले नाटक रचना गरेको उल्लेख गरेका छन् । प्रस्तुत नाटकमा प्रयुक्त आदर्शलाई सुवेदीले सतीत्वको आदर्श, भगवत्भक्तिको आदर्श, मातृपितृ पुत्रको आदर्श, देश भाषा र जातिगत आदर्श जस्ता शीर्षक दिई चर्चा गरेका छन् । यसरी सुवेदीले समका नाटकहरूमा आदर्शको उद्घाटन भएको कुरा बताएका छन् ।

**रामचन्द्र पोखरेल, 'समका नाटकमा पात्रको स्थिति' (पूर्ववत्) ।**

रामचन्द्र पोखरेलद्वारा लेखिएको 'समका नाटकमा पात्रको स्थिति' शीर्षकको लेख **गरिमा** सम विशेषाङ्कमा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा पोखरेलले समका नाटकमा प्रयोग गरिएका पात्रको स्थितिको चर्चा गरेका छन् । पोखरेलले समका प्रकाशित अप्रकाशित नाटकहरूको उल्लेख गर्दै समको नाटकीय व्यक्तित्वको चर्चा गरेका छन् । पोखरेलले समका नाटकहरूमा प्रयुक्त पात्रहरूलाई लिङ्गका आधारमा, कार्यसक्रियताका आधारमा, विचारगत आधारमा, विषयवस्तुगत आधारमा, वर्गगत आधारमा, नारीस्वभावका आधारमा र प्रतिकूल र अनुकूल आधारमा केलाएका छन् । पोखरेलले समका नाटकका पात्रहरू कथावस्तु, घटना र परिस्थितिसुहाउदो मौलिक रहेको बताएका छन् ।

**वानीरा गिरी, 'वर्तमान सन्दर्भमा समका दुई कविता 'स्वर्ग र देवता' र 'मेरो नुहाउने कोठा' (पूर्ववत्) ।**

वानीरा गिरीद्वारा लेखिएको 'वर्तमान सन्दर्भमा समका दुई कविता 'स्वर्ग र देवता' र 'मेरो नुहाउने कोठा' शीर्षकको लेख **गरिमा सम विशेषाङ्क**मा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा गिरीले बालकृष्ण समद्वारा रचित 'स्वर्ग र देवता' र 'मेरो नुहाउने कोठा' कविताको चर्चा गरेकी छिन् । गिरीले प्रस्तुत लेखमा कविहरू अत्यन्त दूरदर्शी हुनुका साथै अर्न्तःप्राज्ञ पनि हुन्छन् भन्ने बताउँदै समका यी दुई कविता लामो समयको अन्तरालमा रचिएको भए तापनि यी दुई कविता जीवनका अनैकौ अनुभूतिका मन्त्रसूत्रमा बाधिएको बताएकी छिन् । त्यसैगरी बालकृष्ण सम र विश्वका महान् नाटककार सेक्सपियरको जन्म तीन र आधा शताब्दीको अन्तरमा भएका यी दुवैमा भावनात्मक एकात्मकता रहेको गिरीले बताएकी छिन् ।

**गरिमा सम विशेषाङ्क भित्र सङ्कतिल अन्य लेखहरू :-**

हरिहर भण्डारी, 'मेरो कविताको आराधना' (पूर्ववत्) ।

होम सुवेदी, 'प्रेमपिण्ड'मा प्रयुक्त भाषा' (पूर्ववत्) ।

अशेष मल्ल, 'सहज रङ्गपद्धति-मितव्ययी रङ्गमञ्च' (पूर्ववत्) ।

कमल दीक्षित, 'क्षमा माग्नु' (पूर्ववत्) ।

कृष्णचन्द्रसिंह प्रधान, 'नौलो सोच संस्कार र प्रयोग प्रिय आविष्कर्ता सम' (पूर्ववत्) ।

कृष्ण प्रधान, 'समका कवितामाथि एक विचरण' (पूर्ववत्) ।

क्षेत्रप्रताप अधिकारी, 'समजीा समर्पित सम्झना' (पूर्ववत्) ।

खेम दाहाल, 'कवि सम र काव्य साधना' (पूर्ववत्) ।

जनकप्रसाद हुमागाई, 'समसँगको पहिलो र अन्तिम भेट' (पूर्ववत्) ।

ज्ञानेन्द्र विवश, 'समको सम्झनामा दुई थोपा आँसु' (पूर्ववत्) ।

दयाराम श्रेष्ठ, 'सम मनोसामाजिक जीवनका कथाकार' (पूर्ववत्) ।

धर्मराज थापा, 'कुँदिएका कोहेनुर हीरा': सम (पूर्ववत्) ।

प्रचण्ड मल्ल, 'नेपाली साहित्यका विभूति' (पूर्ववत्) ।

मदनमणि दीक्षित, 'अस्वीकार्य चिन्तनः नियमित आकस्मिता' (पूर्ववत्) ।

मधुकृष्ण श्रेष्ठ, 'सम रूपान्तर' (पूर्ववत्) ।

मनुजबाबु मिश्र, 'श्रद्धेय बालकृष्ण सम एउटा पोर्ट्रेट' (पूर्ववत्) ।

माधव घिमिरे, 'समप्रति श्रद्धाञ्जली' (पूर्ववत्) ।

मुकेश मल्ल, 'चित्रकारका रूपमा सम' (पूर्ववत्) ।

रमेश गोर्खाली, 'सत्तावादका दोषबीच समको समतावादी चिन्तन' (पूर्ववत्) ।

श्यामदास वैष्णव, 'नेपालमा नाट्यविधा र त्यसको प्रयोग' (पूर्ववत्) ।

स्वयम्प्रकाश शर्मा, 'समः एक संस्मरण' (पूर्ववत्) ।

हंसपुरे सुवेदी, 'समज्यूको उपस्थितिमा रमाएको गाउँ हंसपुर' (पूर्ववत्) ।

**समकालीन पृष्ठ**

नेपाली नाट्य क्षेत्रमा समको उपस्थितिलाई लिएर विशिष्ट तथा चर्चित समालोचक तथा नाटककारहरूबाट आएको टिप्पणीलाई समकै पृष्ठमा प्रस्तुत गरिएको छ जुन निम्नलिखित रहेका छन् ।

**कृष्ण गौतम, 'सम आधुनिकताको पहिलो पुस्ताका बहादुर लेखक हुन्' गरिमा वर्ष २१, अङ्क ३ २०५९ (फागुन) ।**

कृष्ण गौतमद्वारा लेखिएको 'सम आधुनिक पुस्ताका बहादुर लेखक हुन्' शीर्षकको लेख **गरिमा** समविशेषाङ्कमा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा गौतमले समलाई नेपाली साहित्यमा आधुनिकताका पहिलो पुस्ताका बहादुर लेखक हुन् भन्दै उनको साहित्यिक व्यक्तित्वलाई सगरमाथासँग तुलना गरी उनको उचाइलाई प्रस्ट्याएका छन् । सौन्दर्यप्रेमी समलाई दर्शनमा ज्यादा रूचि भएको र मानवतावाद अहिंसात्मक वैचारिकता गरिबप्रतिको सहानुभूति जस्ता प्रवृत्तिको र आत्मसात गर्दै उनले आफ्ना कृतिहरू रचना गरेको गौतमले बताएका छन् ।

**डा.खगेन्द्रप्रसाद लुईटेल, 'समले नेपाली नाट्यजगत्मा आधुनिकताको प्रारम्भ गरेका छन् (पूर्ववत्) ।**

गरिमा समविशेषाङ्कमा प्रकाशित 'समले नेपाली नाट्यजगत्मा आधुनिकताको प्रारम्भ गरेका छन्' शीर्षकको लेख डा. खगेन्द्रप्रसाद लुईटेलद्वारा लेखिएको हो । प्रस्तुत लेखमा लुईटेलले पूर्व प्रचलित अनुवाद रूपान्तरणको परम्परालाई अन्त्य गरी मौलिक विषवस्तुमा आधारित रही समले 'मुटुको व्यथा' नाटक रचना गरी नेपाली नाट्यजगत्मा आधुनिकताको आरम्भ गरेको टिप्पणी गरेका छन् । समले आफ्ना नाटकमा देशभक्तिपूर्ण भावना व्यक्त गर्नुका साथै आफ्नो स्मृतिका विविध पाटालाई पनि उचित स्थान दिएको कुरा लुईटेलले बताएका छन् ।

**समकालीन पृष्ठ अन्तर्गत निम्न शीर्षकका लेखहरू पनि समाविष्ट रहेका छन् :-**

माधवप्रसाद पोखरेल, 'समको केन्द्रीय व्यक्तित्व नै नाटककार हो' (पूर्ववत्) ।
गोविन्द गिरी,'सम नाटकका प्रथम र अन्तिम पात्र हुन्' (पूर्ववत्) ।
मोहनराज शर्मा, 'समको नाट्यकारिताले माध्यमिक नेपाली नाटकको अतिरञ्जनात्मक प्रवृत्तिलाई पाखा लगाई नौलो मोड दिएको छ' (पूर्ववत्) ।
सरुभक्त, 'सम नेपालका प्रथम गम्भीर नाटककार हुन' (पूर्ववत्) ।
हेमनाथ पौडेल, 'नाट्यक्षेत्रमा समको उपस्थिति युगान्तकारी' (पूर्ववत्) ।

## ३.२ बालकृष्ण समका सम्बन्धमा स्मारिकाभित्र भएका सर्वेक्षणहरू बालकृष्ण समको रचना र उनीसँग सम्बद्ध अन्य लेख रचना

### डा. तुलसी भट्टराई, 'मानवता, राष्ट्रियता एवंम् शान्तिका उपासक महान् स्रष्टा र द्रष्टा सम' सम शतवार्षिकी स्मारिका, २०६० ।

डा. हिमांशु थापाद्वारा सम्पादित **सम शतवार्षिकी स्मारिकामा** लेखक तुलसी भट्टराईले 'मानवता, राष्ट्रियता एवंम् शान्तिका उपमक महान् स्रष्टा सम' शीर्षक लेख लेखेका छन् । उक्त लेखमा भट्टराईले नेपाली साहित्यका त्रिमूर्तिमध्येका एक व्यक्ति समलाई नाट्यसम्राट्का रूपमा चिन्न सकिने कुरा उल्लेख गरेका छन् । नेपाली नाटक परम्परामा नयाँ अध्यापनको थालनी व्यक्ति समबाट भएको र नाट्यसाहित्यलाई समृद्ध पार्नुमा उनको विशेष भूमिका रहेको कुरा भट्टराईले बताएका छन् । भट्टराईले प्रस्तुत लेखमा समका खण्डकाव्य, महाकाव्य, कवितासङ्ग्रह, निबन्ध, आत्मजीवनी आदिको पनि सामान्य चर्चा गरेका छन् । भट्टराईले सम नाटककारका अतिरिक्त सफल कवि, सफल चित्रकार, वरिष्ट कलाकार समेत भएको कुराको टिप्पणी गरेका छन् ।

### डा. रामदयाल राकेश, 'बालकृष्ण समः नेपाली साहित्यका सेक्सपियर' (पूर्ववत्)

रामदयाल राकेशद्वारा लेखिएको 'बालकृष्ण समः नेपाली साहित्यका सेक्सपियर' शीर्षकको लेख **सम शतवार्षिकी स्मारिका**मा प्रकाशित छ । प्रस्तुत लेखमा राकेशले विश्वसाहित्यका परिप्रेक्ष्यमा समका कृतिहरूको मूल्याङ्कन गर्दा उनलाई अंग्रेजी सुप्रसिद्व नाटककार विलियम सेक्सपियर र हिन्दी साहित्यका प्रसिद्ध नाटककार र महाकवि जयशङ्करप्रसादको समकक्षमा राख्न सकिने कुरा उल्लेख गरिएको छ । यही दयालले समको काव्य व्यक्तित्वबाट आफू ज्यादै प्रभावित रहेको कुरा उनले  बताएका छन् । दयालले प्रस्तुत लेखमा समलाई राष्ट्रवादी कविका रूपमा चिन्न सकिने विचार पनि व्यक्त गरेका छन् ।

**शिव अधिकारी, 'समका बारेमा केही शब्द' (पूर्ववत्)**

शिव अधिकारीले **सम शतवार्षिकी स्मारिका**मा 'समका बारेमा केही शब्द' शीर्षकको लेख लेखेका छन् । प्रस्तुत लेखमा अधिकारीले सम अनवरत साधना र अभ्यासले गर्दा कवि बन्न पुगेको कुरा उल्लेख गरेका छन् । अधिकारीले आधुनिक नेपाली रङ्गमञ्चमा समको अभ्युदय, योगदानलाई मूल्याङ्कन गरेर नै उनलाई नाट्यसम्राट् भनिएको कुरा टिप्पणी गरेका छन् । अधिकरीले समका सम्पूर्ण कृतिहरूको अध्ययन गरेपश्चात् उनलाई ॐ खं ब्रह्मंवादी अध्यात्मचेतनाका रूपमा चिन्न सकिने विचार समेत व्यक्त गरेका छन् ।

**कृष्णचन्द्रसिंह प्रधान, ' बालकृष्ण, रचनाका हातहरू र आशिष' पूर्ववत्**

कृष्णचन्द्रसिंह प्रधानद्वारा लेखिएको 'बालकृष्ण रचनाका हातहरू र आशिष' शीर्षकको लेख **सम शतबार्षिकी स्मारिका**मा प्रकाशित छ । प्रस्तुत लेखमा प्रधानले नाट्यसम्राट् बालकृष्ण समको सिर्जनात्मक व्यक्तित्व र प्रतिभा विराट् रहेको कुरा बताएका छन् । प्रधानले प्रस्तुत लेखमा समको स्वभावको चर्चा गर्दै उनीसँग सम्बन्धित केही घटनाहरू पनि उल्लेख गरेका छन् । सम राणाकुलमा जन्मे पनि राजनीतिक क्रियाकलापमा चासो नदेखाई केवल साहित्य सिर्जनामा तल्लीन रहेको कुरा प्रधानले टिप्पणी गरेका छन् ।

**यसै खण्डभित्र सङ्कलित अन्य लेखहरू निम्न अनुसार छन् :-**

बालकृष्ण समः नेपालमा नाटक (पूर्ववत्)
डा. टीकाराम पन्थीः म बेहोस भइनँ, होसमै रहेंः सम (पूर्ववत्)
डा. हिमांशु थापा : बालकृष्ण समका नाटकमा सङ्मञ्चीयता (पूर्ववत्)
प्रचण्ड मल्ल : नाटककार समः सम्झनाका केही चित्र (पूर्ववत्)

**सम शतबार्षिकीका अवसरमा आयोजित व्याख्यानमाला कार्यक्रममा प्रस्तुत व्याख्यानपत्र**
**लीला लुइटेल, 'नाटककार समको नारीसम्बन्धी दृष्टि' शतवार्षिकी स्मारिका, २०६०**

हिमांशु थापाद्वारा सम्पादित **सम शतवार्षिकी स्मारिका**मा लेखक लीला लुइटेलले 'नाटककार समको नारीसम्बन्धी दृष्टि' शीर्षकको लेख लेखेकी छिन् । प्रस्तुत लेखमा लुइटेलले बालकृष्ण समको सामान्य परिचय दिदै उनलाई प्राप्त भएका विभिन्न पुरस्कारहरूको पनि उल्लेख गरेकी छिन् । लेइटेलले साहित्यका विविध विधामा कलम चलाएका समले नाटक र कविता विधामा प्रसिद्धी कमाएको कुरा बताउँदै उनका प्रकाशित तथा अप्रकाशित नाटकहरू पनि उल्लेख गरेकी छिन् । लुइटेलले समका नाटकमा नारीलाई

प्रदान गरिएका उपर्युक्त भूमिकाका आधारमा उनका नाटकमा पाइने नारीसम्बन्धी दृष्टिकोणलाई केलाएकी छिन् । समका दृष्टिमा नारी पुरुषका आमा, दिदी, बहिनी, स्वास्नी, प्रेमिका, छोरी, नातिनी आदिका रूपमा रहेको लुइटेलले बताएकी छिन् । लुइटेलले समको नारीप्रतिको दृष्टिकोण बढी परम्परावादी, आदर्शवादी र पश्चगामी रहेको कुरा पनि टिप्पणी गरेकी छिन् ।

**डा. घनश्याम परिश्रमी, 'समका ऐतिहासिक नाटकहरूमा पाइने राष्ट्रियचेतना'** (पूर्ववत्)

घनश्याम परिश्रमीद्वारा लेखिएको 'समका ऐतिहासिक नाटकहरूमा पाइने राष्ट्रिय चेतना' शीर्षकको लेख **समशतवार्षिकी स्मारिका**मा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा परिश्रमीले समका ऐतिहासिक नाटकहरूमा पाइने राष्ट्रिय चेतनाको विश्लेषण गरेका छन् । परिश्रमीले समको 'ऐतिहासिक पूर्णाङ्की तथा एकाङ्की नाटकहरू (भक्त भानुभक्त, भीमसेनको अन्त्य, अमरसिंह, रणदुल्लभ, नालापानीमा) मा व्याप्त रहेको राष्ट्रिय भावनाको बारेमा चर्चा गरेका छन् । बालकृष्ण सम राष्ट्र र राष्ट्रियताप्रति अत्यन्त सचेत रहने हुँदा उनका नाटकहरूमा नेपाली संस्कृति भाषा नेपाली प्रति अत्यन्त श्रद्धा आस्था प्रकट गरिएको कुरा परिश्रमीले बताएका छन् ।

**कुमारप्रसाद कोइराला, 'समका सुखान्त नाटकमा पाइने द्वन्द्व'** (पूर्ववत्)

'समका सुखान्त नाटकमा पाइने द्वन्द्व' शीर्षकको लेख कुमारप्रसाद कोइरालाले लेखेका
छन् । उक्त लेख **सम शतवार्षिकी स्मारिका**मा प्रकाशित छ । प्रस्तुत लेखमा कोइरालाले द्वन्द्वलाई नाटकको अपरिहार्य तत्त्वको रूपमा लिदै दुई विपरीत स्वभाव वा प्रकृतिका पात्रहरूलाई दुई विपरीत शक्तिका रूपमा खडा गरी द्वन्द्वको सिर्जना हुने कुरा बताएका छन् । कोइरालाले समका सुखान्त नाटकहरूको पहिचान गर्दै ती सुखान्त नाटकहरू (अमलेख, मुकुन्द-इन्दिरा, प्रल्हाद म, अमितवासना) मा प्रयोग भएका द्वन्द्वको चर्चा गरेका छन् । द्वन्द्व प्रयोगका दृष्टिले समका सुखान्त नाटकहरू अत्यन्त सफल रहेको कुरा कोइरालाले बताएका छन् ।

**देवीप्रसाद सुवेदी, 'बालकृष्ण समका सुखान्त नाटकमा हास्य तत्व'** (पूर्ववत्)

देवीप्रसाद सुवेदीद्वारा लेखिएको 'बालकृष्ण समका सुखान्त नाटकमा हास्यतत्त्व' शीर्षकको लेख **सम शतवार्षिकी स्मारिका**मा प्रकाशित रहेको छ । प्रस्तुत लेखमा सुवेदीले

अरिस्टोटलले सुखान्त नाटकका निम्ति हास्यतत्त्वलाई प्रमुख कारकको रूपमा लिएको कुरा बताउँदै हास्यका विशेषताहरू बारे उल्लेख गरेका छन् । सुवेदीले प्रस्तुत लेखमा समका सुखान्त नाटकहरू 'ध्रुव', 'प्रल्हाद', 'मुकुन्द-इन्दिरा', 'म', 'अमितवासना', 'तलमाथि', 'अत्याधुनिकता' आदिमा प्रयोग भएको हास्यतत्त्वको चर्चा गरेका छन् । सुवेदीले यी नाटकहरूमा पाइने हास्यको प्रमुख कारण असङ्गतिलाई मान्दै यी असङ्गतिलाई पुस्तागत, वैचारिक लैङ्गिक, परिवारिक, वैयक्तिक आदि प्रकारले छुट्याएका छन् । समका नाटकहरू सुखान्त हुनुको मूल कारण हास्यतत्त्व नै रहेको कुरा सुवेदीले टिप्पणी गरेका छन् ।

**डा. गार्गी शर्मा, 'समका केही नारी पात्र' (पूर्ववत्)**

'समका केही नारी पात्र' शीर्षकको लेख गार्गी शर्माले लेखेकी हुन् । प्रस्तुत लेख **सम शतवार्षिकी स्मारिका**मा प्रकाशित छ । प्रस्तुत लेखमा शर्माले समका नाटकमा प्रयोग गरिएका नारी पात्रहरूको बारेमा चर्चा गरेकी छिन् । समका नाटकमा प्रयोग गरिएका नारीहरू परम्परागत हिन्दू मान्यताले अभिसिञ्चित भई बन्धनले बाधेर ज्यादै संकुचित घेरामा रुमलिएको कुरा गार्गीले बताएकी छिन् । गार्गीले नारी हुनुको अर्थ सहनु र सम्भालिनु हो भन्ने नाटककारको मूल दृष्टिबिन्दु रहेको कुरा उल्लेख गरेकी छिन् । गार्गीले समका नाटकका नारी पात्रहरू सच्चरित्रवती र पतिव्रता रूपमा प्रतिष्ठित रही पुरुष भन्दा उत्साही र जागरिला रहेको कुरा उल्लेख गरेकी छिन् । समका नाटकमा नारी पात्रहरू अनेक अन्याय अत्याचार सहेर पनि नैतिकता र अन्धभक्तिका साथ बसेको कुराको समेत गार्गीले टिप्पणी गरेकी छिन् ।

**यसै खण्डभित्र सङ्कलित अन्य लेखकहरू निम्न अनुसार छन् :–**

जयराज पन्त, 'भारत' (पूर्ववत्)

प्रा.डा. वेणीमाधव ढकाल, 'नेपालको संस्कृत नाटकपरम्परा र प्रवृत्ति'(पूर्ववत्)

डा. केशवप्रसाद उपाध्याय, 'समको प्रयोगशील कवित्वः एक सङ्क्षिप्त चर्चा' ( पूर्ववत्)

कपिल अज्ञात, 'समको मानवतावादी धारणाः एक स्थूल अवलोकन' (पूर्ववत्)

डा. खगेन्द्रप्रसाद लुइटेल, 'समका नाटकमा सांस्कृतिक दृष्टिकोण' (पूर्ववत्)

# चौंथो परिच्छेद

## बालकृष्ण समसम्बन्धी भएका शोध अध्ययनहरूको सर्वेक्षण

विभिन्न पत्रपत्रिका र पुस्तककार कृति र पुस्तकभित्र सङ्कलित बालकृष्ण समसम्बन्धी अध्ययनहरू भएजस्तै शोधकार्यका रूपमा पनि समसम्बन्धी विभिन्न अध्ययनहरू हुँदै आइरहको छ । यस्ता शोधकार्यहरू विद्यावारिधि उपाधि र स्नातकोत्तरीय तहको प्रयोजनका लागि भएका छन् । यस शोधकार्यको अध्ययनको क्षेत्र २०४१ सालदेखि २०६६ सालसम्मको समयावधि भएको हुँदा यस परिच्छेदमा २०४१ सालदेखि २०६६ सालसम्ममा सम्बन्धमा भएका विद्यावारिधि शोधकार्य र स्नातकोत्तरीय शोधकार्यहरूको अध्ययन गरी सर्वेक्षणात्मक विवेचना कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

**केशवप्रसाद उपाध्याय, 'समको दुःखान्त नाट्यचेतना' नेपाली केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, २०४१, विद्यावारिधि शोधप्रबन्ध पृ. ४३४ ।**

'समको दुःखान्त नाट्यचेतना' शीर्षकको विद्यावारिधीय शोधप्रबन्ध केशवप्रसाद उपध्यायद्वारा नेपाली केन्द्रीय विभाग त्रि.वि. को मातहतमा रही २०४१ सालमा तयार परिएको हो । प्रस्तुत शोधप्रबन्ध १२ परिच्छेदमा विभाजित रहेको छ। प्रस्तुत शोधप्रबन्धको पहिलो परिच्छेद शोधपरिचय, दोस्रो परिच्छेद पाश्चात्य दुःखान्त नाट्यसृजन र चिन्तनपरम्परा, तेस्रो परिच्छेद बालकृष्ण समपूर्वको नेपाली नाट्यपरम्परा र नेपालमा दुःखान्त नाटकको प्रवेश, चौथो परिच्छेद बालकृष्ण समका दुःखान्त नाट्यचेतनाका उत्प्रेरक कारकहरू, पाँचौ परिच्छेद बालकृष्ण समको नाट्ययात्रा र दुःखान्त नाट्यकृतिहरूको पहिचान, छैठौ परिच्छेद 'तानसेनको झरी' को दुःखान्त चेतनाको विश्लेषण, सातौ परिच्छेद 'मुटुको व्यथा' को दुःखान्त चेतनाको विश्लेषण, आठौं परिच्छेद 'अन्धवेग'को दुःखान्त चेतनाको विश्लेषण, नवौं परिच्छेद 'प्रेमपिण्ड' को दुःखान्त चेतनाको विश्लेषण, दसौं परिच्छेद 'भीमसेनको अन्त्य'को दुःखान्त चेतनाको विश्लेषण, एघारौं परिच्छेद 'स्वास्नी मान्छे' को दुःखान्त चेतनाको विश्लेषण, बाहौं परिच्छेद 'रणदुल्लभ' को दुःखान्त चेतनाको विश्लेषण रहेको छ । प्रस्तुत शोधप्रबन्ध ४३४ पृष्ठमा संरचित रहेको छ । प्रस्तुत शोधप्रबन्धमा उपाध्यायले समलाई नेपाली नाट्य साहित्यमा दुःखान्त नाटकको प्रारम्भकर्ताको रूपमा चिनाउँदै उनको नाट्ययात्रा र उनको दुःखान्त नाट्य इतिहासको उल्लेख गरेका छन् । उपाध्यायले समपूर्वको नेपाली नाट्यपरम्परा र नेपालमा दुःखान्त नाटकको सुरुवात आदिको चर्चा समेत गरेका छन् । बालकृष्ण समका जीवनमा घटेका वा उनीद्वारा अनुभव गरिएका

प्रमुख दुःखान्त घटनाहरू नै उनका दुःखान्त नाट्यचेतनाको उत्प्रेरक कारकको रूपमा रहेको उपाध्यायले बताएका छन् । उपाध्यायले समको दुःखान्त नाटकहरू 'तानसेनको झरी', 'मुटुको व्यथा', 'अन्धवेग', 'प्रेमपिण्ड', 'भीमसेनको अन्त्य', 'स्वास्नीमान्छे', 'रणदुल्लभ' आदिलाई नाटकीय तत्वका आधारमा विश्लेषण गरेका छन् । उपाध्यायले सम आफ्नो नाट्ययात्राको पहिलो चरण देखिलिएर अन्तिम चरणसम्म जीवनमा व्याप्त विविध दुःखान्तीय स्थितिको निरीक्षण गर्दै दुःखान्त नाट्यरचनामा संलग्न रहेकाले उनले नेपालका दुःखान्त नाट्यकलालाई प्रतिष्ठा दिलाउनुका साथै यसको उत्थान र विकासमा उनी सफल भएको बताएका छन् ।

**देवीप्रसाद सुवेदी, 'बालकृष्ण समको सुखान्त नाटकारिता', त्रि.वि., पद्मकन्या क्याम्पस, नेपाली केन्द्रीय विभाग, २०६१, विद्यावारिधीय शोधप्रबन्ध, पृ.५७४ ।**

देवीप्रसाद सुवेदीद्वारा 'वालकृष्ण समको सुखान्त नाटयकारिता शीर्षकको विधावारिधि शोधप्रबन्ध त्रि.वि. पद्मकन्या क्याम्पसको मातहतमा रही २०६१ सालमा तयार पारिएको हो । प्रस्तुत शोधप्रबन्धमा ८ परिच्छेद रहेका छन् । प्रस्तुत शोधप्रबन्धको पहिलो परिच्छेद शोधपत्रको परिचय, दोस्रो परिच्छेद समको जीवनी र कृतित्वका सन्दर्भमा उनको नाट्यकारिता र सुखान्त नाट्ययात्राको विवेचना, तेस्रो परिच्छेदमा नाट्यमान्यता र रङ्गमञ्चका साथै सुखान्तीय नाट्यसिर्जनाको सन्दर्भमा सुखान्त नाट्यमान्यताको विवेचना, चौथो परिच्छेदमा बालकृष्ण समको सार्वजनिक नाट्ययात्राको पहिलो चरणका सुखान्त नाटकको विवेचना, पाँचौ परिच्छेदमा बालकृष्ण समको सार्वजनिक नाट्ययात्राको दोस्रो चरणका सुखान्त नाटकको विवेचना, छैठौं परिच्छेदमा बालकृष्ण समको सार्वजनिक नाट्ययात्राको तेस्रोचरणका सुखान्त नाटकको विवेचना, सातौ परिच्छेदमा बालकृष्ण समको सुखान्त नाट्यकारिताको विवेचना र आठौं परिच्छेद निष्कर्ष तथा उपसंहार रहेको छ । प्रस्तुत शोधप्रबन्ध ५७४ पृष्ठमा संरचित रहेको छ । प्रस्तुत शोधप्रबन्धमा सुवेदीले बालकृष्ण समको संक्षिप्त जीवनीको चर्चा गर्दै उनको सुखान्त नाट्यकारिताको विवेचना गरेका छन् । समले छ दशक लामो साहित्यिक यात्राका क्रममा नाटकका अतिरिक्त कविता आख्यानविधा, प्रबन्ध, आत्मजीवनी आदिमा पनि महत्त्वपूर्ण योगदान दिएको कुरा सुवेदीले उल्लेख गरेका छन् । प्रस्तुत शोधप्रबन्धमा सुवेदीले समको सुखान्त नाट्ययात्राको आरम्भ १९८६ सालमा 'ध्रुव' नाटकबाट भएको बताउँदै समका सुखान्त नाट्ययात्राको पहिलो चरणका नाटकहरू 'ध्रुव', 'मुकुन्द-इन्दिरा', 'प्रल्हाद' अमलेख र लघुनाटक 'प्रेम', दोस्रो चरणमा सुखान्त नाटकहरू 'म', 'चिन्ता', 'अत्याधुनिकता' र लघुनाटक 'भतेर', 'क्रान्तिकारी भानु', 'तपोभूमि',

'प्रतिध्वनि', 'नालापानीमा', 'बुहार्तन' र तेस्रो चरणका सुखान्त नाटकहरू 'अमितवासना', 'तलमाथि' र लघु नाटक 'उज्यालो आशा', 'माटोको ममता', 'भगवतीको मूर्ति', 'पथदर्शन', 'छ कि छैन', 'नयाँघर', 'चेतना' र 'पृथ्वीनारायण शाह' जस्ता नाटकको विश्लेषण गरेका छन् । सुवेदीले ती नाटकहरूलाई प्रवृत्तिगत मूल्य र गुणस्तरका आधारमा उच्चतर, उच्च, उच्चमध्यम र मध्यम गरी वर्गीकरण गरेका छन् । बालकृष्ण समका सुखान्त नाटकहरू मूलतः पाश्चात्य सुखान्तीय नाट्यपरम्पराबाट प्रभावित रहेता पनि केही मात्रामा भने संस्कृत र संयोगान्तीय नाट्यपरम्पराबाट पनि प्रभावित रहेको सुवेदीले उल्लेख गरेका छन् । सुवेदीले समका नाटकहरू गद्यात्मक, पद्यात्मक र मिश्रित तीनै शैलीमा रचिएको र उनका नाटकमा आलङ्कारिक उच्च शैलीको भाषिक प्रयोग रहेको बताएका छन् । समका सुखान्त नाटकहरू विशेषगरी पाश्चात्य सुखान्त नाटककारहरूका नाटकहरूबाट प्रभावित रहेको सुवेदीले टिप्पणी गरेका छन् । समको सुखान्त नाटकको वैचारिक चिन्तन मूलतः आदर्शवादी, अर्धईश्वरवादी, मानवतावादी, किसिमको आध्यात्मिक रूपको रहेको पनि सुवेदीले उल्लेख गरेका छन् । यसरी सुवेदीले बालकृष्ण समलाई सर्वोत्कृष्ट सुखान्त नाट्यप्रतिभाका रूपमा चिनाउँदै विश्वस्तरीय सुखान्त नाटककारहरूसँग दाँजिन सक्ने एक मात्र नेपाली सुखान्त नाटककारका रूपमा प्रस्तुत गर्दै उनको सुखान्त नाट्यकारिताको विश्लेषण गरेका छन् ।

**रामचन्द्र पोखरेल, 'बालकृष्ण समका ऐतिहासिक नाटकको विश्लेषण', पृथ्वीनारायण क्याम्पस, पोखरा, २०६३, विद्यावारिधि शोधप्रबन्ध ।**

रामचन्द्र पोखररेलद्वारा 'बालकृष्ण समका ऐतिहासिक नाटकको विश्लेषण', शीर्षकको विद्यावारिधि शोधप्रबन्ध पृथ्वीनारायण क्याम्पस पोखराको निर्देशनमा २०६३ सालमा तयार पारिएको हो । प्रस्तुत शोधप्रबन्ध ९ परिच्छेदमा विभाजित रहेको छ । प्रस्तुत शोधप्रबन्धको पहिलो परिच्छेद शोधपरिचय, दोस्रो परिच्छेद ऐतिहासिक नाटकको सैद्धान्तिक स्वरूप, तेस्रो परिच्छेद बालकृष्ण समको परिचय, चौथो परिचछेदमा ऐतिहासिक नाटककार स्रष्टा बालकृष्ण समको चर्चा, त्यसै गरी पाचौ परिच्छेदमा 'भक्त भानुभक्त' नाटकको विश्लेषण, छैठौ परिच्छेदमा 'अमरसिंह' नाटकको विश्लेषण, सातौ परिच्छेदमा 'भीमसेनको अन्त्य' नाटकको विश्लेषण, आठौं परिच्छेद 'मोतीराम' नाटकको विश्लेषण र नवौ परिच्छेद सारांश तथा मूल्याङ्कन रहेको छ । प्रस्तुत शोधप्रबन्ध ४२८ पृष्ठमा संरचित रहेको छ । पोखरेलले प्रस्तुत शोधप्रबन्धमा बालकृष्ण समको परिचय दिदै ऐतिहासिक नाटकको सैद्धान्तिक स्वरूपको चर्चा गरेका छन् । इतिहासमा घटेका विविध घटनाहरूलाई समले नाटकीकरण गरेर काल्पनिक घटनाहरू जोड्दै नाटकमा घटना र चरित्रका बीच समन्वय गराएको

पोखरेलले टिप्पणी गरेका छन् । नेपाली इतिहासमा छरिएर रहेको घटनाहरूलाई एकत्रित गरी समले ऐतिहासिक नाटकहरूको रचना गरेको पोखरेलले टिप्पणी गरेका छन् । पोखरेलले प्रस्तुत शोधप्रबन्धमा समका ऐतिहासिक नाटक 'अमरसिंह', 'भीमसेनको अन्त्य', 'भक्तभानुभक्त' र 'मोतीराम' नाटकको विश्लेषण गरेका छन् । समका नाटकमा करुणावाद, राष्ट्रवाद, नियतिवाद, मानवतावाद र कर्मवाद स्पष्ट परिलक्षित रहेको र विलास र स्वार्थमा डुवेका राष्ट्रवासीलाई व्यक्तिगत स्वार्थबाट माथि उठाउने कार्य उनको नाटकहरूमा गरिएको पोखरेलले उल्लेख गरेका छन् । समको 'भक्त भानुभक्त' र 'मोतीराम' नाटकको माध्यमबाट समले नेपाली जातिमा र नेपाली भाषाप्रतिको संचेतनाका लागि व्यक्तिलाई व्यक्तिगत स्वार्थबाट माथि उठेर भाषा साहित्यको उत्थानमा समर्पित रहन सन्देश दिई नेपाली भाषाप्रतिको प्रेमभाव जगाएका कुरा पोखरेलले टिप्पणी गरेका छन् । त्यसैगरी 'अमरसिंह' र 'भीमसेनको अन्त्य' नाटकका माध्यमबाट समले नेपालीमा राष्ट्रप्रेमको भावना जागृत गरी राष्ट्रोत्थानमा समर्पित रहन उत्प्रेरित गरेको र स्वदेशप्रतिको मायामोहलाई नै स्पष्ट रूपमा देखाएको पोखरेलले बताएका छन् । पोखरेलले समका ऐतिहासिक नाटकहरू नेपाली साहित्यका क्षेत्रमा उच्च स्थानमा रहनुका साथै परिमाणात्मक र गुणात्मक दुवै दृष्टिकोणले विशिष्ट स्थानमा रहेको उल्लेख गरेका छन् । विषयवस्तु र नाट्यचेतनाका दृष्टिले समका ऐतिहासिक नाटक नेपाली ऐतिहासिक नाट्यजगत्का मूल्यवान् निधि मात्र नभएर सिङ्गो नेपाली नाट्य साहित्यकै बहुमूल्य सम्पदा मान्न सकिने पोखरेलले उल्लेख गरेका छन् ।

**मीरादेवी धिताल, 'बालकृष्ण समका सामाजिक सुखान्त नाटक', स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर २०४६, पृ. ९५ ।**

'बालकृष्ण समका सामाजिक सुखान्त नाटक' शीर्षकको शोधपत्र मीरादेवी धितालद्वारा नेपाली केन्द्रीय विभाग त्रि.वि. को मातहतमा रही २०४६ सालमा तयार परिएको हो । प्रस्तुत शोधपत्र ६ परिच्छेदमा विभाजित रहेको छ । प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोधपरिचय, दोस्रो परिच्छेदमा नाटककार बालकृष्ण सम शीर्षक भित्र समपूर्वको नेपाली नाटक, समको आगमन र प्रेरणा, समका सयोगान्त नाटक र सामाजिक सयोगान्त नाटकको परिचयात्मक रूप, तेस्रो परिच्छेदमा 'मुकुन्द-इन्दिरा' नाटकको विवेचना, चौँथो परिच्छेदमा 'म' नाटकको विवेचना, पाचौं परिच्छेदमा 'तलमाथि' र 'अमितवासना' नाटकका विवेचना रहेको छ भने छैठौँ परिच्छेदमा सामाजिक सयोगान्त नाटकमा समको योगदान रहेको छ । प्रस्तुत शोधपत्र ९५ पृष्ठमा संरचित रहेको छ । प्रस्तुत शोधपत्रमा धितालले नेपाली साहित्यका नाट्यसम्राट् बालकृष्ण समले नेपाली नाट्यसाहित्यमा अनुवाद र रूपान्तरण परम्परामा नाटक लेख्ने प्रवृत्ति चलिरहेको समयमा विशुद्ध मैलिक र सामाजिक

नेपाली नाटकको रचना गरेकोले उनलाई नेपाली सुखान्त नाटकका प्रवर्तक तथा सम्बर्द्धकका रूपमा चिनाएकी छिन् । पूर्वीय र पाश्चात्य नाट्यशिल्पलाई समाहित गर्दै समले विभिन्न सामाजिक सुखान्त नाटकको रचना गरेको धितालले टिप्पणी गरेकी छिन् । सामाजिक र यथार्थिक कथावस्तुहरूमा आधारित रही नाटकहरू रचना गर्नुका साथै साधारण घटनालाई पनि रोमान्टिक रूप दिने प्रवृत्ति सममा रहेको धितालले उल्लेख गरेकी छिन् । धितालले समन्वयवादी प्रवृत्तिको आधारशिलामा नाटक रचना गर्ने समका 'मुकुन्द-इन्दिरा', 'म', 'तलमाथि', 'अमितवासना' जस्ता सामाजिक सुखान्त नाटकहरूलाई नाटकीय तत्त्वका आधारमा विश्लेषण गरेकी छन् । समका यिनै नाट्यप्रवृत्तिले गर्दा अरु नाटककारहरूको भन्दा उनको नाटक उच्च कोटिको रहनुका साथै नाट्यसाहित्यलाई जीवन्तता प्रदान गर्नमा उनको अग्रणी भूमिका रहेको धितालले उल्लेख गरेकी छिन् । यसरी धितालको प्रस्तुत शोधपत्र सुखान्त नाटककार वालकृष्ण सम, उनको सुखान्त नाटकहरू र सुखान्त नाटकका क्षेत्रमा उनको योगदानको चर्चा गर्नमा नै केन्द्रित रहेको छ ।

**गोविन्दराम खनाल, 'चिसो चुल्हो' महाकाव्यको संक्षिप्त अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, २०५४ ।**

गोविन्दराम खनालद्वारा लेखिएको 'चिसो चुल्हो' महाकाव्यको संक्षिप्त अध्ययन' शीर्षकको शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि.वि. मातहतमा तयार पारिएको हो । प्रस्तुत शोधपत्र ७ परिच्छेदमा विभाजित रहेको छ । यस शोधपत्रको पहिलो परिच्छेदमा शोध परिचय, दोस्रो परिच्छेद महाकाव्यको सैद्धान्तिक परिचय, तेस्रो परिच्छेदमा महाकाव्यका आवश्यक तत्त्वहरू, चौथो परिच्छेदमा नेपाली महाकाव्यको विकासक्रम, पाँचौ परिच्छेदमा 'चिसो चुल्हो' महाकाव्यको संक्षिप्त अध्ययन, छैटौँ परिच्छेदमा 'चिसो चुल्हो' महाकाव्यको मूल्याङ्कन र सातौ परिच्छेदमा निष्कर्ष रहेको छ । खनालले प्रस्तुत शोधपत्रमा पूर्वका भामहदेखि विश्वनाथसम्मका र पश्चिमका विभिन्न आचार्यहरूको महाकाव्यसम्बन्धी चिन्तनपरम्परालाई प्रस्तुत गर्दै समको 'चिसो चुल्हो' महाकाव्यलाई नेपाली महाकाव्य परम्पराकै इतिहासमा नौलो महाकाव्यका रूपमा चिनाएका छन् । महाकाव्यसम्बन्धी मान्यताको विरुद्धमा उभिएको समको 'चिसो चुल्हो' महाकाव्यको आफ्नै स्थान रहेको खनालले बताएका छन् । समले पूर्वीय तथा पाश्चात्य महाकाव्य सम्बनधी मान्यता अनुसार ऐतिहासिक, पौराणिक वा लोक प्रसिद्ध कथावस्तुको रचना नगरी सामाजिक विषयवस्तुलाई लिएर महाकाव्य रच्नुका साथै उच्च कुलीन र धीरोदात्त नायकमा ठाउँमा तुच्छ जातको निम्नवर्गीय नायकको सिर्जना गरेको खनालले टिप्पणी गरेका छन् । समले समाजका हेलित

र उपेक्षित जातलाई महाकाव्यको नायक वनाएर मानवतावादको जरो गाड्न खोज्नुका साथै आर्थिक असम्पन्नताका कारणले भोकभोकै मर्नुपर्ने वाध्यता, रुढीवादी संस्कारप्रति विद्रोही भाव देखाएको खनालले उल्लेख गरेका छन् । सम्पूर्ण मानवजाति एक हौँ धनी गरिब उच्च, नीच, छवाछुतको अन्त्य गर्दै रूढीवादी मान्यतालाई त्याग्दै राष्ट्र, राष्ट्रियता स्वजाति र स्वसंस्कृति प्रति आस्था प्रकट गर्नुपर्छ भन्ने समका विचारप्रति खनालले टिप्पणी गरेका छन् । खनालले परिष्कारवादी धाराको यस महाकाव्यले सामाजिक अनुदारवादी, चिन्तन र आर्थिक विपन्नताले चिसिएको परिवेशलाई नयाँ विचार र तापले तताउने जमर्को गरेको छ भनी उल्लेख गरेका छन् । खनालले द्वन्द्वविधानको उचित समायोजन हुन नसकेको यस महाकाव्यमा शृङ्गार, वीर र करुण रसको राम्रो प्रयोग भएको बताएका छन् । गद्य कवितामा लेखिएको 'चिसो चुल्हो' महाकाव्यमा मात्रिक, वर्णमात्रिक र लोकलय आदिको प्रयोग गर्नुका साथै अन्त्यानुप्रासको सुन्दर आयोजना भेट्न सकिने धारणा खनालको रहेको छ । तसर्थ समको प्रयोगवादी महाकाव्य 'चिसो चुल्हो'को कथ्यगत विशेषता राष्ट्रिय चेतना, सामाजिक असमानता, देशभक्ति मानवतावाद र स्वसंस्कृतिप्रति मोह आदि रहेको खनालले उल्लेख गरेका छन् ।

**शेषनाथ पौडेल, 'प्रेमपिण्ड नाटकको विश्लेषण र मूल्याङ्कन' स्नातकोत्तर शोधपत्र त्रिचन्द्र क्याम्पस घण्टाघर, काठमाडौं, २०५६, पृ. १४५ ।**

'प्रेमपिण्ड' नाटकको विश्लेषण र मूल्याङ्कन' शीर्षकको शोधपत्र शेषनाथ पौडेलद्वारा त्रिचन्द्र क्याम्पसको मातहतमा रही २०५६ सालमा तयार पारिएको हो । प्रस्तुत शोधपत्र छ परिच्छेदमा विभाजित रहेको छ । पहिलो परिच्छेदमा शोधपत्रको परिचय, दोस्रो परिच्छेदमा नाटकको सैद्धान्तिक परिचय, तेस्रो परिच्छेदमा नेपाली नाटक परम्परा र नाटककार बालकृष्ण सम, चौथो परिच्छेद 'प्रेमपिण्ड' नाटकको विश्लेषण, पाँचौ परिच्छेद प्रेमपिण्ड नाटकको मूल्याङ्कन र छैटौं परिच्छेद उपसंहार रहेको छ भने यो शोधपत्र १४५ पृष्ठमा संरचित रहेको छ । प्रस्तुत शोधपत्रमा पौडेलले बालकृष्ण समको 'प्रेमपिण्ड' नाटकको कथावस्तु, चरित्रचित्रण, भाषाशैली, परिवेश, द्वन्द्व, अलङ्कारयोजना इत्यादिको वर्णन गरेका छन् । 'प्रेमपिण्ड' नाटकमा गतिशील दृश्यहरूको प्रयोग भएकोले अभिनय पक्ष त्यति सहज नभएको पौडेलले उल्लेख गरेका छन् । पौडेलले पाश्चात्य मान्यताअनुसार दुःखान्त नाटकमा गीतको अनिवार्यता रहने हुँदा प्रेमपिण्डमा पनि प्रशस्त गीतको प्रयोग भएका टिप्पणी गरेका छन् । पौडेलले प्रेमपिण्ड नाटकको कथावस्तु आदि मध्य र अन्त्यको हिसावले सङ्गठित रहेको र कथावस्तुप्रधान नाटक भएता पनि आयाम र परिवेश विस्तृत भएकोले पात्रको प्रयोग धेरै

भएको उल्लेख गरेका छन् । प्रस्तुत नाटकको भाषा गद्यात्मक रहनुका साथै आन्तरिक र बाह्य दुवै द्वन्द्वको सशक्त प्रयोग रहेको पौडेलले बताएका छन् । पौडेलले राणाकालको स्वर्णकालतिरका तत्कालीन समाजको परम्पराअनुरूपका घटनाहरू समेटिएको प्रस्तुत नाटक सामाजिक घटनामा आधारित रहनुका साथै भावनात्मक प्रेम वासनात्मक प्रेमभन्दा उच्च रहेको हुन्छ भन्ने कुराको टिप्पणी गरेका छन् । प्रेमको आदर्श रूप देखाउनुका साथै दरबारिया समाजको यथार्थ रूप र मानव जीवनमा आइरहने हरेक समस्याको समाधान प्रेम हो भन्ने धारणा पौडेलले व्यक्त गरेका छन् । नारी कुनै खेलौना होइन उसको पनि अस्तित्व हुन्छ, नारीको अस्तित्व बुझ्न नसक्ने पात्रको पतन देखाइएको पौडेलले टिप्पणी गरेका छन् । पौडेलले प्रस्तुत लेखमा समले दरबारिया समाजको यथार्थ रूप प्रस्तुत गर्दै प्रेमको उच्चता र मानवप्रेमको माध्यमबाट विश्वप्रेमको आदर्श रूप प्रस्तुत गरिएको उल्लेख गरेका छन् । पौडेलले 'प्रेमपिण्ड' नाटकका ठाउँ ठाउँमा हास्यव्यङग्यको पनि प्रयोग रहेको बताएका छन् । यिनै आधारमा 'प्रेमपिण्ड' नाटकको विश्लेषण गर्दै पौडेलले यो शोधपत्र तयार पारेका छन् ।

**हस्तबहादुर खड्का, 'नाटककार बालकृष्ण समको 'मुकुन्द-इन्दिरा' नाटकको कृतिपरक अध्ययन' स्नातकोत्तर शोधपत्र, स्नातकोत्तर क्याम्पस नेपाली शिक्षण विभाग, विराटनगर ( २०५७), पृ. ७५ ।**

हस्तबहादुर खड्काले 'मुकुन्द-इन्दिरा' नाटकको कृतिपरक अध्ययन शीर्षकको शोधपत्र नेपाली शिक्षण विभाग विराटनगरको मातहतमा रही २०५७ सालमा तयार पारेका हुन् । प्रस्तुत शोधपत्र ५ परिच्छेदमा विभाजित रहेको छ । पहिलो परिच्छेदमा शोध परिचय, दोस्रो परिच्छेदमा विधागत परिचय जसमा नाटकसम्बन्धी पूर्वीय र पाश्चात्य धारणा प्रस्तुत गर्दै नाटकको संक्षिप्तपरम्परा पनि उल्लेख गरेका छन् भने तेस्रो परिच्छेदमा समको नाटकीय क्षेत्रमा योगदान, चौथो परिच्छेदमा 'मुकुन्द-इन्दिरा' नाटकको विभिन्न कोणबाट विश्लेषण र पाचौ परिच्छेद उपसंहार रहेको छ । प्रस्तुत शोधपत्र ७५ पृष्ठमा संरचित रहेको छ । प्रस्तुत शोधपत्रमा खड्काले नेपाली नाट्यसाहित्यको हिमशिखरमा पुग्न सफल महान् नाटककारका रूपमा बालकृष्ण समलाई चिनाउँदै उनको परिचय, उनको नाट्ययात्राको परिचय र नाटकसम्बन्धी पूर्वीय र पाश्चात्य धारणाहरूका साथै नाटकपरम्पराको समेत चर्चा गरेका छन् । खड्काले समको 'मुकुन्द इन्दिरा' नाटकको कथानक आदि मध्य र अन्त्यको क्रमिक श्रृङ्खलायुक्त रहेको बताएका छन् । खड्काले प्रस्तुत नाटकमा समले उचित देशकाल र वातावरणको सिर्जना गरी पात्रसुहाउदो भाषाशैलीको प्रयोग र विभिन्न अलङ्कारहरूको प्रयोग समेत गरेकोले रङ्गमञ्चीय आर्कषण पनि रहेको टिप्पणी गरेका छन् । खड्काले 'मुकुन्द

इन्दिरा' नाटकलेखनको मूल उद्देश्य नीतिचेतनाका दृष्टिले हिन्दू नारीहरूको पतिभक्ति, धर्मको महत्त्व र यसको प्रभाव देखाउनुका साथै राष्ट्रवादी चेतनाका दृष्टिले देशभक्तिको भावना देखाउनु रहेको कुरा उल्लेख गरेका छन् । प्रस्तुत शोधपत्रमा खड्काले सन्तानले आमाबाबुप्रति निर्दयी र नराम्रा व्यवहार गरेता पनि आमाबाबुको माया सन्तानप्रति अगाध रहेको हुन्छ भन्ने कुराको जानकारी दिएका छन् । पाश्चात्य मुलुकहरूको प्रभाव अनुसरण गर्दा असल कुराहरूको मात्र गर्नुपर्ने खड्काले बताएका छन् । यसरी प्रस्तुत शोधपत्रमा 'मुकुन्द इन्दिरा' नाटकलाई कथानक, देशकाल, चरित्र, भाषाशैली, संवाद, उद्देश्य, अभिनय पक्ष आदि सम्पूर्ण नाटकीय तत्त्वहरूको आधारमा खड्काले विश्लेषण गरेका छन्  यी सम्पूर्ण पक्षबाट केलाएर हेर्दा 'मुकुन्द इन्दिरा' नाटक उत्कृष्ट सुखान्त नाटकको रूपमा रहेको खड्काले उल्लेख गरेका छन् ।

**बुद्धिराम अधिकारी, 'स्वास्नीमान्छे' नाटकको कृतिपरक अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि.वि., कीर्तिपुर, २०५८, पृ. १३२ ।**

बुद्धिराम अधिकारीले 'स्वास्नीमान्छे' नाटकको कृतिपरक अध्ययन' शीर्षकको शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि.वि. को मातहतमा रही २०५८ सालमा तयार पारेका हुन् । यो शोधपत्र ५ परिच्छेदमा विभाजित रहेको छ भने आवश्यकताअनुसार विभिन्न उपशीर्षकहरूमा समेत विभाजित गरिएको छ । पहिलो परिच्छेदमा शोधपरिचय, दोस्रो परिच्छेदमा नाटकको सैद्धान्तिक स्वरूप, तेस्रो परिच्छेदमा नेपाली नाट्य परम्परा र नाटककार बालकृष्ण सम, चौथो परिच्छेदमा 'स्वास्नीमान्छे, नाटकको कृतिपरक विवेचना र पाँचौ परिच्छेदमा उपसंहार रहेको छ । प्रस्तुत शोधपत्र १३२ पृष्ठमा संरचित रहेको छ । अधिकारीले प्रस्तुत शोधपत्रमा समको साहित्यलेखनको तेस्रो चरणमा लेखिएको 'स्वास्नीमान्छे' नाटकले नेपाली साहित्यको विकासमा दिएको योगदानको साथै सैद्धान्तिक र नाट्यतत्त्वका आधारमा प्रस्तुत नाटकको अध्ययन र विश्लेषण गरेका छन् । प्रस्तुत शोधपत्रमा अधिकारीले नाटकको सैद्धान्तिक स्वरूपको चर्चा गर्दै पूर्वीय तथा पाश्चात्य नाट्यतत्त्व र नाट्यशिल्पहरूको पनि चर्चा गरेका छन् । अधिकारीले आधुनिक नेपाली नाटकको सुरुवात बालकृष्ण समको 'मुटुको व्यथा' (१९८६) बाट भएको बताउँदै समको नाट्ययात्रलाई चार चरणमा विभाजन गरेर उनको मुख्य नाट्यप्रवृत्तिहरूलाई केलाएका छन् । समका नाटकहरूमा उच्च बौद्धिकता तथा दार्शनिक चिन्तनका साथै मानवतावाद पनि रहेको कुरा अधिकारीले उल्लेख गरेका छन् । अधिकारीले नाटककार स्ट्रिन्डवर्गका नाटकहरूबाट प्रभावित भई नारीवादी अभिव्यञ्जनावादी शैलीमा लेखिएको प्रस्तुत

'स्वास्नीमान्छे' नाटकलाई नाटकीय तत्त्वका आधारमा विश्लेषण गरेका छन् । प्रस्तुत नाटकमा मानवजातिसँग संम्बन्धित युद्ध र शान्तिको विषयवस्तु रहेको कुरा अधिकारीले वताएका छन् । युद्ध र आतङ्कले त्रसित रहेको आजको समाजमा दशधारा दुध चुसाउने मातृत्वभावयुक्त नारीहरूले मात्र शान्ति ल्याउन सक्ने भएकोले समले हार्दिकता, अहिंसा र शान्ति प्राप्तिका लागि नारी सत्ताको कल्पना गरेको अधिकारीले उल्लेख गरेका छन् । अधिकारीले नाटकभरि स्वास्नीमान्छेहरूको व्यथा र चर्चा भएकोले शीर्षक सार्थक रहेको टिप्पणी गरेका छन् । अधिकारीले नेपाली कला संस्कृति, भेषभूषा र परिवेशको चर्चाले नाटकको परिवेश नेपाली रार्षट्रियताले भरिपूर्ण रहेको कुरा उल्लेख गरेका छन् । नाटकमा तत्सम, तद्भव र आगन्तुक शब्दहरूका साथै अनुकरणात्मक शब्द र उखानटुक्काको प्रयोग भएको अधिकारीले बताएका छन् । पात्रहरूको आ-आफ्ना पक्षमा अडिग रहेकै कारणले प्रमिलापुरी ध्वस्त भई नाटक दुःखान्तमा टुङ्गिएको र नारी र पुरुषको मेलबाटमात्र संसारमा प्रगति हुन सक्ने कुरा देखाउन समले यो नाटक रचना गरेको अधिकारीले प्रस्तुत शोधपत्रमा उल्लेख गरेका छन् ।

**हरिप्रसाद पाण्डेय, 'मुटुको व्यथा' नाटकको कृतिपरक अध्ययन', स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि.वि., कीर्तिपुर, २०५८, पृ. ९६ ।**

'मृटुको व्यथा' नाटकको कृतिपरक अध्ययन' शीर्षकको शोधपत्र हरिप्रसाद पाण्डेयद्वारा २०५८ सालमा लेखिएको हो । यो शोधपत्र ५ परिच्छेदमा संरचित रहेको छ । प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोधपरिचय, दोस्रो परिच्छेदमा नेपाली नाटकको उद्भव र विकास, तेस्रो परिच्छेदमा नाटकार बालकृष्ण समको जीवनी व्यक्तित्व र कृतित्व, चौथो परिच्छेदमा 'मुटुको व्यथा' नाटकको कृतिपरक विश्लेषण र पाँचौ परिच्छेदमा निष्कर्ष रहेको छ । यो शोधपत्र ९३ पृष्ठमा संरचित रहेको छ । पाण्डेले प्रस्तुत शोधपत्रमा 'मुटुको व्यथा' नाटकमा सामाजिक विषयवस्तु र दन्तेकथाश्रित मौलिक कथावस्तुलाई आधार वनाई विभिन्न पात्रहरूको सिर्जना गरी प्रेमको चतुष्कोणात्मक परिस्थितिको सृजना भएको उल्लेख गरेका छन् । 'मुटुको व्यथा' नाटकलाई मुटुको व्यथा अभिधात्माक रूपमा दैहिक रोग र लाक्षणिक रूपमा मानसिक व्यथा अर्थ्याईएको हुँदा यस नाटककी नायिका कपिलामा मुटु खाने व्यथा रहेको र कुनै पनि समय आकस्मिक घटनामा सो व्यथा बल्भिन सक्ने पाण्डेले टिप्पणी गरेका छन् । प्रस्तुत नाटकमा आदि मध्य र अन्त्यको श्रृङ्खलावद्ध प्रस्तुतिमा कथानक रहेको र कथावस्तुअनुकूलका पात्रको चयन गरिएको पाण्डेयले उल्लेख गरेका छन । पाण्डेले नाटकमा व्यक्ति - व्यक्तिवीचको आन्तरिक द्वन्द्व, व्यक्तिको आफ्नै परिस्थिति र

नियति र ईश्वरसितको बाहिरी द्वन्द्वसमेत सशक्त रहेको बताएका छन् । पाण्डेयले जुम्ला र काठमाडौंलाई कार्यपीठिका बनाइएको र प्रस्तुत नाटकका चारभञ्ज्याङभित्रकै कुनै स्थानको छाप रहेको बताइएका छन् । यस नाटकको मूल उद्देश्य प्रेमको मार्मिकता देखाउनु र पात्रहरूका मनोदशाको चित्रण गर्दै जीवनमा वियोगकै प्राधान्य छ भन्दै वियोगको संसारमा उभ्याउनु रहेको र पात्रहरूको सत्‌असत् प्रेम वा वास्तविक देखावटी प्रेमलाई प्रस्तुत गर्दै जीवनको शाश्वत सत्य वियोगान्तलाई प्रस्तुत गर्नु रहेको पाण्डेयले टिप्पणी गरेका छन् । विभिन्न चारित्रिक कमजोरी कै कारणले गर्दा पात्रहरूले दुःखान्तको शिकार बन्नु परेको पाण्डेयले बताएका छन् । प्रस्तुत नाटक पद्यमा लेखिएको भएता पनि कतै कतै गद्य भाषाको प्रयोग भएको र तत्सम, तद्‌भव र आगन्तुक शब्दहरूको प्रयोगका साथै उखान टुक्का अनुकरणात्मक शब्द र आलङ्कारिक भाषाको प्रयोगले नाटकको कवितात्मक भाषाशैली अत्यन्त उच्च साहित्यिक बन्न पुगेको पाण्डेयले उल्लेख गरेका छन् । अङ्क र दृश्यविधानको दृष्टिले अत्यन्त सफल र सशक्त रहेको प्रस्तुत नाटक स्थान र समयको अन्विति त्यति नभए तापनि कार्यान्वितिले गर्दा नाटक अभिनय र रङ्गमञ्चीय पक्षबाट सफल बन्न गएको पाण्डेयले उल्लेख गरेका छन् ।

**सन्तोष कार्की, 'मुकुन्द इन्दिरा नाटकको कृतिपरक अध्ययन, स्नातकोत्तर शोधपत्र त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं, २०५८, पृ. १०८ ।**

सन्तोष कार्कीले 'मुकुन्द-इन्दिरा' नाटकको कृतिपरक अध्ययन शीर्षकको शोत्रपत्र २०५८ सालमा त्रिभुवन विश्वविद्यालयको निर्देशनमा तयार पारेका हुन् । उनको प्रस्तुत शोत्रपत्रमा ४ परिच्छेद रहेको छ भने यो जम्मा १०८ पृष्ठमा संरचित रहेको छ । प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोधको परिचय, दोस्रो परिच्छेदमा नाटकको सैद्धान्तिक स्वरूप, तेस्रो परिच्छेदमा 'मुकुन्द -इन्दिरा' नाटकको कृतिपरक अध्ययन र चौथो परिच्छेदमा शोध निष्कर्ष रहेको छ । प्रस्तुत शोधपत्रमा कार्कीले नाटकको सैद्धान्तिक स्वरूपको चर्चा गर्दै नाटक अध्ययन विश्लेषण गर्नको लागि नाट्यतत्त्वहरूको अनिवार्यता रहेको कुरा उल्लेख गरेका छन् । पूर्वीय र पाश्चात्य नाटककारबाट प्रेरित र प्रभावित समले सामाजिक विषयवस्तुलाई मौलिकता प्रदान गर्दै 'मुकुन्द-इन्दिरा' नाटकको रचना गरेको कार्कीले टिप्पणी गरेका छन् । यस नाटकको कथानक आदि, मध्य र अन्त्यको श्रृङ्खलित रूपमा रहेको र कथावस्तुमा कुतुहलता र सम्भाव्यताका साथै गतिमयता पनि रहेको कार्कीले बताएका छन् । कथावस्तुअनुकूलका विविध सत् तथा असत् प्रवृत्तिका पात्रहरूको सिर्जना गरिएको प्रस्तुत नाटकमा बाह्य र आन्तरिक दुवै किसिमका द्वन्द्वको प्रयोग गरिएको कार्कीले बताएका छन् ।

कार्कीले संवादयोजनामा काव्यात्मकता, कलात्मता, दर्शनिकता, तार्किकता र उच्चभावयुक्त रहेको बताएका छन् । देशभित्र र देशबाहिर गरी दुई समाजको सामाजिक, सांस्कृतिक वातावरण र त्यसले पारेको प्रभावलाई सफल तरिकाले प्रस्तुत गरिएको कार्कीले उल्लेख गरेका छन् । प्रस्तुत नाटकको मूल उद्देश्य पतिप्रेम देखाउनुका साथै आफ्नो देश भाषा र संस्कृतिप्रतिको प्रेमलाई देखाउनु रहेको धारणा कार्कीले व्यक्त गरेका छन् । प्रस्तुत नाटकको भाषाशैली परिष्कृत, परिमार्जित र बोधगम्य रहनुका साथै ठाउँ ठाउँमा तत्सम तद्भव र आगन्तुक शब्दहरूको प्रयोग रहेको कार्कीले उल्लेख गरेका छन् । प्रस्तुत नाटकमा बालविवाह, शिक्षा आर्जन गर्न विदेशी मुलुकमा जानुपर्ने बाध्यता विदेशी प्रभावबाट उनीहरूको सोचाईमा आएको परिवर्तन र त्यसले उत्पन्न गराएको समस्यालाई मूल रूपमा देखाइएको कार्कीले टिप्पणी गरेका छन् । विविध अङ्क र दृश्यहरूमा विभाजित प्रस्तुत नाटक अभिनय र रङ्गमञ्चीय दृष्टिले पनि सफल रहेको कार्कीले उल्लेख गरेका छन् । यसरी प्रस्तुत शोधपत्रमा कार्कीले 'मुकुन्द-इन्दिरा नाटकलाई नाटकीय तत्त्वका आधारमा विश्लेषण गरेका छन् ।

**भीष्मप्रसाद श्रेष्ठ, 'प्रल्हाद नाटकको कृतिपरक अध्ययन', स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, २०५९, पृ. १२५ ।**

'प्रल्हाद' नाटकको कृतिपरक अध्ययन' शीर्षकको शोधपत्र भीष्मप्रसाद श्रेष्ठद्वारा २०५९ सालमा त्रि.वि. को मातहतमा रही तयार पारिएको हो । प्रस्तुत शोधपत्रमा ४ परिच्छेद रहेको छ । पहिलो परिच्छेदमा शोधपरिचय, दोस्रो परिच्छेदमा नाटकको सैद्धान्तिक स्वरूप, तेस्रो परिच्छेदमा 'प्रल्हाद' नाटकको कृतिपरक अध्ययन र चौथो परिच्छेदमा शोध निष्कर्ष रहेको छ । प्रस्तुत शोधपत्र १२५ पृष्ठमा संरचित रहेको छ । प्रस्तुत शोधपत्रमा श्रेष्ठले नाटकको सैद्धान्तिक स्वरूपको चर्चा गर्दै पूर्वीय पाश्चात्य र नेपाली नाटकको उद्भव र विकासको जानकारी दिएका छन् । पौराणिक विषयवस्तुमा आधारित रहेर लेखिएको 'प्रल्हाद' नाटकको कथावस्तु आदि, मध्य र अन्त्यमा आबद्ध रहेको श्रेष्ठले उल्लेख गरेका छन् । श्रेष्ठले अध्यात्मवादी र ज्ञानवादीका पक्षमा प्रल्हाद र भौतिकवादी र विज्ञानवादीका पक्षमा हिरण्यकशिपुलाई उभ्याई यी दुई बीचको वैचारिक द्वन्द्व सशक्त रूपमा आएको देखाइएको छ । प्रस्तुत नाटकको संवादयोजनामा सरलता नभई अलङ्कृतता, काव्यात्मकता, बौद्धिकता र दार्शनिकताको प्रयोग भएको श्रेष्ठले उल्लेख गरेका छन् । पौराणिक कालको कथावस्तु रहेता पनि कथामा काल्पनिक र अस्वभाविक पक्षलाई हटाई वास्तविकता र मौलिकता दिई पौराणिक घटनालाई ऐतिहासिकता दिएको हुनाले समय ऐतिहासिक देखाउन

खोजिएको श्रेष्ठले टिप्पणी गरेका छन् । पद्यात्मक भाषामा लेखिएको प्रस्तुत नाटकको भाषाशैली जटिल काव्यात्मक र आलङ्कारिक रहनुका साथै बौद्धिकता र दार्शनिकताको प्रयोगले सामान्य पाठकको लागि दुर्बोध्य रहेको भएता पनि तद्भव, आगन्तुक र झर्रो नेपाली शब्दहरूको प्रयोग आकर्षक ढङ्गले गरिएको श्रेष्ठले प्रस्तुत शोधपत्रमा टिप्पणी गरेका छन् । श्रेष्ठले ज्ञान र विज्ञान अनि अध्यात्मवाद र भौतिकवादको समन्वयबाट नै संसारमा शान्ति र विकास सम्भव छ भन्ने देखाउनु यस नाटकको मूल उद्देश्य रहेको बताएका छन् । नाटकको अङ्क दृश्यविधान अन्तर्गत अन्वितित्रयको पालना गरिएको छोटो छरितो सुन्दर, कलात्मक प्रभावपूर्ण, सुसंगठित र कार्यकारण श्रृङ्खलामा अधारित रहेता पनि अभिनयका दृष्टिले  नाटक कमजोर रहेको श्रेष्ठले टिप्पणी गरेका छन् । प्रस्तुत नाटकको शीर्षक केन्द्रीय पात्र प्रल्हादको नामबाट राखिएको, सम्पूर्ण कथावस्तु उनकै केन्द्रीयतामा रहेको र अन्त्यमा प्रल्हादको जित देखाइएको हुँदा अभिधात्मक र प्रतीकात्मक दुवै दृष्टिले शीर्षक सार्थक रहेको श्रेष्ठले उल्लेख गरेका छन् । जीवन जगत्लाई उल्टो-सुल्टो पक्ष विपक्ष सबैतिरबाट हेर्न सक्ने दृष्टि हुनुपर्छ भन्ने उद्देश्य यस नाटकले लिएको श्रेष्ठले उल्लेख गरेका छन् ।

**कर्णबहादुर कार्की, 'भीमसेनको अन्त्य, नाटकको कृतिपरक अध्ययन', स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, २०५९, पृ. १०० ।**

कर्णवहादुर कार्कीले 'भीमसेनको अन्त्य' नाटकको कृतिपरक अध्ययन शीर्षकको शोधपत्र त्रि.वि. को निर्देशनमा २०५९ सालमा तयार पारेका हुन् । प्रस्तुत शोधपत्र ४ परिच्छेदमा विभाजित रहेको छ । जसअन्तर्गत पहिलो परिच्छेदमा शोधपत्रको परिचय, दोस्रो परिच्छेदमा नाटकको सैद्धान्तिक स्वरूप, तेस्रो परिच्छेदमा 'भीमसेनको अन्त्य' नाटकको कृतिपरक अध्ययन र चौथो परिच्छेदमा शोधनिष्कर्ष रहेको छ । प्रस्तुत शोधपत्र १०० पृष्ठमा संरचित रहेको छ । कार्कीले प्रस्तुत शोधपत्रमा नाटकको सैद्धान्तिक स्वरूपको चर्चा गर्दै नाटकीय तत्त्वहरूको पनि उल्लेख गरेका छन् । कार्कीले समको साहित्यिक व्यक्तित्वको चर्चा गर्दै उनको ऐतिहासिक कथावस्तुमा आधारित रहेको 'भीमसेनको अन्त्य' नाटकलाई नाटकीय तत्त्वका आधारमा विश्लेषण गरेका छन् । प्रस्तुत नाटकको शीर्षक नायकका नामबाट राखिएको, नायक कै केन्द्रीयतामा कथावस्तु आधारित रहेकोले अन्त्य शब्दको प्रयोगले अभिधात्मक रूपमा नै यो दुःखान्त हो भन्ने संकेत प्राप्त भएको हुँदा प्रस्तुत नाटकको शीर्षक सार्थक रहेको कार्कीले उल्लेख गरेका छन् । ऐतिहासिक कथावस्तुमा काल्पनिकता भर्दै लेखिएको प्रस्तुत नाटक आदि मध्य र अन्त्यको क्रमिक श्रृङ्खलामा आबद्ध रहेको कार्कीले टिप्पणी गरेका छन् । कार्कीले प्रस्तुत नाटकमा तत्कालीन समयको यथार्थलाई

देखाउने उच्चवर्गदेखि निम्नवर्गसम्मका नेतृत्व हुने पात्रको चयन गरिएको बताएका छन् । कार्कीले पात्रको स्तर अनुरूपको संवादयोजना प्रयोग गरिएको प्रस्तुत नाटकमा बाह्य तथा आन्तरिक दुवै द्वन्द्वको प्रयोग गरिएको टिप्पणी गरेका छन् । कार्कीले राजदरबार र त्यसको वरिपरि घटित घटनालाई देखाइएको प्रस्तुत नाटकको भाषा पद्य अत्यानुप्रास विहीन अनुष्टुप छन्दमा लेखिएको बताएका छन् । प्रस्तुत नाटकको भाषाशैली अन्यन्तै सरल र वोलचालको स्तरको रहेको र तद्भव, तत्सम र आगन्तुक शब्दहरू तथा अनुकरणात्मक शब्दहरूको प्रयोगले नाटक आर्कषक बनेको कार्कीले जानकारी दिएका छन् । राजनैतिक गतिविधिहरू समावेश रहेको यस नाटकमा दरबारिया षडयन्त्र, घातप्रतिघात, वैमनस्यता छलकपट सत्तामा पुग्नको होडबाजी, एक अर्काको खुट्टा तान्ने प्रवृत्ति आदि कारणले नाटक दुःखान्त बन्न पुगेको कार्कीले बताएका छन् । षड्यन्त्रकारीहरूको षड्यन्त्रले गर्दा भीमसेन थापाजस्तो देशभक्त, राजभक्त र कर्तव्यनिष्ठ योग्य प्रधानमन्त्रीले पनि आत्महत्या गर्न वाध्य भएको घटनालाई यहाँ प्रस्तुत गरिएको छ । सबैले प्रतिशोधका भावनालाई बिर्सी देश र जनताका निम्ति एकता कायम गरी पारस्परिक प्रेम व्यवहार फैलाउनाले समग्र शान्ति र सु-व्यवस्था कायम हुन्छ भन्ने सन्देश यस नाटकको रहेको कार्कीले टिप्पणी गरेका छन् । कार्कीले प्रस्तुत नाटकको अङ्कविधान छोटो छरितो र प्रभावपूर्ण रहेको बताउँदै अभिनयका दृष्टिले पनि यो नाटक निकै सफल रहेको प्रस्तुत शोधपत्रमा उल्लेख गरेका छन् ।

**दयाराम मैनाली, 'अमरसिंह' नाटकको कृतिपरक विवेचना', स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तपुर, २०५९, पृ. १७९ ।**

दयाराम मैनालीद्वारा लेखिएको 'अमरसिंह' नाटकको कृतिपरक विवेचना' शीर्षकको शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि.वि. को निर्देशनमा २०५९ सालमा तयार पारिएको हो । प्रस्तुत शोधपत्र ४ परिच्छेदमा विभाजित रहेको छ । जसअन्तर्गत पहिलो परिच्छेदमा शोधपत्रको परिचय, दोस्रो परिच्छेदमा नाटकको सैद्धान्तिक स्वरूपको चर्चा, तेस्रो परिच्छेदमा 'अमरसिंह' नाटकको कृतिपरक विवेचना र चौथो परिच्छेदमा उपसंहार तथा निष्कर्ष रहेको छ । प्रस्तुत शोधपत्र १७९ पृष्ठमा संरचित रहेको छ । मैनालीले प्रस्तुत शोधपत्रमा नाटकको सैद्धान्तिक स्वरूपको चर्चा गर्दै पूर्वीय र पाश्चात्य नाटकको विकासक्रमका साथै नेपाली नाटकको विकासक्रमलाई पनि केलाएका छन् । ऐतिहासिक विषयवस्तुलाई लिएर केही मौलिकपन भर्दै लेखिएको समको 'अमरसिंह' नाटकलाई मैनालीले नाटकीय तत्त्वका आधारमा विश्लेषण गरेका छन् । प्रस्तुत नाटकको कथानक प्रारम्भ, विकास, उत्कर्ष, अपकर्ष र समापनको ढाँचामा विन्यास गरिएको हुँदा वृत्ताकारीय ढाँचामा रचिएको मैनालीले टिप्पणी

गरेका छन् । प्रस्तुत नाटक द्वन्द्वकै कारणले दुःखान्तमा परिणत भएको हुँदा आन्तरिक र बाह्य दुवै द्वन्द्व ज्यादै सशक्त रूपमा प्रयोग गरिएको मैनालीले टिप्पणी गरेका छन् । कथावस्तु अनुकूलका विविध पात्रहरूको सिर्जना गरिएको प्रस्तुत नाटकमा तत्कालीन नेपाली समाजको झलक दिन सक्ने मैनालीले बताएका छन् । गद्य भाषामा सवादको रचना गरिएको प्रस्तुत नाटकमा पात्रको स्तर र भूमिका अनुकूलको संवाद प्रयोग गरिएको हुँदा संवाद ओजपूर्ण, भावनात्मक, उपदेशात्मक, दार्शनिक व्यङयात्मक र हास्यपूर्ण रहेको मैनालीले उल्लेख गरेका छन् । प्रस्तुत नाटकको अङ्कविधान छोटो छरितो र प्रभावपूर्ण रहेको र कतिपय लामालामा संवाद र कवितात्मक अभिव्यक्तिले गर्दा नाटकको अभिनयमा बाधा देखिएता पनि यो नाटक ठाउँ ठाउँमा अभिनय समेत भइसकेकोले अभिनयका दृष्टिले सफल मान्न सकिने विचार मैनालीको रहेको छ । गद्यमय, पद्यमय र अंग्रेजी भाषाको प्रयोग गरिएको यस नाटकमा अलङ्कार र उखान टुक्काहरूको प्रयोगले नाटकलाई रोचक बनाएको मैनालीले उल्लेख गरेका छन् । प्रस्तुत नाटकमा तत्कालीन राजनैतिक अवस्था, सामाजिक अवस्था, समाजको आर्थिक स्थिति, धार्मिक विश्वास छुवाछुत प्रथा, सतीप्रथा, नारी र पुरुषमा देखिएको भेदभावका साथै समाजमा देखिएका विकृति र विसङ्गतिको झलक देख्न सकिने मैनालीले टिप्पणी गरेका छन् । यस नाटकको मूल उद्देश्य देशप्रेम र वीरताको अवर्णनीय अभिव्यक्ति प्रस्तुत गर्दै नेपाली जातिको स्वभिमान र आत्मसम्मानलाई खडा गराउनु रहेको मैनालीले बताएका छन् । कुटनैतिक क्षमता र व्यवहारिक अनुभव भएको राजनीतिक नेतृत्वले गर्दा नेपाली वीरताले झुक्नु परेको यथार्थलाई प्रस्तुत गरिएको र नेपाली इतिहासका युद्धवीर अमरसिंह थापालाई सम्पूर्ण नेपालीको माझमा परिचित गराउनु यस नाटकको उद्देश्य रहेको मैनालीले टिप्पणी गरेका छन् ।

**जानुका पौडेल, 'ध्रुव नाटकको कृतिपरक अध्ययन', स्नातकोतर शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर,२०५९, पृ. ९८ ।**

'ध्रुव' नाटकको कृतिपरक अध्ययन' शीर्षकको शोधपत्र जानुका पौडेलद्वारा २०५९ सालमा त्रि.वि. को निर्देशनमा तयार पारिएको हो । प्रस्तुत शोधपत्र ५ परिच्छेदमा विभाजित रहेको छ । प्रस्तुत शोधपत्रको पहिलो परिच्छेद शोध परिचय, दोस्रो परिच्छेद नाटकको सैद्धान्तिक स्वरूप, तेस्रो परिच्छेद नाटककार समको कृतित्व, चौथो परिच्छेद 'ध्रुव' नाटकको विवेचना र पाँचौ परिच्छेद उपसंहार रहेको छ । प्रस्तुत शोधपत्र ९८ पृष्ठमा संरचित रहेको छ । प्रस्तुत शोधपत्रमा पौडेलले नाटकको सैद्धान्तिक स्वरूपको चर्चा गर्दै नाटककार समको साहित्ययात्रालाई ४ चरणमा विभाजित गरी समका विभिन्न पूर्णाङ्की तथा एकाङ्की नाटकहरू

बारे उल्लेख गरेकी छिन् । पौडेलले समका नाटकहरूलाई अङ्कविधान, शैली, विषय र परिणामका आधारमा वर्गीकरण गर्दै पौराणिक कथावस्तुलाई लिएर रचना गरिएको ध्रुव नाटकलाई नाटकीय तत्त्वका आधारमा विश्लेषण गरेकी छिन् । प्रस्तुत नाटकको शीर्षक प्रमुख पात्र ध्रुवको नामबाट राखिएको र सम्पूर्ण कथावस्तु ध्रुवमा नै आवद्ध रहेको हुँदा नाटकको शीर्षक सार्थक रहेको पौडेलले बताएकी छिन् । कथावस्तु अनुकूलको सीमित पात्रहरूको प्रयोग भएको प्रस्तुत नाटक पात्रप्रयोगका दृष्टिकोणबाट पनि सफल रहेको पौडेलले टिप्पणी गरेकी छिन् । दरबारिया र दरबारबाहिरको दुवै वातावरण प्रस्तुत गरिएको यस नाटकको भाषा पद्यात्मक रहेको हुँदा कतिपय संवादमा जटिलता आएको र संवादमा पनि एकरूपता नभएको पौडेलले उल्लेख गरेकी छिन् । प्रस्तुत नाटकमा आन्तरिक र बाह्य दुवै द्वन्द्वको प्रयोग भएता पनि बाह्य द्वन्द्व ज्यादै टड्कारो रूपमा देखिएको र अभिनय पक्षबाट हेर्दा प्रस्तुत नाटकमा कठिनाई उत्पन्न भएको पौडेलले बताएकी छिन् । पौडेलले प्रस्तुत नाटकको मूल उद्देश्य पारिवारिक जीवनमा सौता-सौताबीचको कलह अशान्तिकारी हुन्छ, तिखो वचन र दुर्व्यवहारले बालकको हृदयलाई ठूलो चोट पर्दछ । उनीहरू विविध समस्यामा अल्झिन पुग्दछन् र दृढ निश्चयी भइ काम कर्तव्यमा लागि परे अवश्य लक्ष्यमा पुग्न सकिन्छ भन्ने रहेको कुरा उल्लेख गरेकी छिन् । पौराणिक विषयवस्तुलाई वर्तमान युगअनुसार प्रस्तुत गरेर परिवारिक सामाजिक र राजनैतिक मेलतर्फ सचेत गराउनु समको मुख्य उद्देश्य रहेको कुरा पौडेलले प्रस्तुत शोधपत्रमा उल्लेख गरेकी छिन् ।

**माधवप्रसाद ढुङ्गेल, 'प्रेमपिण्ड'को चलचित्रात्मक अध्ययन', स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि.वि., कीर्तिपुर, २०६०, पृ. १२४ ।**

माधवप्रसाद ढुङ्गेलद्वारा 'प्रेमपिण्ड'को चलचित्रात्मक अध्ययन' शीर्षकको शोधपत्र त्रि.वि. मातहतमा रही २०६० सालमा तयार पारिएको हो । प्रस्तुत शोधपत्र सात परिच्छेदमा विभाजित रहेको छ । पहिलो परिच्छेद शोधपत्रको परिचय, दोस्रो परिच्छेद चलचित्र सिद्धान्त, तेस्रो परिच्छेद कलाको विकास र प्रेमपिण्ड चलचित्र', चौथो परिच्छेद प्रेमपिण्डको सर्वेक्षण, पाचौ परिच्छेद चलचित्र प्रेमपिण्डको विश्लेषण, छैठौं परिच्छेद 'प्रेमपिण्ड' नाटकको चलचित्रात्मक रूपान्तरण र सातौ परिच्छेद उपसंहार रहेको छ । प्रस्तुत शोधपत्र १२४ पृष्ठमा संरचित रहेको छ । ढुङ्गेलले प्रस्तुत शोधपत्रमा चलचित्र सिद्धान्तको चर्चा गर्दै 'प्रेमपिण्ड' नाटकको चलचित्रात्मक रूपबाट अध्ययन गरेका छन् । उक्त नाटकलाई चलचित्रात्मक स्वरूपमा ढाल्ने काम यादव खरेलले गरेकोले उनलाई प्रेमपिण्ड चलचित्रको स्रष्टाका रूपमा चिन्न सकिने ढुङ्गेलले बताएका छन् । ढुङ्गेलले ऐतिहासिक विषयवस्तुलाई

लिएको र दरवारिया प्रेमप्रसङ्गलाई मुख्य विषय बनाएको प्रस्तुत चलचित्रमा सविता, नकुल र एडविलको त्रिकोणात्मक प्रेमसम्बन्धलाई देखाइएको ढुङ्गेलले जानकारी दिएका छन् । कथानकको विकास रेखीय ढाँचामा भएको र घटनाहरू कार्यकारण श्रृङ्खलामा आबद्ध रहेकोले नाटकभन्दा पनि छोटो र खदिलो रहनुका साथै खरेलले नाटकका अनावश्यक पात्रहरू हटाई प्रसङ्गअनुसार पात्रहरू मिसाउने कार्य गरेका ढुङ्गेलले उल्लेख गरेका छन् । बिम्ब-प्रतीक र लयात्मकताका कारण चलचित्रका संवादहरू काव्यिक र सौन्दर्यपूर्ण रहेको ढुङ्गेलले बताएका छन् । चित्रकला र मूर्तिकलाको प्रशस्त उपयोग गरिएको प्रेमपिण्ड चलचित्रमा नेपाली संस्कृतिलाई झल्काउने विविध दृश्यहरूको प्रयोग गरिएको ढुङ्गेलले टिपपणी गरेका छन् । अधिकाशं दृश्यहरू दरबारभित्रै सीमित रहेको हुँदा प्रकृतिअवलोकनको अपेक्षाकृत कम रहेको प्रस्तुत चलचित्रमा भेषभूषा र श्रृङ्गार पक्ष आकर्षक रहेको ढुङ्गेलले उल्लेख गरेका छन् । उक्त चलचित्रमा २००७ साल पूर्वका शोषकवर्गका गतिविधिहरू प्रस्तुत गर्दै शोषकहरूको भोगविलास, आडम्वर र क्रुरताका बीच हुर्किएको आत्मीय प्रेम र प्राप्तिका लागि गर्नुपर्ने चुनौतीपूर्ण संघर्षलाई अत्यन्त मार्मिक ढङ्गमा प्रस्तुत गरिएको ढुङ्गेलले टिप्पणी गरेका छन् । प्रस्तुत चलचित्रमा आत्मिक सुख नै ठूलो सुख हो भनी भौतिक सुखलाई तुच्छ रूपमा देखाइएको र प्रेम धनसम्पति जस्ता कुराहरूले प्राप्त गर्न सकिदैन भन्दै मानवीय दुर्वलताका कारणले नै मानिस दुःखमा पर्ने हुँदा यही कारणले गर्दा चलचित्र 'प्रेमपिण्ड' पनि दुःखान्तमा गएर टुङ्गिएको हो भनी ढुङ्गेलले उल्लेख गरेका छन् । प्रस्तुत शोधपत्रमा ढुङ्गेलले साहित्यिक कृतिमाथि निर्माण गरिएकोले यस चलचित्रमा विधा परिवर्तनका कारणले परिवर्तित भएको र घटना, प्रसङ्ग तथा चरित्रहरूलाई हटाउने वा सीमित पार्ने कार्य गरिनुका साथै र गीत र नृत्यहरू थपिएको जानकारी दिएका छन् । यादव खरेलद्वारा निर्मित 'प्रेमपिण्ड' नेपाली भाषाको गौरवमय चलचित्र कृतिका रूपमा प्रतिष्ठित रहेको र नेपाली चलचित्र क्षेत्रको एउटा सुन्दर नमुना बन्न सकेको कुरा ढुङ्गेलले उल्लेख गरेका छन् ।

**विष्णुप्रसाद नेपाल, 'अमितवासना नाटकको कृतिपरक अध्ययन' स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, २०६१, पृ. १०९ ।**

'अमितवासना' नाटकको कृतिपरक अध्ययन' शीर्षकको शोधपत्र विष्णुप्रसाद नेपालद्वारा २०६१ सालमा त्रिभुवन विश्वविद्यालयको निर्देशनमा तयार पारिएको हो । प्रस्तुत शोधपत्रमा ५ परिच्छेद रहेको छ । जसअर्न्तगत पहिलो परिच्छेद शोधपत्रको परिचय, दोस्रो परिच्छेद नाटकको सैद्धान्तिक स्वरूप, तेस्रो परिच्छेदमा नेपाली नाटकको उद्भव र विकास र बालकृष्ण सम, चौथो परिच्छेद 'अमितवासना' नाटकको कृतिपरक विश्लेषण र पाँचौ

परिच्छेद निष्कर्ष र उपसंहार रहेको छ । प्रस्तुत शोधपत्र १०९ पृष्ठमा संरचित रहेको छ । प्रस्तुत शोधपत्रमा नेपालले बालकृष्ण समको संक्षिप्त जीवनीको चर्चा गर्दै उनलाई साहित्य रचना गर्ने प्रेरणा पारिवारिक पृष्ठभूमिबाट प्राप्त भएको बताउँदै उनका प्रकाशित पूर्णाङ्की तथा एकाङ्की नाटकहरूको उल्लेख गरेका छन् । नेपालले समका नाट्यकृतिहरूलाई अङ्कविधान, शैली, विषय, परिणाम आदिका दृष्टिले वर्गीकरण गर्दै उनको सामाजिक विषयवस्तुलाई लिएर लेखिएको ‘अमितवासना’ नाटकको विश्लेषण गरेका छन् । प्रस्तुत नाटककी नायिका गुराँसभित्रको असीमित यौन चाहनाले गर्दा धेरै व्यक्तिहरूसँग सम्पर्क गर्दै हिड्नाले र अमितवासनाको अर्थ असीमित कामवासना रहेको हुँदा नाटकको शीर्षक पनि सार्थक रहेको नेपालले बताएका छन् । प्रस्तुत नाटकको कथानकमा आदि मध्य र अन्त्यको श्रृङ्खलाबद्ध प्रस्तुति रहनुका साथै कुतूहलता र हास्यव्यङ्ग्यको प्रयोग सचेतता साथ गरिएको नेपालले टिप्पणी गरेका छन् । कथावस्तु अनुकूलका विविध सत्पात्र असत्पात्र, बालपात्र, लोकपात्र आदि पात्रहरूको चयन गरिएको प्रस्तुत नाटकको संवाद योजना गद्यप्रधान रहेको र कतिपय संवादमा दार्शनिकता र बौद्धिकता जस्ता विशेषता रहेको नेपालले टिप्पणी गरेका छन् । बाह्य र आन्तरिक दुवै द्वन्द्वको प्रयोग गरिएको प्रस्तुत नाटकमा व्यक्ति व्यक्तिका बीच र व्यक्तिको आफ्नै परिस्थिति तथा नियतिसँगको द्वन्द्वलाई देखाइएको नेपालले बताएका छन् । परिवेशविधानका दृष्टिले प्रस्तुत नाटक त्रिशूली र काठमाडौंको कार्यपिठिकामा रचिएको नेपालले उल्लेख गरेका छन् । प्रस्तुत नाटकमा परिष्कृत परिमार्जित भाषाशैलीको प्रयोग गर्दै विविध तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग, उखान टुक्का, अनुकरणात्मक शब्द र निपातको प्रयोगको साथै आलङ्करिक भाषाको प्रयोगले नाटक उच्च साहित्यिक बन्न पुगेको कुरा नेपालले उल्लेख गरेका छन् । नेपालले प्रस्तुत नाटक अङ्कविधान र अभिनयका दृष्टिले सफल रहेको जानकारी दिएका छन् । प्रस्तुत नाटकमा पात्रले आफ्नै चारित्रिक कमजोरीका कारणले विविध समस्या भेल्नुपरेको र असत् प्रवृत्ति भएका पात्रहरूलाई सत्मार्गमा फर्काउनु र अत्यन्त असहाय र उपेक्षित मान्छेलाई दिगो प्रेम गर्नु नै मानवतावाद हो भन्दै मानवतावादी भावनालाई नेपालले प्रस्तुत शोधपत्रमा उल्लेख गरेका छन् । वासना र संयमका बीच प्रेमको मार्मिकता देखाउनुका साथै व्यक्ति व्यक्तिले स्नेह, सद्भावना सहानुभूतिको बाटोमा हिड्नु र वासनात्मक प्रेमले गर्दा आफ्नो अस्तित्वलाई धमिलिन दिनु हुदैन भन्ने मूल सन्देश यस नाटकको रहेको नेपालले उल्लेख गरेका छन् ।

**रीता घिमिरे, 'अन्धवेग' नाटकको कृतिपरक अध्ययन', स्नातकोत्तर शोधपत्र, त्रिचन्द्र क्याम्पस, घण्टाघर, काठमाडौं, २०६२, पृ. १०७।**

रीता घिमिरेले 'अन्धवेग' नाटकको कृतिपरक अध्ययन' शीर्षकको शोधपत्र त्रिचन्द्र क्याम्पस घण्टाघरको निर्देशनमा २०६३ सालमा तयार पारेकी हुन् । प्रस्तुत शोधपत्र ५ परिच्छेदमा विभाजित रहेको छ । पहिलो परिच्छेद शोधपत्रको परिचय, दोस्रो परिच्छेदमा बालकृष्ण समको नाट्ययात्रा र प्रवृत्ति, तेस्रो परिच्छेदमा संरचनागत तत्त्वका आधारमा 'अन्धवेग' नाटकको अध्ययन, चौथो परिच्छेदमा प्रवृत्तिगत आधारमा अन्धवेग नाटकको अध्ययन र पाँचौ परिच्छेदमा उपसंहार वा निष्कर्ष रहेको छ। प्रस्तुत शोधपत्रमा घिमिरेले बालकृष्ण समको जीवनी व्यक्तित्व र कृतित्वको सङ्क्षिप्त परिचय दिदै समयको नाट्ययात्राका विभिन्न चरणहरूका नाट्यप्रवृत्तिको चर्चा गरेकी छिन् । घिमिरेले अन्धवेग नाटकलाई संरचनाग ततत्त्वका आधारमा र प्रवृत्तिगत आधारमा विश्लेषण गरेकी छिन् । नेपाली साहित्यमा नाट्यसम्राट्का रूपमा परिचित समले साहित्यका नाटक कथा, कविता, निबन्ध, प्रबन्ध आत्मजीवनी आदि विधामा कलम चलाउनुका साथै सामाजिक, ऐतिहासिक, पौराणिक र स्वैरकल्पना आदि विषयमा आधारित रही नाटक सिर्जना गरेको घिमिरेले उल्लेख गरेकी छिन्। घिमिरेले समले मुटुको व्यथा' नाटकसँगै माध्यमिककालीन नाट्यप्रवृत्तिलाई बिदा दिदै एवं पूर्वीय र पाश्चात्य योजनाका विविध शैलीलाई आत्मसात् गर्दै नेपाली नाट्यक्षेत्रमा आधुनिक कालको सुरुवात गरेको बताएकी छिन् । घिमिरेले समलाई मानवतावादी वैज्ञानिक अध्यात्मवादी वा आध्यत्मिक भौतिकवादीका साथै सुधारवादी साहित्यकारका रूपमा चिनाएकी छिन् । घिमिरेले संरचनागत आधारमा अन्धवेग नाटकलाई विश्लेषण गरेकी छिन् । उनले कथावस्तु, चरित्रचित्रण, परिवेश, संवाद, भाषाशैली, उद्देश्य, अभिनय, द्वन्द्व आदिका आधारमा प्रस्तुत नाटकको विश्लेषण गरेकी छिन् भने प्रवृत्तिगत आधारमा उनले सामाजिक यथार्थवादी प्रवृत्तिका आधारमा, आदर्शोन्मुख यथार्थवादी प्रवृत्तिका आधारमा, स्वच्छन्दतावादी प्रवृत्तिका आधारमा, मनोवैज्ञानिक प्रवृत्तिका आधारमा र नियतिवादी प्रवृत्तिका आधारमा नटकको विश्लेषण गरेकी छिन् । प्रस्तुत नाटकमा प्रेम गर्नु पाप होइन तर आफूलाई सुहाउदो व्यक्तिसँग मात्र प्रेम गरेमा सफलता मिल्छ भन्दै कामवासनाले मानवजीवनलाई नै तहसनहस पारिदिन्छ भनी मानिस आदर्शवान् बन्न सक्नुपर्छ भन्ने कुरालाई प्रस्तुत गर्नु यस नाटकको उद्देश्य रहेको घिमिरेले उल्लेख गरेकी छिन् । यस नाटकको माध्यमबाट नाटककारले जातीय एवं व्यक्तिका अह्मका कारण

मानिसले दुःखान्त स्थितिको सामना गर्नुपर्ने र वासनात्मक प्रेमले सफलता प्राप्त गर्न सक्दैन भनी सामाजिक यथार्थताको बारेमा प्रष्ट पार्न खोजेको घिमिरेले बताएकी छिन् ।

**अशोक थापा, 'तानसेनको झरी' नाटकको कृतिपरक अध्ययन', स्नाकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि.वि., कीर्तिपुर, २०६२ ।**

अशोक थापाद्वारा लेखिएको 'तानसेनको झरी नाटकको कृतिपरक अध्ययन' शीर्षकको शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि.वि. को मातहतमा रही २०६२ सालमा तयार पारिएको हो । प्रस्तुत शोधपत्र ५ परिच्छेदमा संरचित रहेको छ । प्रस्तुत शोधपत्रको पहिलो परिच्छेद शोधपत्रको परिचय, दोस्रो परिच्छेद समको संक्षिप्त परिचय र नेपाली नाटकमा उनको योगदान, तेस्रो परिच्छेद पाश्चात्य दुःखान्त नाट्यतत्त्वका आधारमा 'तानसेनको झरी' नाटकको विश्लेषण, चौथो परिच्छेदमा 'तानसेनको झरी' नाटकको कृतिपरक अध्ययन र पाँचौ परिच्छेदमा उपसंहार रहेको छ । प्रस्तुत शोधपत्रमा थापाले बालकृष्ण समको परिचय दिदै उनको नेपाली नाटकको क्षेत्रमा ऐतिहासिक, गुणात्मक र संख्यात्मक योगदान रहेको कुरा उल्लेख गरेका छन् । थापाले पाश्चात्य दुःखान्त नाटकको उद्भवको चर्चा गर्दै नेपाली नाट्य साहित्यमा दुःखान्त नाटकको प्रयोग क-कसबाट के - कसरी नेपालमा आएको हो भन्ने कुरा प्रष्ट पारेका छन् । थापाले संरचनागत विश्लेषणका रूपमा विभिन्न शीर्षक, उपशीर्षकहरूमा विभाजन गरी यस कृतिको विश्लेषण गरेका छन् । विषय परिचय, विभाजन, सङ्गठन, वस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिविन्दु, भाषाशैली विन्यास आदि आधारमा रहेर थापाले यस नाटकको विश्लेषण गरेका छन् । समाजको यथार्थ घटनालाई टिपेर परिष्कारपूर्ण शैलीशिल्प यस नाटकमा प्रस्तुत गरिएको थापाले बताएका छन् । थापाले यस नाटकले नेपाली नाटकको क्षेत्रमा एउटा कालको स्थापना गरेको र मानव जीवनको समस्याको रूपमा प्रेमलाई देखाइएको उल्लेख गरेका छन् । प्रस्तुत नाटकमा दुष्ट मानिसलाई पनि सत्मार्गमा ल्याउने ओखतीको रूपमा प्रेमलाई लिइएको र वासनात्मक प्रेमभन्दा भावनात्मक प्रेम गहिरो हुन्छ र भावनात्मक प्रेम गर्नेहरू आफ्नो देह जलेर खरानी हुँदा पनि प्रेममा लीन हुन्छन् भन्ने कुरा थापाले उल्लेख गरेका छन् । समान अवसरप्राप्त नगर्दा दुई वन्धुका बीचमा कस्ता खालका द्वन्द्वहरू देखा पर्छन् र त्यसको परिणाम कति दुःखद हुन्छ भन्ने देखाउन खोज्नु यस नाटकको उदेश्य रहेको थापाले टिप्पणी गरेका छन् ।

**पद्मप्रसाद निरौला, 'ऊ मरेकी छैन' नाटकको कृतिपरक अध्ययन' स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि.वि., कीर्तिपुर, २०६२ ।**

पद्मप्रसाद निरौलाले, 'ऊ मेरेकी छैन' नाटकको कृतिपरक अध्ययन शीर्षकको शोधपत्र तयार पारेका छन् । यो शोधपत्र त्रिभुवन विश्वविद्यालय कीर्तिपुरको मातहतमा रही वि.सं. २०६२ सालमा पारिएको हो । ५ परिच्छेदमा विभाजित प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोधपत्रको परिचय, दोस्रो परिच्छेदमा नाटकको सिद्धान्त, तेस्रो परिच्छेदमा 'ऊ मरेकी छैन' नाटकको कृतिपरक अध्ययन, चौथो, परिच्छेदमा उपसंहार खण्ड र पाचौ परिचछेदमा सन्दर्भ सूचीहरू रहेको छ । प्रस्तुत शोधपत्रमा निरौलाले नाटकका सिद्धान्तहरू प्रस्तुत गर्दै पौराणिक कथावस्तुमा आधारित रही रचना गरिएको 'ऊ मरेकी छैन' नाटकको चर्चा गरेका छन् । प्रस्तुत नाटकमा धार्मिक, सामाजिक, दार्शनिक, आध्यात्मिक चेतना र आत्मिक प्रेमको सुन्दर समन्विति रहेको निरौलाले उल्लेख गरेका छन् । प्रेमको अमरताको प्रतिनिधित्व गर्ने प्रस्तुत नाटकमा प्रेम अमर हुन्छ भन्ने कुरा देखाउँदै कान्तिजस्ती एउटी कलकलाउँदी यौवनवस्थाकी नारी सामाजिक मनोरञ्जननात्मक कार्यहरूप्रति नलागी आध्यात्मिक संसारतर्फ उनको झुकाव रहेको तथ्य स्पष्ट देखाइएको निरौलाले उल्लेख गरेका छन् । निरौलाले समयको घटनाचक्रले मानवजीवनको मोडलाई नै बदलिदिने र मानिसको सोचाइमा पनि परिवर्तन ल्याइदिने टिप्पणी गरेका छन् । यस नाटकमा सामाजिक संस्कार, मूल्य मान्यता र अन्धविश्वासहरू विद्यमान रहनुका साथै ज्योतिषशास्त्रप्रतिको समाजको विश्वास र नियतिवादी प्रवृत्तिको पनि चित्रण गरेको निरौलाले टिप्पणी गरेका छन् । प्रस्तुत नाटकमा भौतिक-दैहिक सुख-सन्तोष पाउने रहरको प्रेम नभई आध्यात्मिक भावबाट निःसृत प्रेमलाई मूल विषय बनाइएको निरौलाले उल्लेख गरेका छन् । जोगी शिवगिरिको पुरुषत्वमाथि कान्ति नारीको नरम हृदयले मृत्युपश्चात् भएपनि विजय प्राप्त गरेको र वास्तवमा जीवन र प्रेम तथा नारी र पुरुष कुनै न कुनै रूपमा एक अर्काका पूरक भएर रहेका हुन्छन् भन्ने कुरा निरौलाले उल्लेख गरेका छन् । समको पहिलो प्रयोगधर्मी नाटकको रूपमा रहेको 'ऊ मरेकी छैन' नाटक दैवी धरातलबाट मानवीय धरातलमा राखेर प्रस्तुत गरिएको हुँदा यस नाटकको हरेक पक्षबाट अध्ययन र विश्लेषण गर्दा सफल रहेको निरौलाले टिप्पणी गरेका छन् ।

# पाँचौ परिच्छेद

## शोधनिष्कर्ष

बालकृष्ण समसम्बन्धी अध्ययन परम्परा भन्ने शीर्षकमा गरिएको प्रस्तुत शोधपत्रमा २०४१ सालदेखि २०६६ सालसम्म समका बारेमा गरिएका पुस्तककार, फुटकर कृति, लेखरचना र शोधकार्यहरूको अध्ययनलाई ५ परिच्छेदमा विभाजित गरिएको छ । प्रस्तुत शोधपत्रको पहिलो परिच्छेद शोध परिचयसँग सम्बन्धित रहेको छ भने पाचौ परिच्छेद शोधनिष्कर्षको रूपमा रहेको छ । यस शोधपत्रमा दोस्रो परिच्छेददेखि चौथो परिच्छेदसम्म समका सम्बन्धमा गरिएका विविध अध्ययनहरूको निष्कर्ष तल दिएको छ ।

१. नेपाली साहित्यका बहुमुखी प्रतिभा बालकृष्ण समले साहित्यका विविध विधा (कथा, कविता, नाटक, निबन्ध, आत्मजीवनी) मा कलम चलाएका छन् । समले विविध विधामा कलम चलाएता पनि यिनको मुख्य योगदान भने नाटकको क्षेत्रमा रहेको छ । बालकृष्ण सम नेपाली नाटकमा क्षेत्रमा आधुनिक कालको प्रवर्तकका रूपमा परिचित छन् । समका नाटकहरू अन्य नाटककारहरूको तुलनामा परिमाणात्मक र गुणात्मक दुवै दृष्टिले उत्कृष्ट रहेका छन् । यस्ता प्रतिभाशाली व्यक्तित्व बालकृष्ण समका बारेमा विभिन्न विद्वानहरूले उनको व्यक्तित्व, कृतित्व र साहित्यका विविध विधामा गरेका योगदान आदिलाई विषय बनाई अध्ययन तथा सर्वेक्षण गर्दै आएको पाइन्छ ।

२. बालकृष्ण समका सम्बन्धमा धेरै पहिले देखि नै विभिन्न विद्वानहरूले अध्ययन गर्दै आएको पाइन्छ । प्रस्तुत शोधपत्रमा २०४१ देखि २०६६ सालसम्म समका बारेमा भएका अध्ययनहरूलाई प्रस्तुत गरिएको छ यी अध्ययनहरू पुस्तकाकार कृतिका रूपमा, पत्रपत्रिकामा प्रकाशित लेखका रूपमा, पुस्तकभित्र फुटकर तथा लामा लेखका रूपमा रहेका छन् । त्यसैगरी कुनै शोधकार्य र विधावारिधि शोधप्रबन्धका रूपमा पनि गरेका छन् । कतिपय विद्वानहरूले सम विशेषाङ्क रूपमा पत्रिका प्रकाशित गरी उनका बारेमा अध्ययन गरेका छन् भने उनको विषयमा लेखिएको लेखसङ्ग्रह पनि प्रकाशित भएको पाईन्छ ।

३. समका सम्बन्धमा अध्ययन गर्ने विभिन्न विद्वानहरूले समको व्यक्तित्व र कृतित्वमा केन्द्रित रहेर विभिन्न पुस्तकाकार कृतिहरू प्रकाशित गरेका छन् । प्रस्तुत शोधपत्रको अध्ययनको क्षेत्र २०४१ देखि २०६६ साल सम्म रहेको हुँदा उक्त अवधिमा भएका पुस्तककार कृतिहरूलाई उल्लेख गरिएको छ । यस्ता पुस्तकाकार कृतिहरूमा ३ टा

पुस्तक र एउटा लेखसङ्ग्रह समकै विषयमा केन्द्रित छन् । त्यसैगरी ४० वटा जति विभिन्न विषयका पुस्तक नाटक, कथा, कविता, निबन्ध आदि विधा लगायत अन्य विधाहरूमा चाहिँ आंशिक रूपमा समको बारेमा चर्चा भएका पुस्तक यस शोधपत्रमा उल्लेख गरिएको छ । यद्यपि समका सम्बन्धमा चर्चा भएका पुस्तकहरू ४५ जति पाइन्छन् ।

४. विभिन्न लेखकहरूले समको व्यक्तित्व, कृतित्व र समको योगदानको बारेमा विभिन्न पत्रपत्रिकाहरूमा अध्ययन गर्दै आएको पाइन्छ । प्रस्तुत शोधपत्रमा २०४१ देखि २०६६ साल सम्म समका बारेमा गरिएका अध्ययनहरूलाई समेटिएको हुँदा उक्त अवधिमा समका बारेमा अध्ययन गरी लेखिएका विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर लेखहरू ६० वटा जति पाइन्छ । त्यसैगरी समकै विषयमा केन्द्रित रहेको गरिमा पत्रिकाको सम विशेषाङ्क (२०५९) पनि प्रकाशित भएको पाइन्छ ।

५. त्यसैगरी समका विविध विधाहरूलाई लिएर विद्यावारिधि शोधप्रबन्ध र स्नातकोत्तरीय शोधकार्यका रूपमा अध्ययन हुँदै आएको पाइन्छ । प्रस्तुत शोधपत्रमा २०४१ सालदेखि २०६६ सालसम्म भएको शोधपत्रहरूलाई राखिएको छ । उक्त अवधिमा भएका शोधकार्यहरूलाई आधार मानेर भन्नु पर्दा समका सम्बन्धमा पूरा भइसकेका विद्यावारिधि शोधप्रबन्ध ३ वटा र स्नातकोत्तरीय शोधपत्र १६ वटा फेला पर्न आएको छ ।

समका बारेमा गरिएका विभिन्न अध्ययनहरूमा अधिकांशले समको कृतित्वको चर्चा गरेका छन् । उनको नाट्यकारिताको बारेमा पनि केही मात्रामा अध्ययन गरिएको पाइन्छ । त्यसैगरी उनका जीवनी, कथा, कविता र निबन्धलाई लिएर पनि अध्ययन गरिएको पाइन्छ ।

नेपाली साहित्यका बहुमुखी प्रतिभाशाली व्यक्तित्व समका सम्बन्धमा विभिन्न लेखक, समालोचक, साहित्य प्रेमी, समीक्षक र अनुसन्धाताहरूले संस्मरण, समालोचना, विश्लेषण, टिप्पणी, प्रशंशा, अनुन्धानकार्य तथा सर्वेक्षणका रूपमा कलम चलाएको पाइन्छ । समका व्यक्तित्व, विधागत, कृतिगत र कृतिमा निहित विभिन्न पक्षका सन्दर्भमा विभिन्न स्नातकोत्तरीय शोधकार्य र विद्यावारिधि शोधप्रबन्ध पनि भएको पाइन्छ । समका सम्बन्धमा सामान्य छलफल भएका छोटा छरिता लेखदेखि पुस्तकाकार सिङ्गो कृतिका रूपमा पनि प्रकाशित भएको पाइन्छ । नेपाली साहित्यका नाट्यसम्राट् बालकृष्ण समका सम्बन्धमा अझ धेरै अध्ययन हुनु सम्भव नै छ । यस शोधपत्रमा उपलब्ध तथा सम्भव भएसम्मका अध्ययनहरूलाई समेट्ने प्रयास गरिएता पनि यस्ता प्रतिभाशाली व्यक्तित्वका विषयमा

गरिएका अध्ययनहरू यति मात्र हुन् भन्न उपयुक्त हुदैन । अध्ययनको क्षेत्र व्यापक भएकोले विभिन्न लेख, संस्था, पत्रपत्रिका आदिले समका बारेमा गरेका कतिपय अध्ययनहरूलाई यहाँ समेट्न सकिएको छैन । समका सम्बन्धमा गरिएका जे-जति अध्ययन उपलब्ध भए तिनलाई समेटेर यो शोधपत्र तयार भएको छ ।

बालकृष्ण समका बारेमा अध्ययन हुन सक्ने सम्भावित शोधशीर्षकहरू

- बालकृष्ण समका नाटकमा व्याप्त देशभक्ति भावना
- बलाकृष्ण समका नाटकमा प्रयुक्त ऐतिहासिक पात्रहरू
- बालकृष्ण समका नाटकका नारी पात्रहरू

# सन्दर्भग्रन्थसूची


अधिकारी, अम्बिकाप्रसाद, **साहित्यिक समालोचना** (वानेश्वरः श्रीमती लक्ष्मी अधिकारी, २०५३) ।

अधिकारी, पूर्णप्रसाद, **उन्ययन**, अङ्क २२, २०५३, 'राष्ट्रवादी मान्यताको परिधिमा अमरसिंह नाटकको समीक्षण, पृ. ९५ - ११३ ।

अधिकारी, बुद्धिराम, 'स्वास्नीमान्छे नाटकको कृतिपरक अध्ययन' स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर २०५२ ।

अधिकारी, रविलाल, **गोविन्द भट्टका समालोचना** (बगर फाउण्डेसन नेपाल, २०५५ प्र.सं.) ।

अवस्थी, महादेव, **गोधुलि,** पूर्णाङ्क ९, २०५५, 'ऊ मेरकी छैन' नाटकका विशेषता प्राप्ति र अप्राप्ति' पृ. ६१-६७ ।

आजाद, ऋषि, **हाम्रो पुरुषार्थ**, वर्ष २९, अंक ९, २०५९, 'बालकृष्ण सम र 'स्वर्ग र देवता' पृ. १४९-१५१ ।

उपाध्याय, केशवप्रसाद, समको दुःखान्त नाट्यचेतना', विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि. कीर्तिपुर, २०४१ ।

_________, **मधुपर्क,** वर्ष १९, अङ्क ९ २०४३, 'नाट्यसम्राट् बालकृष्ण समसँग केही छिन, पृ. १६-२३ ।

_________, **समको दुःखान्त नाट्यचेतना** (काठमाडौंः साझा प्रकाशन २०४५, प्र.स.), नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

_________, **गरिमा,** वर्ष १२, अङ्क २ २०५० 'बालकृष्ण समको नाटकहरूको रङ्गमञ्चीय चर्चा', पृ. १४-२० ।

_________, **गरिमा,** वर्ष १२, अङ्क ५ २०५१ 'बालकृष्ण समको नाट्यप्रवृत्ति' २४८-२५८ ।

_________, **गरिमा,** वर्ष १२, अङ्क ५, २०५१ 'अमरसिंह' र 'भीमसेनको अन्त्य' नाटकको तुलनात्मक अध्ययन, पृ. ३१२-३२० ।

_________, **मधुपर्क,** वर्ष २९, अङ्क ४, २०५३, 'सुखान्त-दुःखान्त नाट्यकलाको आलोकमा 'प्रल्हाद' नाटक', पृ. ६१-६५ ।

_________, **गरिमा,** वर्ष १५, अङ्क २, पूर्णाङ्क १७०, २०५३ समका तीन अपूर्ण नाट्यकृति, पृ. ७-९ ।

_________, **नाटकहरूको अध्ययन** (काठमाडौंः साझा प्रकाशन २०५६) ।

_________, **गरिमा,** वर्ष २३, अङ्क ८, २०६२, 'नेपाली एकाङ्कीका क्षेत्रमा बालकृष्ण समको योगदान', पृ. ३८-४६ ।

उपाध्याय, नरहरि, **गरिमा,** वर्ष २२, अङ्क ७, २०६१, 'अमरसिंह नाटकको बहुपक्षीय अध्ययन', पृ. ४२-५६ ।

कार्की, कर्णबहादर, 'भीमसेनको अन्त्य' नाटकको कृतिपरक अध्ययन' त्रि.वि., कीर्तिपुर, २०५९ स्नातकोत्तर शोधपत्र ।

कार्की, बेनुबहादुर, **कुञ्जिनी**, वर्ष १३, अङ्क १०, २०६२/६३ यौन विकृतिमूलक नाटक 'अमितवासना' पृ. १५८-१६० ।

कार्की, सन्तोष, 'मुकुन्द-इन्दिरा' नाटकको कृतिपरक अध्ययन' त्रि.वि., कीर्तिपुर, २०५९, स्नातकोत्तर शोधपत्र ।

कोइराला, कुमारप्रसाद, **समकालीन साहित्य**, वर्ष १४, अङ्क ४, २०६१  समका नाटकमा द्वन्द्वको स्वरूप', पृ. १००-१२१ ।

खड्का, हस्तबहादुर, 'नाटककार बालकृष्ण समको 'मुकुन्द-इन्दिरा' नाटकको कृतिपरक अध्ययन', स्नातकोत्तर शोधपत्र नेपाली शिक्षण विभाग, विराटनगर ।

खनाल, अर्जुन, **कुञ्जिनी**, वर्ष १२, अङ्क १, २०६१/६२, 'बालकृष्ण सम र उनका ऐतिहासिक नाटकहरू', पृ. ११५-११९ ।

खनाल, गोविन्दराम, 'चिसो चुल्हो' महाकाव्यको संक्षिप्त अध्ययन, स्नाकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर, २०५४ ।

गार्गी, **केही समीक्षा** (काठमाडौं भागीरथ काफ्ले २०४१ प्र.स.) 'चिसो चुल्हो' हेर्दा', पृ. ६१-७५ ।

गौतम, कृष्ण, **मधुपर्क,** वर्ष २१, अङ्क २, पूर्णङ्क २३०, २०४५, 'मनोवैज्ञानिक दृष्टिकोणभित्र समको प्रल्हाद नाटक', पृ. ५१-५४ ।

गौतम, कृष्ण, '**आधुनिक आलोचना अनेक रूप, अनेक गठन**', (काठमाडौंः साझा प्रकाशन, २०५०, प्र.स.)

गौतम, कृष्ण, **'सिर्जनाको सुवास'** (काठमाडौंः साझा प्रकाशन २०५६ प्र.स.) ।

घिमिरे, कृष्णप्रसाद, **कुञ्जिनी**, वर्ष ११, अङ्क ८, २०६० 'नालापानीमा' एकाङ्कीको ऐतिहासिक तथ्य-कथ्य', पृ.५४-५७ ।

घिमिरे, डुकुलराज, **हाम्रो पुरुषार्थ**, वर्ष २९, अङ्क , २०५९, 'बालकृष्ण समको 'म' नाटकबारे सङ्क्षिप्त चर्चा', पृ. १०९-११४ ।

घिमिरे, रघु, **'सिर्जना र दृष्टि'** (पुल्चोक : ललितपुरः साझा प्रकाशन, २०५१ प्र.सं.) ।

घिमिरे, रीता, २०६२ 'अन्धवेग' नाटकको कृतिपरक अध्ययन' स्नातकोत्तर शोधपत्र, त्रिचन्द्र क्याम्पस, घण्टाघर ।

जोशी, कोशला, **नेपाली साहित्यकाशका सात तारा** (प्रकाशकः कुमारबहादुर जोशी २०४४, प्र.सं.)

ढकाल, जय प्रकाश, **'साहित्य र संस्कृति'** (शनिश्चरे झापाः जय ढकाल २०५२ प्र.स.) ।

त्रिपाठी, वासुदेव, **नेपाली साहित्य श्रृङ्खला** (काठमाडौंः थापाथली, एकता बुक्स डिस्ट्रिव्युटर्स प्रा.लि. २०५२, प्र.स.) ।

त्रिपाठी, सुधा, **कुञ्जिनी,** वर्ष ११, अंक ७, २०६० 'चिसो चुल्हो' महाकाव्यमा नारी चिन्तन' पृष्ठ, २६-३९ ।

थापा, अशोक, 'तानसेनको झरी' नाटकको कृतिपरक अध्ययन' स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर २०६२ ।

_________, **कुञ्जिनी**, वर्ष १२, अङ्क १, २०६१-६२, नाटककार बालकृष्ण समका नाट्य प्रयोग र उनको मूल्याङ्कन, पृ. ६९-- ।

थापा, मोहनहिमांशु, **गरिमा,** वर्ष ९, अङ्क २, २०४७, 'नेपाली नाट्यकलामा समको योगदान' पृ. ६९-७० ।

_________, **रश्मि वाङ्मय** विशेषाङ्क, २०४९, 'बालकृष्ण समको नाटक प्रवृत्तिको आधारभूमि', पृ. ३९-४९ ।

_________, **मिर्मिरे,** वर्ष २३, अङ्क ८, २०५१ 'बालकृष्ण समपूर्वको नाट्यकला', पृ. १९७-२०१ ।

_________, **रजनी,** वर्ष २, अङ्क २, २०५३, 'ऊ मरेकी छैन' नाटकको विवेचना', पृ. १६-२० ।

_________, **कुञ्जिनी**, वर्ष ५, अङ्क ३ , २०५४, 'प्रल्हाद' नाटकको वस्तुविन्यास', पृ. ६२-६४ ।

_________, **मधुपर्क**, वर्ष ३१, अङ्क ४, २०५५, 'बालकृष्ण समका नाटकमा हाँस्यव्यङ्ग्य', पृ. ७२-७५ ।

_________, **सम शतवार्षिकी स्मारिका**, २०६० नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

दाहाल, खेम, **मिर्मिरे,** वर्ष २५, अङ्क ६, २०५३, 'अन्धवेग नाटक र मानवीय दुर्वलता', पृ. ५२-५८ ।

दीक्षित, कमलमणि, **हिमाल,** वर्ष १०, अङ्क २२, २०५७, 'एउटा प्रशंसकको सम्झनामा', पृ. ३६-३८ ।

धिताल, मीरादेवी, 'बालकृष्ण समका सामाजिक सुखान्त नाटक', स्नातकोत्तर शोधपत्र त्रि.वि. कीर्तिपुर २०४६ ।

_________, **मधुपर्क**, वर्ष २९, अङ्क ५, २०५३, 'तलमाथि' नाटकको विवेचना', पृ. ५१-५३ ।

नेपाल, विष्णुप्रसाद, 'अमितवासना नाटकको कृतिपरक अध्ययन', स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर २०६१ ।

नेपाल, शैलुन्दुप्रकाश, शारदा अधिकारी, **पारख प्रयत्न**, (प्रकाशक : अनामिका प्रकाशन), २०५५ ।

निरौला, पद्मप्रसाद, 'ऊ मरेकी छैन' नाटकको कृतिपरक अध्ययन', स्नातकोत्तर शोधपत्र त्रि.वि. कीर्तिपुर, २०६२ ।

न्यौपाने घनश्याम, **गरिमा,** वर्ष २१, अङ्क १२, २०६०, 'समको विधाधनं सर्वधनं प्रधनम् एकाङ्की एक विवेचना', पृ. ३६-४१ ।

_________,**समकालीन साहित्य**, वर्ष ५, अङ्क ३, पूर्णाङ्क १९, २०५२, दुःखान्त नाटकको रूपमा अन्धवेगको समीक्षण, पृ. ११३-११८ ।

_________, **साहित्य सन्दर्भ** (नारायणी बुक्स एण्ड स्टेशनर्स, विर्ता विरगञ्ज, २०५५ प्र.स) ।

न्यौपाने, महेश्वर **'साधरण नेपाली** (काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०५३, प्र.स) ।

पन्त, जनकराज, **कुञ्जिनी**, वर्ष १, अङ्क १, २०४६, 'समको 'बुहार्तन' एकाङ्की एक विवेचना', पृ. ७८-८० ।

पराजुली, गोपाल, **गरिमा समविशेषाङ्क** वर्ष २१, अङ्क ३, पूर्णाङ्क २४३, फागुन, २०५९ ।

पहाडी, वामदेव, **आलोचनाको वृत्त**, (कमलादीः नेपाल राजकीयप्रज्ञा प्रतिष्ठान, २०५४) ।

पाठक, शुकेश्वर, **तन्नेरी**, वर्ष ११, अङ्क ५, २०४६, 'मुकुन्द इन्दिरा' एक विवेचना', पृ. १०८-१०९ ।

पाण्डे, हरिप्रसाद, 'मुटुको व्यथा' नाटकको कृतिपरक अध्ययन', स्नातकोत्तर शोधपत्र त्रि.वि., कीर्तिपुर, २०५८ ।

पोखरेल, रामचन्द्र, **गरिमा**, वर्ष १३, अङ्क २, पूर्णाङ्क १४६, २०५१, 'मुटुको व्यथा एक अध्ययन', पृ. ४२-६१ ।

__________, **'नेपाली नाटक सिद्धान्त र समीक्षा',** (काठमाडौंः विद्यार्थी पुस्तक भण्डार २०६२ प्र.स) ।

__________, 'बालकृष्ण समको ऐतिहासिक नाटकको विश्लेषण विद्यावारिधि शोधप्रबन्ध', पृथ्वीनारायण क्याम्पस, पोखरा २०६३ ।

__________, **ऐतिहासिक नाटक र नाटककार बालकृष्ण सम,** (काठमाडौंः भुँडीपुराण प्रकाशन, २०६५, प्र.स.)

पौडेल, जानुका, 'ध्रुव' नाटकको कृतिपरक अध्ययन', स्नातकोत्तर शोधपत्र त्रि.वि., कीर्तिपुर २०५९ ।

पौडेल, योगेन्द्र, **कुञ्जिनी**, वर्ष १३, अङ्क १०, २०६२-६३, 'सम र उनको 'स्वर्ग र देवता' कविता', पृ.१११-११३ ।

पौडेल, शेषनाथ, 'प्रेमपिण्ड' नाटकको विश्लेषण र मूल्याङ्कन', स्नातकोत्तर शोधपत्र, त्रिचन्द्र क्याम्पस घण्टाघर, काठमाडौं ।

पौडेल, राम, **आधुनिक नेपाली कथामा बालमनोविज्ञान** (लेखक स्वयं प्रकाशन २०६३ प्र.सं.)

प्रधान, शिव, बृहत् **समालोचना** (बालुवाखानीः गान्तोक प्रकाशन, २०४५, प्र.स.) ।

प्रसाई, इन्दिरा र नरेन्द्र, २०५४, **एउटा अमर प्राज्ञ बालकृष्ण सम,** बालकृष्ण फाउण्डेशन, घट्टेकुलो, अनामनगर ।

बराल, ईश्वर, २०५५, **बालकृष्ण समः व्यक्तित्व र कृतित्व,** बालकृष्ण सम फाउण्डेशन घट्टेकुलो, अनामनगर, (प्र.स.) ।

बराल, कृष्णहरि, **समकालीन साहित्य,** वर्ष ४, अङ्क ४, २०५१ 'रणदुल्लभ' एकाङ्कीको विश्लेषण', पृ. ४८-६२ ।

भट्टराई घटराज **नेपाली साहित्यकार परिचय कोश,** (काठमाडौंः नेशनल रिसर्च एशोसियट्स २०५१ प्र.स.) ।

भट्टराई, घटराज, **मधुपर्क** वर्ष २९, अङ्क १० २०५३, 'बालकृष्ण सम र नेपाली व्याकरण', पृ. ४५ ।

भट्टराई, प्रभा, 'चिसो चुल्हो' महाकाव्य कि कविता सङ्ग्रह', **मिर्मिरे,** वर्ष २७, अङ्क १, पूर्णाङ्क १५६, २०५५, पृ.१९-२२ ।

भट्टराई, रवीन्द्र, **शारदा,** वर्ष १, अङ्क ५, २०६४ 'महाकाव्यकार बालकृष्ण समको 'चिसो चुल्हो', पृ. १३१-१३४ ।

मैनाली, दयाराम, 'अमरसिंह' नाटकको कृतिपरक विवेचना' स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर, (२०५९) ।

मैनाली, युवराज, **मिर्मिरे,** वर्ष २३, अङ्क ७, २०५३, 'नेपाली नाटकको विकासक्रममा बालकृष्ण सम', पृ. ६४-६२ ।

__________, **शारदा,** वर्ष १, अङ्क १०, २०६४ 'रङ्गमञ्चीय दृष्टिकोणमा 'प्रल्हाद', पृ. ३९-४२ ।

__________, **शारदा** वर्ष २, अङ्क ४, २०६५ 'पौराणिक नाटक 'ध्रुव' र 'प्रल्हाद'को तुलनात्मक विवेचना', पृ. ६६-६९ ।

राकेश, रामदयाल, **रचनाको रसास्वादन**, (काठमाडौँः सफारी नेपाल नयाँ बानेश्वर, २०५१) ।

लामिछाने, कपिल, **नेपाली साहित्यको सेरोफेरो**, (विधार्थी पुस्तक भण्डार, २०५८, प्र.स.) ।

शर्मा, गोपालप्रसाद, **गरिमा,** वर्ष २, अङ्क ७, २०४१ 'समको 'म' नाटक एक विवेचनात्मक अध्ययन', पृष्ठ ८२-८५ ।

शर्मा, गोपीकृष्ण, **अवलोकन र विवेचन,** (भोटाहिटीः रत्न पुस्तक भण्डार, २०४४ प्र.स.) ।

शर्मा, देवी, **शोध र समीक्षा**, (प्रकाशकः नेपाली नारी साहित्य सेवा केन्द्र, २०४५ प्र.स.) ।

शर्मा, बाबुराम, **गरिमा**, वर्ष १४, अङ्क २, पूर्णाङ्क १५८, 'प्रवृतिगत सन्दर्भमा समको 'तलतल' कथाको विश्लेषण', पृ.८४-८८ ।

शर्मा, हिरामणि, **समालोचनाको बाटोमा,** (चितीपानीः इन्दिरा शर्मा २०४१ प्र.स.) ।

शास्त्री, हरिहर, **आधुनिक गद्य कविताको स्वरुप,** (काठमाडौंः साहित्य पत्रकार संघ, २०५१ प्र.स.) ।

शाह, कृष्ण, **मधुपर्क,** वर्ष १४, अङ्क ११, पूर्णाङ्क ४६६, २०६४, 'आधुनिक नेपाली रङ्गमञ्चमा बालकृष्ण सम', पृष्ठ-२८-३० ।

श्रेष्ठ, ईश्वरकुमार, **नेपाली साहित्यका केही विधा, दृष्टिकोण र अभिव्यक्ति** , (भक्तपुरः पुस्तक सदन, २०५१) ।

_________, **गरिमा** , वर्ष १७, अङ्क ६, २०५६, 'बालकृष्ण समको नाट्यप्रवृति', पृ.६८-७४ ।

श्रेष्ठ, दयाराम, **गरिमा**, वर्ष १८, अङ्क ३, पूर्णाङ्क १९४, २०४२, 'समको व्यापकताको आयाम', पृ.१६-२० ।

सुवेदी, दधिराज, **नेपाली वाङ्मयका विशिष्ट साधक र उनको साधनाको अभिरेखाङ्कन** (विराटनगरः पूर्वाञ्चल साहित्य प्रकाशन, २०४४ प्र.स.) ।

सुवेदी, देवीप्रसाद, **'अभिव्यक्ति र विश्लेषण',** प्रकाशक : स्वयम् लेखक, २०५८ प्र.सं ।

_________, **गरिमा**, वर्ष १६, अङ्क ६, २०५५, 'मुकुन्द इन्दिरा'की इन्दिराको आदर्श नारीत्व प्रस्थापनाको विश्लेषण', पृ.६८-७२ ।

_________, **महान् विभूति बालकृष्ण सम,** (लेखनाथ सडक सोह्रखुट्टेः नेपाली शिक्षा परिषद्, २०५९ प्र.स. ।

सुवेदी, हंसपुरे, **गरिमा**, वर्ष २६, अङ्क २, २०६४, 'महान् कवि बालकृष्ण सम', पृ.४६-५० ।